# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क १०४



## विराटनगर पञ्चन्यालीको अन्तरकथा
- खगेन्द्र संग्रौला




# ओरालो लागेको अर्थतन्त्र



## दरवार र माओवादी आम्नेसाम्ने
# भीडन्त कि वार्ता ?



मूल्य रु. २५/-, भारतमा भा.रु. १८/-




Instant Finance* available in Kathmandu

• 180 cc, 15 BHP with electric starter and disc brake - **Price Rs. 1,31,900/-** • 150 cc, 12 BHP with electric starter and disc brake - **Price Rs. 1,17,900/-** • 150 cc, 12 BHP with disc brake - **Price Rs. 1,09,900/-**

**To check out your Pulsar visit any of the following showrooms.**

Bhatbhateni Super Market Complex, Tel: 438104; Bhaktapur, Tel: 611777; Pokhara, Tel: 22315; Narayangadh, Tel: 23689; Rajbiraj,Tel: 20502; Birgunj, Tel: 22646; Hetauda, Tel: 20265; Lahan, Tel: 60987; Biratnagar, Tel: 24476; Janakpur, Tel: 21300; Dharan, Tel: 22682; Damak, Tel: 82096; Dang, Tel: 60743; Dhangadi, Tel: 22058; Birtamode, Tel: 40028; Butwal, Tel: 44549; Bhairawa, Tel: 22967; Palpa, Tel: 20946; Nepalgunj, Tel: 22751;Taulihawa, Tel: 60416, Ilam, Tel: 40236, Mahakali Tel: 24311.

HH Sole Authorised Dealer :
**Hansraj Hulaschand & Co. Pvt. Ltd.**
Teku Road, Kathmandu, Ph. No.: 220094 / 230001

( Conditions Apply)*

Kawasaki
NEPAL'S LARGEST SELLING BIKES

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष- २१, पूर्णाङ्क- १०४
पुस-माघ - २०५९



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**सम्पादक**
हरिगोविन्द लुइँटेल

**सम्पादक मण्डल**
गोविन्द वर्तमान
तुल्सीदास महर्जन
राजेन्द्र महर्जन
विष्णुदेवी श्रेष्ठ

**प्रबन्ध निर्देशक**
स्नेह सायमि

**कार्यालय व्यवस्थापक**
वीरप्रसाद भंसारी

**विज्ञापन व्यवस्थापक**
श्याम खड्का

**बजार व्यवस्थापक**
दुर्गा खड्का


**सहायक बजार व्यवस्थापक**
जमुनाप्रसाद चौधरी



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

कार्यालय
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
क - ३/८०, टेकू, काठमाडौं-१२
फोन/फ्याक्स : २६८७९१ /२१९०८५
पो. ब. नं. ७०५०, काठमाडौं
इमेल : yuwa@ntc.net.np

मूल्य : रु. २५/-



## दरवार र माओवादी आम्नेसाम्ने भीडन्त कि वार्ता ?

७

### औराली लागेको अर्थतन्त्र

**गरीबी घटाउने प्रयास र परिणाम उल्टो दिशामा**
- दीपेन्द्रबहादुर क्षेत्री

१०

**देशको अर्थतन्त्र झन् ओरालो लाग्दै जानेछ**
- शंकर शर्मा

१४

१६

**जनताको मुठी बन्दूकको शक्तिभन्दा बलियो हुन्छ**
डा. मथुराप्रसाद श्रेष्ठसँग कुराकानी



ब्राजिल :
**सहभागितामूलक प्रजातन्त्र समाजवाद नढल्ने प्रक्रिया**



४०

## विराटनगर पञ्चऱ्यालीको अन्तरकथा

- खगेन्द्र संगौला -


**हाम्रो मूल्यांकन :**
- राजाको विराटनगर भाषण र वार्ताको पहल ४

**घटना र प्रवृत्ति :**
- विराटनगर पञ्चऱ्यालीको अन्तरकथा - *खगेन्द्र संग्रौला* ५
- सेनाको स्वीकार र अस्वीकार - *समीर थापा* ६
- विवादको घेरामा उत्तर कोरियाली आणविक कार्यक्रम ९
- पचास वर्ष पुगेको प्रगतिशील लेखक संघ - *मित्रलाल पञ्जेनी* ४४
- पुरस्कृत, टिस्टा सेटलभाड ४४
- एमालेको सातौं महाधिवेशन र चुनौतीहरु - *नारायण ढकाल* ४५

**आवरण कथा**
- दरवार र माओवादी आम्नेसाम्ने भीडन्त कि वार्तातिर ? - *श्याम श्रेष्ठ* ७
- गरीबी घटाउने प्रयास र परिणाम उल्टो दिशामा - *दीपेन्द्रबहादुर क्षेत्री* १०
- देशको अर्थतन्त्र झन् ओरालो लाग्दै जानेछ - *शंकर शर्मा* १४

**कुराकानी :**
- जनताको मुठी बन्दूकको शक्तिभन्दा बलियो हुन्छ - *डा. मथुराप्रसाद श्रेष्ठ* १६

**पर्दा / रंगमञ्च :**
- पहाडी चलचित्रमा नेपालको उपस्थिति - *गोविन्द वर्तमान* १८

**उत्पीडित चौतारी :**
- चेपाङ्गहरुका जटिल समस्याहरुको नालीबेली २०

**इतिहास :**
- लाखौंको सम्पत्ति छोडेर आन्दोलनमा २२

**गीत / संगीत**
- गीत-संगीतमा हावादारीपन, युवा पुस्ता कता ? - *विवश वस्ती* २४

**पुस्तक :**
- तथ्यहरुको प्रचुरता र विश्लेषण-संश्लेषणको तार्किकता - *खगेन्द्र प्रसाई* २६

**कविताहरु :** २९

**विज्ञान :**
- 'न्यूट्रिनो' कणको खोज - *तुल्सीदास महर्जन* ३०

**दर्शन :**
- बुद्ध दर्शनमा द्वन्दवाद र भौतिकवाद - *प्रज्ञानरत्न* ३२

**विश्वग्राम :**
- अमेरिकाको पाखण्ड पुराण ३४

**छिमेक :**
- श्रीलंका: लिट्टे संघीय ढाँचामा सहमत - *श्याम श्रेष्ठ* ३६

**प्रतिक्रिया :**
- गुणात्मक फड्को चाहियो - *विमल फुयाँल* ३९

**कम्युनिष्ट विश्व :**
- सहभागितामूलक प्रजातन्त्र - *राजेन्द्र महर्जन* ४०

**संचार :**
- फाइन आर्टसम्बन्धी वेबसाइटको शुरुवात ४६

**पाठकको कुरो** ४६



आवरण सज्जा : टाइम्स क्रिएशन, पुतलीसडक, फोन: ४१००५९ । कलर सेपरेशन: पोलिइमेज, फोन: २५२५७१ ।
कलाकारहरु: लक्ष्मण भुजेल, जि.डि. सारु, यति ग्राफिक्स, फोन : ४३०७५२ । मुद्रण: इन्द्रेणी अफसेट प्रेस, फोन: ७७१४४८

# राजाको विराटनगर भाषण र वार्ताको पहल

मुलुकमा जनताको र लोकतन्त्रको हालत गम्भीर भएको स्थितिमा ठूलो तडकभडक र लाखौंको खर्च एवं व्यापक सरकारी प्रचार-प्रसारसहित पुस १९ मा विराटनगरमा भएको राजाको अभिनन्दन कार्यक्रममा श्री ५ ज्ञानेन्द्रबाट व्यक्त विचारहरु जति नै 'सुन्दर' भए पनि दरवारको वर्तमान व्यवहारबाट प्रवुद्ध नागरिकहरु सशंकित हुने स्थितिको अन्त भएको छैन । "अगुल्टोले हानेको कुकुर विजुली चम्कँदा पनि तर्सन्छ" भन्ने उखानले संकेत गरेको अवस्थामा अहिले देशमा लोकतन्त्रवादीहरु रहेका छन् । २०१७ सालमा राजाले मीठामीठा, देशभक्तिमय भाषण गर्न र जनताप्रतिको प्रतिवद्धता जाहेर गर्न कुनै कन्जुसी गरेका थिएनन्, तर व्यवहारले त्यो भाषण र प्रतिवद्धतालाई साथ दिएन । फलस्वरुप मुलुकका सुनौला ३० वर्षहरु पंचायती निरंकुशतन्त्रका पिसाइमा परे । अहिले पनि राजाबाट पटक पटक सम्वैधानिक राजतन्त्र र बहुदलीय व्यवस्थाप्रति आफ्नो वचनवद्धता दोहोर्‍याउने काम भएको छ, त्यसैको पछिल्लो कडी गत १९ गतेको विराटनगर सम्वोधन हो । तर अहिले पनि मुलुकमा १८ असोजमा राजाबाट भएको प्रतिगामी घोषणा फिर्ता भएको छैन, मुलुकमा नै पहल लिनुपर्नेमा त्यो किन नलिइएको ?

श्री ५ को विराटनगर भाषणमा परेको 'देशभक्तिलाई नै मिलनविन्दु बनाएर आपसी मतभेदलाई वार्ताबाट समाधान गर्नुपर्छ' भन्ने चर्चित प्रसंगले माओवादी समस्यातर्फ संकेत गरेको प्रष्टै बुझ्न सकिन्छ । वार्ताद्वारा शान्तिपूर्ण अग्रगामी निकासको खोजी गरिरहेका सचेत नेपाली नागरिकहरुलाई यसरी राजाबाट पनि वार्ताकै पक्षमा विचार प्रस्तुत भएबाट थप हौसला मिलेको छ । यसलाई हामी सकारात्मक मान्दछौं । तर यसै प्रसंगमा पनि अबको व्यवहार के भन्ने प्रश्नले खडा गरेको चुनौती दरवारले सामना गर्नैपर्छ । अन्यथा यो खोक्रो नारामात्र सावित हुने प्रष्ट छ ।

यो व्यावहारिक चुनौती अब वार्ताको पहल कसले र कसरी गर्ने त भन्ने कुरासँग जोडिएको छ । माओवादीले निरन्तर वार्ताको कुरा उठाइरहेको छ, यसले वार्ता टोली गठन गरेको घोषणा पनि गरिसकेको छ । अब संस्थापन पक्ष वार्ताका लागि कसरी तयार हुने त ? निश्चय नै दरवारद्वारा नियुक्त मन्त्रिमण्डल मात्रले वार्ता गरेर समस्या समाधान हुनेवाला छैन । यस निम्ति संसदीय शक्तिहरुको सर्वपक्षीय संयन्त्र संवाद, सहमति र अग्रगमनको पक्षमा ठोस काम भएको छैन । निर्वाचित प्रधानमन्त्रीलाई 'असक्षम' आरोप लगाई तत्कालीन सरकार हटाएर राजाले नियुक्त गरेको चन्द सरकारले कुनै पनि प्रकारको 'सक्षमता' देखाउन सकेको छैन । बरु यो सरकारले कार्यकारिणी अधिकार राजामा रहने पक्षमा थप बल पुग्ने गरी प्रशासन र कुटनीतिक नियोगका अगुवाहरुको नियुक्तिमा पनि राजाको स्वीकृति जरुरी हुने व्यवस्था गरी दरवारको नांगो तावेदारी भने गरेको छ । राजदरवारको खर्चमाथि सरकारी निरीक्षणको सम्पूर्ण व्यवस्थाको अन्त्य गरी दरवारलाई अरु अपारदर्शी बनाउने काम गरेको छ । दरवारले व्यवहारमा आफ्नो मन्त्रिमण्डलमार्फत् यस्तो गर्ने, अनि भाषणमा भने पारदर्शिताको वकालत गर्ने गरिएको देखेपछि यो देशमा स्वतन्त्र चिन्तन गर्ने कुनै पनि नागरिकको मनमा कस्तो प्रतिक्रिया पैदा होला ?

"राष्ट्रको वृहत्तर हितका निमित्त हामीले हाम्रा कतिपय वर्गीय, क्षेत्रीय र दलीय स्वार्थबाट माथि उठ्न सक्नुपर्छ" भन्ने राजाको सम्वोधन भाषण सुनेर कसैले त्यस्तो स्वार्थबाट माथि उठ्ने पहल राजाबाटै किन नभएको त भन्ने प्रश्न गरेमा त्यसको जवाफ के ? सर्वदलीय सहमतिबाट काम गर्नु नै यस्तो स्वार्थबाट माथि उठ्नु हो । यस्तो गर्न स्वयं दरवारले बन्नु जरुरी हुन्छ । यसका लागि या त संसद पुनर्स्थापना गर्नुपर्‍यो, र जननिर्वाचित पार्टीको सरकार बन्नुपर्‍यो, अनि त्यसले सर्वपक्षीय संयन्त्र बनाई वार्ताको काम अघि बढाउनुपर्‍यो, या त चुनाव गराउन सर्वदलीय सरकार बनाउने र माओवादीको सहमति प्राप्त गर्ने काम गरी चुनाव सम्पन्न गर्नुपर्‍यो । तर चुनाव गर्न वा चुनावको लागि माओवादीलाई राजी गराउन तत्काल संभव छैन । त्यसैले २०४६ पछिको स्थितिमा झैं सर्वपक्षीय अन्तरिम सरकार गठन गरेर माओवादीसँग वार्ता गरी जनमत संग्रह वा संविधानसभाको चुनाव गरी नयाँ र अग्रगामी दिशामा मुलकलाई अघि बढाउनु नै मुलुकका सामु रहेको एकमात्र विकल्प हो ।

यसो गर्न जरुरी शुरु पहल गर्ने दायित्व यतिखेर राजाकै रहेको छ । यो पहलको दिशामा तत्कालै ठोस पहल नहुने र फगत समय लम्ब्याएर दरवारीया स्वार्थ पूरा गर्न र विदेशी प्रभुत्ववादीहरुलाई रिझाउने काम गर्नमात्र ध्यान केन्द्रित गरिने हो भने मुलुक उभिएको र स्वयं राजाले पनि स्वीकारेको अहिलेको 'अत्यन्त जटिल र कठीन मोड'बाट मुलुकले पार नपाउने निश्चित छ । हो, श्री ५ ज्ञानेन्द्रबाट व्यक्त भएझैं "हामी सबै इतिहासको परीक्षामा उभिएका छौं ।" व्यवहार नै यो परीक्षाको मूलभूत मापक हो । ❑

बहुदलीय प्रजातन्त्रका पक्षधर बयोबृद्ध सूर्यबहादुर थापाले राजाका "खेताला"को संज्ञा दिनुभएका मन्त्रीहरूले आफै अघि सरेर आयोजना गरेको र अर्का बहुदलवादी वयोबृद्ध नेता गिरिजाप्रसाद कोइरालाले 'पञ्चर्‍याली'को पगरी गुथाइदिनुभएको राजाको अभिनन्दन कार्यक्रम विराटनगरमा सम्पन्न भएरै छाड्यो । राष्ट्रिय युद्धमा विजय प्राप्त गरेको खुशियालीमा, राज्याभिषेकमा वा असामान्य राष्ट्रिय पर्वमा बाहेक संवैधानिक राजाले कसैको अभिनन्दनको चाहना राख्नु वा ग्रहण गर्नु शोभनीय हुँदैन भन्ने विज्ञहरूको तर्कसङ्गत राय थियो । साथै राजा र राजनीतिक दलहरूबीचको तिक्तता र द्वन्द्वको खाडललाई यस पञ्चर्‍यालीले झन् फराकिलो पारिदिनेछ, तसर्थ संवैधानिक मर्यादाको सीमाभित्र रहेर "राजा सबैको साझा" हुन चाहने हो भने अन्धभक्तिको भेषमा आफ्नो निहित स्वार्थ पूरा गर्न खोज्ने केही 'स्वच्छ छविहरू'ले थापेको यस कुटिल जालमा राजा फस्नु हुँदैन भन्ने राजनेताहरू र प्रबुद्ध बौद्धिकहरूको आग्रह थियो । तथापि भक्तहरूको प्रस्ताव आफ्ना आकांक्षा सुहाउँदिलो लागेर नै होला राजाबाट अभिनन्दन ग्रहण गर्ने कार्यमात्र होइन, लिखित भाषण बाँची सुनाउने कार्य पनि भयो ।

राजाको भाषण र पञ्चर्‍यालीको प्रकृति हेर्दा त्यहाँ विरोधाभासहरूको विचित्रको जन्जाल देखिन्छ । भाषणमा राजाले आफूलाई राजनीतिको क्रीडाभूमिमा रेफ्रीको स्थानमा राखेका छन्, र राजनीतिक दलहरूलाई खेलाडीको स्थानमा राखेर भावुक अर्ती र चर्को चुनौती दिएका छन् । तर प्रश्न छ: जनादेश मुखरित भएको संविधानको बध गरेर संविधानले दिँदै नदिएको अधिकार प्रयोग गरी राज्यको कार्यकारिणी अधिकार स्वयं ग्रहण गरेको कसले हो ? खेतालारूपी तावेदारहरूको बुख्याँचारूपी मन्त्रीमण्डल गठन गरी जनआकांक्षाको विधिवत् प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूलाई उपेक्षा गरेको कसले हो ? यस प्रक्रियामा आफूलाई संवैधानिक राजाबाट निरङ्कुश राजामा रूपान्तरित गरेको कसले हो ? राजनीतिको खेलमा संवैधानिक राजाबाट फेल भयो भन्ने कुरामा बहुदलीय प्रजातन्त्रका पक्षधर राजनीतिक दलहरू, विधिविज्ञहरू र प्रबुद्ध बौद्धिक समुदायको विशाल भागमा मतैक्य छ । यस स्थितिमा राजाले अर्ती र चुनौती दिनुपर्ने अरूहरूलाई होइन, क्रियाशील राजाको भेषमा आफूलाई निरङ्कुश राजा बनाउन चाहने आफ्नै अप्रजातान्त्रिक आकांक्षा र असंवैधानिक कार्यलाई हो । तर भाषण यसको विपरीत छ । यो भयो पहिलो विरोधाभास ।

राजा कसको र अभिनन्दनमा राजालाई समर्थन कसको ? विराटनगरको पञ्चर्‍यालीको आयोजनामा पूर्वपञ्च र नवपञ्च तथा भारतीय मूलका व्यापारीहरूको अग्रसरता देखियो । पूर्वपञ्चहरू तिनै तत्वहरू हुन्, जसले पञ्चायती राजका तीस वर्षभरि नै निरङ्कुश राजाको नामलाई



○ खगेन्द्र संग्रौला

# विराटनगर पञ्चऱ्यालीको अन्तरकथा

जनतालाई ठगीखाने भांडो बनाएर आफ्ना निहित स्वार्थहरूको सेवा गरेका थिए, र जसलाई छयालीस सालको जनआन्दोलनले इतिहासको रछ्यानमा मिल्काइदिएको थियो । र, भारतीय मूलका यी प्रायःजसो ब्यापारीहरूका लागि नेपाल भनेको कमाउने बजार हो र भारतचाहिँ कमाएको लगेर थन्क्याउने भण्डार हो । साथै आयोजकहरूको अग्रस्थानमा त्यस्ता तत्वहरूको वर्चस्व रहेको थियो, जो नेपालमा कसैले नबोल्ने हिन्दी यहाँको राष्ट्रभाषा हुनुपर्ने दाबी गर्छन्, क्षेत्रीय उत्पीडनको विरोध गर्ने बहानामा जातीय विद्वेषको राजनीति गर्छन्, मन्त्री हुन पाए दौरासुरूवाल लगाएर नेपाली बोल्छन्, र लाभदायक पदबाट पाखा परेपछि फेरि उही आफ्नो सक्कली औतारमा फर्किन्छन् । मुलुकभरि विशाल जनाधार भएका राजनीतिक दलहरू र प्रतिष्ठित बौद्धिकहरूको राय, सुझाव र अस्वीकृतिको पर्वाह नगरी राजाले यी र यस्ता तत्वहरूको अभिनन्दन ग्रहण गरेका छन् । राजाको चापलुसीयुक्त भजन गाउने यी तत्वहरू आकार र रङ्गको दृष्टिले एउटा सानो र धमिलो कुवा हुन् भने त्यसबाहिर परेका नेपालीहरूको विशाल बहुसंख्या एउटा विशाल पोखरी हो । राजा कसका ? कुवाका कि पोखरीका ? यस विवादास्पद अभिनन्दनबाट राजा केहीका लागि निकटतम् आफन्त र बाँकी सबैका लागि दूरस्थ पराई बन्न खोजेका छन् । प्रश्न छ : राजा राष्ट्रिय एकताका प्रतीक कि राष्ट्रिय फाटोका कारक ? यो भयो दोस्रो विरोधाभास ।

मालिकको इसाराको भाषामात्र बोल्न जान्ने सरकारी सञ्चार माध्यमहरूले पञ्चऱ्यालीको उपस्थितिलाई 'अपार जनसागर'को संज्ञा दिएका छन् । तर जनसागरमा को थियो र ऊ कुन प्रेरणा, भय वा स्वार्थले गर्दा त्यहाँ आएको थियो भन्नेबारे यी सरकारी सुगाहरू एकदम मौन छन् । विराटनगरमा मानिसहरू बटुल्न सिङ्गो राज्यको श्रोत-साधन लगाइएको थियो, सारा निजामती र जङ्गी फाँट धुरिएको थियो, अकाट्य राजकीय उर्दीअनुसार आठ-दस जिल्लाका सदरमुकामहरूबाट कोटा बमोजिम बस र ट्रकहरूको लस्कर लगाइएको थियो । तैपनि भीडले मोरङ्ग जिल्लाको समस्त भूगोल भरिएको भने देखिएन । भीडकै कुरा गर्ने हो भने कडिकडाउ सुरक्षाका लागि सादा पोशाकमा खटिएका पच्चीस-तीस हज्जार जङ्गी जवानहरूले मात्र पनि तीस हज्जार मानिस अटाउने रङ्गशाला खचाखच भरिन्थ्यो, र त्यसलाई 'अपार जनसागर'को रमितलाग्दो उपस्थिति भनेर प्रचार गर्न सकिन्थ्यो । विशाल पर्खालभित्र सुरक्षापङ्क्तिका अनेकौं वृत्तहरूभित्र जनसाधारणदेखि अति दूर रहस्यलोकजस्तो लाग्ने राजदरबारमा अपारदर्शी ढङ्गले बसोबास गर्ने राजा राजधानीबासीहरूका लागि पनि कौतुक र र हस्यका पात्र हुन् । राजा दरबारबाहिर निस्कँदा राजा कस्ता होलान् भनेर हेर्न मानिसहरू सडकका दायाँबायाँ कुँडुलो परेर भुम्मिन्छन् । राजाको छिमेकमा बस्ने नागरिकहरूमा त राजालाई देख्ने जिज्ञासा यति प्रगाढ हुन्छ भने सुदूर बस्तीका गाउँ-देहातबासीहरूका के कुरा गर्नु ? तर राजालाई हेर्ने यो जिज्ञासा विशुद्ध जिज्ञासा मात्र हो । यस जिज्ञासाको राजाको लोकप्रियतासँग बाह्र हात परको साइनो पनि छैन । तर विराटनगरको भीडको पछिल्तिर ज्यालादारी खेतालाहरूको अर्कै कथा छ । यो कथा पुस २० गतेको *कान्तिपुर*मा छापिएको छ । सुनसरी, हरिनगर–१ का डोमी अन्सारी भन्छन्, "एक दिनको ज्याला ७० रूपियाँ दिन्छु भने, अनि म आएँ ।" उता मोरङ अमाही बरियाती–७ की उषा पाण्डे भन् खुशी हुँदै भन्छिन्, "नयाँ साडी पनि पाएपछि आएकी हुँ । राजालाई हेर्न पनि पाइने, नयाँ साडी पनि पाइने, किन नआउनु त ?" तथ्य यस्तो हुँदाहुँदै पनि सरकारी सञ्चारमाध्यमहरू यी ज्यालादारी खेतालाहरूको चुँसम्म पनि चर्चा नगरी विराटनगरमा स्वतःस्फूर्त रूपबाट मानिसहरू ओइरिए भनी डङ्ग पिटिरहेका छन् । यो भयो तेस्रो विरोधाभास ।

पञ्चऱ्यालीमा बगेको अपार सम्पत्तिको मुहान कहाँ हो ? प्रत्युत्तरमा मन्त्री रमेशनाथ पाण्डेले भन्नुभएको छ, "यसमा राज्यको एक पैसो पनि खर्च भएको छैन ।" अरू असीमित खर्चका कुरालाई अलि परै राखेर भन्ने हो भने पनि मन्त्री पाण्डेको गगनमार्गबाट विराटनगर जाई-आई, पदोचित गाँस, बास र कपास तथा "स्वच्छ र सक्षम" देहको सुरक्षाका लागि नै दशौं हज्जार खर्च भयो होला । के त्यो पाण्डे महोदयको निजी खल्तीकै खर्च थियो त ? निजी क्षेत्रबाट उठेको रकमको पनि आफ्नै रोचक कथा छ । जसले आज एक लाख रूपियाँ चन्दा दियो उसलाई भोलि गोरखा दक्षिणबाहु चौथो, अनि जसले जति बढी दियो उसलाई गोदवा उति नै ठूलो । यी गोदवाहरू यी उदारमना चन्दादाताहरूका लागि भोलि राजस्व छल्न पाउने अचूक अस्त्र र तस्करी गर्न पाउने इजाजतपत्र हुनेछन् । बनियाँको शब्दकोषमा निष्काम कर्म भन्ने शब्द नै हुँदैन । भ्रष्टाचारको बाली लगाउनु र सदाचारका कुरा गर्नु- यो भयो तेस्रो विरोधाभास ।

राजाको भाषणमा संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रप्रति आफू प्रतिबद्ध रहेको कुरा झल्किएको छ । र, शाही कदमलाई असंवैधानिक, अप्रजातान्त्रिक र प्रतिगामी भनी आपत्ति जनाउनेहरूलाई "व्यक्तिगत अथवा प्राविधिक खिचलो उठाएर बहुदलीय प्रजातन्त्रको अवस्थामा ठेस लाग्ने अवस्था सिर्जना गर्ने" भनी आरोपित गरिएको छ । यस कथनमा अन्तर्निहित आशय के हो भने हाल राजाबाट सञ्चालित हुकुमी शासन नै संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको पर्याय हो र देशभक्तिका नाउँमा सबैले यस शासनप्रति नतमस्तक भइदिनुपर्छ । र, यो भयो चौथो विरोधाभास ।

यस प्रकार मौसुफको भाषण र कार्यक्रमको समग्र चरित्र विरोधाभासको थुप्रोजस्तो देखिए तापनि एउटा बुँदा भने स्वागतयोग्य छ । भाषणमा "हामी सबै इतिहासको परीक्षामा उभिएका छौं" र "नेपालप्रति न्याय गर्न नसक्ने, जनताको सामूहिक विवेकमा विश्वास गर्न नसक्ने र शान्तिको पक्ष लिन नसक्नेलाई मातृभूमिको भार लाग्दछ" भन्ने सुन्दर सत्यहरू समावेश भएका छन् । यो राजाको होइन, जनताको सर्वोच्चतालाई स्वीकार्ने विचार हो भने संवाद र जनमतको फैसलाका माध्यमले वर्तमान राजनीतिक संकटको प्रजातान्त्रिक र अग्रगामी निकास खोज्न किन राजाबाटै अग्रसरता प्रदर्शन नगर्ने ? राजनीतिको भकुण्डो त आखिर राजाकै कोर्टमा न छ । मौसुफकै कथनलाई स्मरण गर्ने हो भने अब हामीसँग खेर फाल्ने समय पनि त छैन । □



राजा कसको र अभिनन्दनमा राजालाई समर्थन कसको ? विराटनगरको पञ्चऱ्यालीको आयोजनामा पूर्वपञ्च र नवपञ्च तथा भारतीय मूलका ब्यापारीहरूको अग्रसरता देखियो ।

# सेनाको स्वीकार र अस्वीकार

● समीर थापा

यही पुस ११ गते शाही नेपाली सेनाले पत्रकार सम्मेलन गरेर नुवाकोटको काहुलेमा सेनाद्वारा निर्दोष व्यक्तिहरु मारिएको स्वीकार गरेको छ । त्यसअघि मानवअधिकारवादी र संचारमाध्यमहरुले सेनाद्वारा निर्दोष व्यक्तिहरु मारिएको कुरा बेलाबेलामा प्रकाशित गर्ने गरेका थिए, तर सेनाले प्रतिक्रिया जनाएको थिएन ।

माओवादी जनयुद्धलाई नियन्त्रण गर्न सेना परिचालन गरिएदेखि सुरक्षा फौजको कार्यवाहीमा निर्दोष व्यक्तिहरु पनि मारिएको घटना गत वर्ष कालिकोटको कोटबाडामा भयंकर त्रासदी बनेर प्रकट भएको थियो । त्यहाँ जोगीमाराबाट विमानस्थल बनाउनलाई लगिएका २० जना मजदूरहरुमध्ये १७ जना मारिएका थिए । त्यस घटनामा सेनाले प्रष्टसँग अझै गल्ती स्वीकारेको छैन । तर पनि काहुलेमा गत मंसिर ११ गते राती आफन्तको घेवा सकेर घरतिर फर्किएका पाँच जना किशोरहरुको दारुण मृत्युलाई चाहिँ सेनाले 'परिस्थितिजन्य कारणले' भएको दुर्घटना स्वीकार गरेको छ । यो स्वीकारोक्ति आइन्दा त्यस्ता ठूला भूलहरु नदोहोऱ्याउने दिशातर्फको सचेतता हो कि आगामी भूलहरुलाई ढाकछोप गर्न गरिएको अग्रिम तयारी हो भन्ने कुरा भविष्यले नै बताउने छ । किनभने काहुलेको दुर्घटनापछि पनि सेनाको तर्फबाट अवांछित गल्तीहरु भइरहेका छन् ।

अछामको कुइका गाउँ विकास समितिअन्तर्गत पर्ने भुलवाडा गाउँका घरहरुमा गस्तीमा गएको सेनाको जत्थाले आगो लगाइदिएको घटना शाही सेनाद्वारा गरिएको सबभन्दा पछिल्लो भयंकर गल्तीको रुपमा अंकित छ । यसबारे सेनाले यतिन्जेल कुनै स्पष्टीकरण दिएको छैन । राष्ट्रिय दैनिक नेपाल समाचारपत्रका अनुसार अछामको सदरमुकाम मंगलसेनदेखि करीव ४ घण्टा पैदलयात्राको दुरीमा रहेको भुलवाडा गाउँका २३ जना दलित र एकजना ब्राम्हणका गरी २४ वटा घरमा सेनाले आगो लगाइदिएको थियो । त्यस आगलागीमा भूल जातीका सहा सिंह, माने, दले, नयन सिंह, ललते, दाने, अमृते, दिगै भुल, धाडे, गौदाबारे, श्रीमती शर्मा र सुर्के तिमिल्सिनालगायतका घरहरु ध्वस्त भएका छन् ।

उपर्युक्त दुर्घटनाहरुबाहेक सेनाको चिसापानी व्यारेकका क्याप्टेन रमेश स्वाँर र 'साहेव' भनिएका अर्का सैनिक अधिकृतले बाँकेका दुई मुसलमान युवतीहरु तबस्सुम र तरन्नुमलाई व्यारेकमा लगी बलात्कार गरेको भन्ने समाचार पनि सेनाको छविलाई धूमिल बनाउने दुर्घटना हो । यस दुर्घटनालाई राजधानीमा सेनाद्वारा आयोजित पत्रकार सम्मेलनमा ढाकछोप गर्ने प्रयत्न गरिएको धारणा पत्रकार जगतमा व्याप्त छ । ती दुई युवतीहरुको गैरन्यायिक गिरफ्तारी र हिरासतमा उनीहरुमाथि भएको बलात्कारको घटनालाई एम्नेष्टी इन्टरनेशनले गम्भीर सरोकार राखेर प्रतिवेदनसमेत प्रकाशित गरिसकेको छ । 'नेपाल : गहिरिँदो मानव अधिकार संकट' शीर्षकमा डिसेम्बर १९ (पुस ४ गते) प्रकाशित उक्त प्रतिवेदनपछि पीडित परिवारलाई सेनाका तर्फबाट धम्क्याउने कार्यसमेत भएको भनेर एम्नेष्टी इन्टरनेशनलको हेडक्वाटरबाट अर्को छुट्टै विज्ञप्ती पनि प्रकाशित भएको छ । सो विज्ञप्ती पुस ८ गते सोमवार प्रकाशित भएको थियो । विज्ञप्तीमा भनिएको छ : "नेपाली अधिकारीहरुले मानवअधिकार उल्लंघन र दुरुपयोगसम्बन्धी मुद्दाका पीडित र साक्षीको संरक्षण र सुरक्षाको पूर्ण प्रत्याभूतिको जिम्मेवारी लिनुपर्छ ।"

बाँकेका दुई मुसलमान युवती तरन्नुम र तबस्सुमलाई उनीहरुका काकालाई पक्राउ गर्न गएको सेनाले काकालाई नभेटेपछि सट्टामा पक्राउ गरेको र हिरासतमा उनीहरूलाई पटक पटक बलात्कार गरिएको कुरा नेपाली संचार माध्यमलगायत एम्नेष्टी इन्टरनेशनलको प्रतिवेदनमा समेत प्रकाशित भैसकेको लज्जास्पद दुर्घटना हो । तर एम्नेष्टीको प्रतिवेदनलाई अस्वीकार गरेर सेनाले त्यस घटनाको प्रतिवाद गरेको छ । पुस ११ गते सेनाले गरेको पत्रकार सम्मेलनमा पीडितहरुले नै आफूहरुमाथि बलात्कार नभएको बयान दिएको भिडियो रेकर्ड देखाइएको थियो । त्यसमा दुईमध्ये एक युवती तबस्सुमले सेनाले आफूहरुमाथि कुनै दुर्व्यवहार नगरेको बताएकी थिइन् । तर सेनाले दवाव दिएर पीडितहरुलाई त्यसो भन्न लगाएको आरोप एम्नेष्टीले सेनामाथि लगाएको छ । त्यसैले पनि सेना यस घटनामा पनि स्वच्छ सिपाही सावित भएको देखिँदैन ।

सचेत बुद्धिजीवी, मानवअधिकारवादी र पत्रकारहरुका दृष्टिमा सेनाद्वारा अरु पनि गल्तीहरु हुँदै आएका छन् । गत मंसिर १८ गते दाङको हापुरमा, त्यसअघि कार्तिक २४ गते बाग्लुङको ग्वालीचउरमा मरेका निर्दोष नेपालीहरुका बारेमा सेनाले काहुलेमा जस्तै गल्ती स्वीकारेर पीडित पक्षलाई उचित क्षतिपूर्ति गर्नुपर्ने विचार पर्यवेक्षकहरुले व्यक्त गरेका छन् ।

कानून र संविधानकै विपक्षमा विद्रोह गरेर हतियार उठाएका माओवादीहरुले गरेका त्यस प्रकारका हत्या पनि उत्तिकै निन्दनीय हुन्, तर कानूनको पालना गर्ने शाही सेनाले यस्ता विषयमा बढी गम्भीर र जिम्मेवार हुनुपर्ने आम बुद्धिजीवीहरुको विचार रही आएको छ । □

> अछामको भुलवाडा गाउँका घरहरूमा सेनाको जत्थाले आगो लगाइदिएको घटना शाही सेनाद्वारा गरिएको सबभन्दा पछिल्लो भयंकर गल्तीको रूपमा अंकित छ


पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसको उपलक्ष्यमा समस्त देशवासीहरूमा

**हार्दिक शुभकामना**

व्यक्त गर्दछौं ।

**नेपाल विद्युत प्राधिकरण**

पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसको उपलक्ष्यमा समस्त देशवासीहरूमा


**हार्दिक शुभकामना**

व्यक्त गर्दछौं ।

**नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड**



# दरवार र माओवादी



# आम्नेसाम्ने भीडन्त कि वार्तातिर ?

**माओवादी**सित वार्ता गरेर शान्ति कायम गर्नुलाई नै एक नम्बरको दायित्व तोकेर लोकेन्द्रबहादुर चन्दको अगुवाइको रबर-स्ट्याम्प सरकार गठन भएको पनि तीन महिना बितिसकेको छ । तर अहिलेसम्म पनि राज्य र माओवादी पक्षबीच शान्तिवार्ताको निम्ति कुनै तात्विक सहमति बन्न सकेको छैन । यसको ठीक विपरीत असोज १८ गते बलपूर्वक देशको प्रभुसत्ता र कार्यकारिणी प्रमुख बनेको दरवार र माओवादीबीच आम्नेसाम्ने मुठभेड हुने संकेत ज्यादा स्पष्टसित देखापर्दै गइरहेछ । पुस १९ गते विराटनगरमा सक्रिय राजतन्त्रकै पुरानो पंचायतीशैली स्मरण हुनेगरी भएको राजा रानीको अभिनन्दन समारोहको दिन पारेर माओवादीले आह्वान गरेको मेची-कोशी बन्द त्यसको एउटा संकेत हो । राजधानीमा युवराज पारसको जन्म दिवस समारोह पारेर पुस १४ र १५ गते आयोजना गरिएको प्रभावकारी नारायणी-बागमती बन्द यसको अर्को ज्वलन्त सबूद हो । यस्तो प्रतीत हुन्छ, शान्तिवार्ता र अग्रगामी परिवर्तनको बाटो अवरूद्ध गरेर दरवार जुन मात्रामा सक्रिय राजतन्त्रको भावभंगीमा सामन्ती निरंकुशतन्त्रतर्फ उन्मुख हुन्छ, माओवादी उति चर्को ढंगले दरवारसित प्रत्यक्ष र निर्णायक मुठभेडमा उत्रनेवाला छ ।

माओवादी अध्यक्ष प्रचण्ड र जन-परिषद् प्रमुख बाबुराम भट्टराईद्वारा जारी गरिएको पुस ८ को सार्वजनिक अपील यस हिसावले निक्कै अर्थपूर्ण देखिएको छ । त्यो अपीलमा "वर्तमानमा सबैखाले अन्तरविरोधको केन्द्रविन्दु राजतन्त्र र प्रजातन्त्रबीचको लडाईं नै बन्न पुगेको ।" र, अब त्यो लड़ाइँ "चरम उत्कर्षतिर पुगिरहेको" दावी गरिएको छ । त्यसमा भनिएको छ- "२००७ सालदेखि नै लगातार रूपमा निरंकुश राजतन्त्रवादीहरूद्वारा धोका र विश्वासघात गरिँदै आएका प्रजातन्त्रप्रेमी नेपाली जनताले अब अन्तिम पटक आफूलाई पूर्ण रूपले सार्वभौमसत्तासम्पन्न बनाउने निर्णायक लडाईंमा होम्नु सिवाय अर्को विकल्प छँदैछैन ।"

त्यस सार्वजनिक अपीलले सत्ता सम्हालेर बसेको दरवारलाई "आजैका दिनदेखि" "कुनै पनि प्रकारको कर महशूल नतिर्न" सबै उद्यमी-व्यवसायी, व्यापारी र आम जनसमुदायसित अनुरोधसमेत गरेको छ । आम जनसमुदायद्वारा माओवादी नेतृत्वको यो अपीलको तत्काल अनुसरण हुने सम्भावना ज्यादै कम छ, किनकि त्यसका निम्ति देशमा वस्तुगत स्थिति नै परिपक्व भइसकेको छैन । बारम्बारका केही सैन्यवादी महाभूलका कारणले माओवादीहरू आफैं पनि पोहोर साल वार्तामा आएको बेलाभन्दा अहिले कम लोकप्रिय छन् । पोहोरभन्दा अहिले उनीहरूको सैन्य क्षमतामा गुणात्मक वृद्धि भएको छ, तर उनीहरूले यसबीच जनसमर्थन काफी गुमाएका छन् । तर यो अपीलले के कुराको स्पष्ट संकेत गरेको छ भने माओवादीहरू अब दरवारसित सैन्य हिसावले वार कि पारको लडाइंमा उत्रन तम्तयार भइरहेछन् ।

माओवादीहरूले यतिबेलै दरवारसितको लडाइँलाई निर्णायक विन्दुमा पु्याउन आवश्यक ठान्नुका पछाडि केही निश्चित कारणहरू देखिन्छन् । पहिलो, दरवार माओवादीलाई बाहिर-बाहिर कथित वार्ताको नाटकमा अल्झाएर भित्रभित्रै अमेरिका र भारतसित मिलोमतो गरेर माओवादीविरूद्ध निर्णायक सैनिक दमनको तयारी गर्दैछ भन्ने उनीहरूलाई परेको छ । दरवारले भारतसित बढाउन खोजिरहेको विशेष सम्बन्ध, अमेरिका र बेल्जियमबाट झिकाएको अत्याधुनिक हात-हतियार, सैनिक शक्तिमा गर्न लागेको ठूलो वृद्धि र नेपालमा अमेरिकाले बढाउन लागेको सैनिक सहायता र कुटनैतिक चलखेलहरूलाई उनीहरूले यसको परिसूचकको रूपमा लिएका छन् । दोस्रो, दरवार अग्रगामी परिवर्तनको दिशामा जानु त परै जाओस्, २०४६ सालको उपलब्धिको विन्दुभन्दा पनि निक्कै पछाडि हटेर निरंकुश राजतन्त्रमा रूपान्तरित भएको छ र राजनीतिक र संवैधानिक यथास्थितिमा थोरै पनि परिवर्तन गर्ने पक्षमा देखिएको छैन । माओवादी अग्रगमनतिर नबढी नछोड्ने, दरवार प्रतिगमनको वर्तमान यथास्थितिभन्दा एक इन्च पनि अघि बढ्न तयार नहुने- यो अन्तरविरोधपूर्ण स्थितिमा निर्णायक लडाइँ लड्नुबाहेक अर्को उपायबाट दरवार चेत्नेवाला छैन भन्ने माओवादीलाई परेको छ ।



**वार्ता विफल हुन नदिन दरवार, एमाले र माओवादीको भूमिका कस्तो हुनुपर्छ ?**

जति ढिलो गर्‍यो दरवारले विदेशीसितको साँठगाँठ र आफ्नो दमनकारी सैन्य क्षमतामा उति ज्यादा अभिवृद्धि गर्ने र राजनीतिक शक्तिबीच फूट ल्याएर उति ज्यादा निरंकुश अधिकार आफूमा थुपार्ने संभावना टड्कारो देखिएकाले माओवादीहरू निर्णायक संघर्षका निम्ति हतारिएका हुनसक्छन् ।

माथि चर्चित अपीलमा प्रष्टसित भनिएको छ- "असोज १८ गतेको प्रतिगमनकारी कदमपछि सामन्ती निरंकुशतावादी तत्वहरूले एकातिर क्रान्तिकारी जनयुद्धकारी शक्तिहरूलाई कथित वार्ताको नाममा अल्झाएर र अर्कोतिर संसदवादी शक्तिहरूलाई कथित मिलीजुली सरकार र संसदीय चुनाव गराइदिने भ्रममा बल्झाएर आफ्नो स्थिति सुदृढ गर्दै लैजान प्रयत्न गरिरहेका छन् ।" माओवादीको भयको कारण यो भनाइले स्पष्ट पारेको छ । दरवार शान्तिवार्ताप्रति पटक्कै प्रतिवद्ध र इमान्दार छैन, ऊ आफ्नो शक्ति र स्थिति सुदृढ गर्नप्रति मात्र इमान्दार र प्रतिवद्ध छ भन्ने धारणाले गर्दा नै माओवादीहरू दरवारसित आम्नेसाम्ने भीडन्तमा उत्रन उद्यत भइरहेछन् । परन्तु अहिले पनि माओवादी पक्षले वार्ताको ढोका भने बन्द गरिसकेको छैन ।

## दरवारका प्रयत्नहरू

यसैबीच दरवार गोलमेच सम्मेलन र अन्तरिम सरकारका निम्ति तयार भएको खवर विश्वस्त सूत्रबाट थाहा भएको छ । दरवारले मन्त्रिपरिषद्मार्फत् छिट्टै माओवादीमाथिको आतंकवादीको आरोप, टाउकोको मूल्य र रेड कर्नर नोटिस् हटाइदिने र बन्दीहरूको स्थिति सार्वजनिक गरिदिने संकेत माओवादीसमक्ष प्रकट गरेको बुझिएको छ । यतिबेला दरवारले भए जति सबै च्यानल प्रयोग गरेर माओवादीलाई आफ्नो शर्तमा वार्ताको निम्ति मनाउने प्रयत्न गरिरहेको देखिन्छ । मन्त्रिपरिषद्मार्फत् वार्ताको निम्ति सार्वजनिक आह्वान गर्ने सम्भावनासमेत देखापरेको छ । राजाको विराटनगर भाषणमा व्यक्त वार्ताको प्रसंग यसको पूर्वसंकेत हुनसक्छ ।

तर मुख्य गाँठी कुरो संविधानसभाको चुनाव, सेना कसको नियन्त्रणमा भन्ने सवाल र अग्रगामी राजनीतिक परिवर्तनको सवालमा गएर अड्केको छ । दरवार संविधान निर्माणको प्रक्रियालाई वार्ताको एजेण्डा बनाउनसम्म मात्र तयार देखिन्छ, निःशर्त संविधान सभाको निर्वाचनलाई स्वीकार्न पटक्कै तयार देखिँदैन । सेनाको सवालमा यसलाई नागरिक सरकारको मातहतमा राख्न पटक्कै तयार देखिन्न । माओवादी पक्षले भने संविधानसभाको निर्वाचन र सेनालाई जनताको पूर्ण नियन्त्रणमा ल्याउने सवाललाई आफ्नो बटमलाइन् बताइरहेछ । त्योभन्दा तल ओर्लन ऊ तयार नै देखिँदैन । वार्ताको हलो यहींनेर आएर अड्केको छ ।

यस्तो भान हुन्छ, दरवार सर्वपक्षीय सम्मेलन र अन्तरिम सरकारका लागि राजी भएको स्थितिमा, वार्ताको लागि विश्वसनीय वातावरण बनाउनका लागि आवश्यक पर्ने केही जरूरी कदमहरू चाल्न तयार भएको स्थितिमा अब वार्ता चाहिँ कुनै पनि बेला हुन सम्भव छ । तर यसपल्ट पनि वार्ता चाहिँ संविधानसभाको निर्वाचन र सेनाको सवाललाई लिएर नै टुट्ने प्रवल संभावना छ । दरवार यी सवालमा लचिलो र प्रजातन्त्रप्रति प्रतिवद्ध नभएको खण्डमा वार्ता पुनः विफलतामा टुंगिने निश्चित छ र हरेक वार्ताको टुटाइपछि पहिलेभन्दा ज्यादै भीषण र निर्मम हिंसात्मक आक्रमण-प्रत्याक्रमण अवश्यंभावी हुन्छ ।


## वार्ता विफल नबनाउने हो भने

वार्ता विफल हुन नदिने हो भने दरवारले आफ्नो वर्तमान प्रतिगमनकारी निरंकुश यथास्थितिवादको हठ त्याग्नु अपरिहार्य हुन्छ । २१ औं शताब्दीमा सामन्ती निरंकुशतन्त्र केही ढोके, छाते र मण्डलेहरूबाहेक अरू कसैका निम्ति स्वीकार्य हुन संभव छैन । विश्वका धेरै देशको इतिहासले देखाएको छ- दरवार लचिलो भएको खण्डमा, पूर्णतया संवैधानिक राजाको रूपमा प्रजातन्त्रप्रति प्रतिवद्ध भएको खण्डमा पर्याप्त सम्मानसहित राजतन्त्रको आयु लामो हुन संभव हुन्छ, दरवार निरंकुश र सक्रिय हुन खोज्यो भने निक्कै छिटै देश गणतन्त्रतर्फ गइछोड्छ र राजतन्त्रको पूर्णतया अन्त्य हुन्छ ।

वार्तालाई सफल र फलदायी बनाउने हो भने औपचारिक वार्ताअघि अनौपचारिक वार्ताको थुप्रै सिलसिला चल्नु आवश्यक छ । सम्वद्ध पक्ष र पार्टीहरूका बीचमा आपसी समझदारी, सहमति र विश्वासको वातावरण औपचारिक वार्ताले मात्र कदापि सृजना गर्न सक्दैन । त्यो अनौपचारिक वार्ताले मात्र गर्नसक्छ । र, दरवारसितको माओवादीको गोलमेच वार्ताअघि दलहरूबीचको द्विपक्षीय र बहुपक्षीय अनौपचारिक वार्ताको आवश्यकता छ ।

वार्ताको विफलता एमालेकै कारणले पनि हुन बिल्कुल संभव देखिएको छ । जनआन्दोलन पक्षधर र प्रतिगमनविरोधी पार्टीहरूमध्ये एमाले नेतृत्व नै संविधानसभाको सबभन्दा ज्यादा विरोधी देखिएको छ । नेपाली कांग्रेसजस्तो दक्षिणपन्थी पार्टीले समेत संविधानसभा सम्बन्धमा आफ्नो पार्टीमा खुला गर्न सकेको बहस 'वामपन्थी' पार्टी हुनुका बावजूद उसले पार्टी महाधिवेशनको समयमा समेत आफ्नो पार्टीमा खुला गरेको देखिएन । एमालेका धेरैजसो आम कार्यकर्ताहरूमा संविधानसभाप्रति कुनै विमति भेटिन्न, तर एमाले नेतृत्वले भने संविधान सभालाई माओवादीको पेवाको विषय सोचिरहेको देखिन्छ, जुन अत्यन्त बेठीक छ । संविधानसभाको निर्वाचनको राजनीति सफल भयो भने नेपालको प्रजातन्त्र अरू ज्यादा पूर्ण हुन्छ भन्ने हिसावले उसले लिइरहेकै भेटिन्न, बरू यो सफल भयो भने देशमा माओवादी राजनीति हावी हुन्छ र एमाले किनारा लाग्छ भन्ने एमाले-नेतृत्वको मूल भय देखिन्छ । यसरी संविधानसभाको राजनीतिको विषयलाई उसले आफ्नो निषेध ठानिरहेछ, त्यसैले ऊ संविधानसभाको तीव्र विरोधमा छ ।

एमाले नेतृत्वले पूनर्विचार गर्नुपर्ने सवाल के देखिन्छ भने जेठ ८ गतेअघि सिंगो नेपाल संविधान संशोधनको बाटोमै त गइरहेको थियो । संविधान संशोधन गरेर सेनालाई जनताको मातहतमा ल्याउने र जनमत संग्रहमार्फत् संविधानको सबै प्रावधान परिवर्तनीय बनाउने सर्वदलीय सहमतिमा माओवादीले पनि चिठी लेखेर सहमति जनाएका थियो । जब संसद अधिवेशन डाकेर त्यो कार्य गर्ने पक्कापक्की भयो, तब त्यही कारणले नै राजाको दबावमा संसद विघटन गरिएको थियो । संविधान संशोधनको बाटो त यसरी दरवार स्वयंले अवरूद्ध गरेको होइन र ? संविधान संशोधन गर्नलाई अहिले त संसद नै छैन, त्यसको निर्वाचन तुरून्तै हुने स्थिति पनि छैन । यो स्थितिमा संविधान संशोधनको बाटो दरवार स्वयंले अवरूद्ध गरेपछि नयाँ संविधान निर्माण सिवाय कुन विकल्प बाँकी रहेको छ र ?


गिरिजाप्रसाद कोइराला


माधवकुमार नेपाल

**नेपाली कांग्रेसजस्तो दक्षिणपन्थी पार्टीले समेत संविधानसभा सम्बन्धमा आफ्नो पार्टीमा खुला गर्न सकेको बहस 'वामपन्थी' पार्टी हुनुका बावजूद उसले पार्टी महाधिवेशनको समयमा समेत आफ्नो पार्टीमा खुला गरेको देखिएन ।**

त्यसमाथि थप, असोज १८ गते त पुरानो संविधानको आधारभूत तत्व वा प्राण नै अपहरित भइसकेको छ । राज्कीय सत्ता र सार्वभौम सत्ता जनतामा नरहेपछि र कार्यकारिणी हक जन निर्वाचित सरकारमा नरहेपछि, र असोज १८ को शाही घोषणा फिर्ता लिन दरवार असहमत भएपछि प्राणविहीन पुरानो संविधानलाई नै काखी च्यापेर बाँकी राख्नुपर्ने आवश्यकता के रहयो ? किन रह्यो ? पुरानो संविधानको आधारभूत तत्व नै अपहरण भएको स्थितिमा नयाँ संविधान निर्माण गर्नु र त्यसको लागि सबैभन्दा प्रजातान्त्रिक उपाय संविधानसभाको निर्वाचन गराउनु सिवाय अर्को उन्नत बाटो के रहन्छ ?

फेरि कांग्रेस, एमाले, माओवादी र बाँकी सबैले संविधानको अग्रगामी परिवर्तनको एउटा साझा खाकामा सहमति जनाएर संविधानसभामा जाने हो भने संविधानसभामा हारिन्छ नै कसरी ? कसरी अहिलेको भन्दा प्रतिगामी संविधान आउँछ ? अहिलेको देशको शक्ति सन्तुलनमा संविधानसभामा गएमा अहिलेको भन्दा खराब प्रतिगामी चरित्रको संविधान आउनसक्छ भन्नु- कांग्रेस र एमालेले संविधानसभाको चुनावमा त्यस्तो प्रतिगामी संविधानको पक्षमा भोट हाल्ने मान्छे चुन्छन् भन्नु होइन र ? नत्र कसरी अहिलेको भन्दा प्रतिगामी संविधान आउँछ ?

यस परिप्रेक्ष्यमा निर्णायक शक्तिमा रहेको एमालेले माओवादी फोवियाबाट मुक्त भएर संविधानसभाको पक्षमा खडा हुनु नितान्त जरूरी भएको छ । वार्तालाई विफल नबनाउने हो भने र माओवादी विद्रोहलाई दिगो तवरले समाधान गर्ने हो भने एमालेको तर्फबाट संविधानसभाको पक्षपोषण अपरिहार्य छ । वामपन्थी एमाले नेतृत्व कमभन्दा कम ने.कां.का नेता नरहरि आचार्यको राजनीतिक उँचाइसम्म त उठ्नुपर्‍यो नि !

माओवादी पक्षले संविधानसभाको न्यूनतम अडान त घोषित गरेको छ, तर नयाँ संविधानको मूलभूत विशेषता र खाका राष्ट्रसमक्ष अझै पेश गरेको छैन । के संविधानसभा भएका राष्ट्रमा हिंसा-हत्या बन्द भएर साँच्चै नै चिरस्थायी शान्ति हुन्छ ? त्यसको प्रतिवद्धता पनि माओवादी पक्षले राष्ट्रसामु स्पष्ट पारेको छैन । अब संविधानसभा राष्ट्रको प्रमुख बहसको विषय त बनिसकेको छ, आवश्यक छ- यसभित्रको गूदी विपषयवस्तुमा समेत देशभरि छलफल चल्नुको । त्यस्तो बहस-छलफलले मात्र संविधानसभाका बारेमा रहेको अनावश्यक त्रास, भ्रम र अस्पष्टता हटाउनु संभव छ ।

मुख्य कुरा, माओवादी नेतृत्वले सैन्यवादी चिन्तन र व्यक्तिहत्याको राजनीतिबाट मुक्त भएर जनमुखी राजनीति गर्नुपर्‍यो । नेतृत्वले माथि जे कबुल गर्छ, तल त्यो पालना हुने स्थिति हुनुपर्‍यो । नत्र माओवादी नेतृत्वप्रति पनि त्यस्तै विश्वासको संकट पैदाहुन्छ, जो विगत १२ वर्षमा संसदीय नेतृत्वप्रति आमजनतामा पैदा भएको छ ।

❑ श्याम श्रेष्ठ

# विवादको घेरामा उत्तर कोरियाली आणविक कार्यक्रम

**अचेल** इराकलाई जस्तै दुष्ट र आतंकवादी राष्ट्रको पगरी गुथाइएको उत्तर कोरिया विश्वको राजनीतिमा चर्चित छ । अमेरिकाको तीनतिरको घेराबन्दीबीचमा अलग थलग रुपमा बाँचिरहेको उत्तर कोरियाले यो घेराबन्दी तोड्न खोज्दा युद्धको आशंका फैलाइएको छ । सन् १९९४ को संझौताविपरीत भएका अमेरिकी दुष्कर्महरुदेखि रिसाएर उसले आफ्नो पुरानो आणविक कार्यक्रम पुनः संचालन गरेको विषयलाई निहुँ बनाएर पूर्वी एशियामा राजनीतिक संकट उब्जिएको हौवा फिँजाइएको छ ।

यो सवालमा ध्यान दिनैपर्ने पक्ष के हो भने दशकौं दशकसम्म अगाडिदेखि अमेरिकाले आफ्नो विरोधी उत्तर कोरियालाई जुन क्रूरतापूर्वक आणविक आक्रमण र चुनौतीले भरिपूर्ण सन्त्रासबीच कैद गर्दै आइराखेको छ, त्यसकै अनिवार्य परिणतिको रुपमा विकसित भएको हो- उत्तर कोरियाली आणविक कार्यक्रम ।

सन् १९५०-५३ सम्मको युद्ध लाद्ने क्रममा सिंगो कोरियालाई उत्तर र दक्षिणमा विभाजन गर्ने अमेरिकी सेनाको नेतृत्व गरिरहेका जनरल म्याक्कअर्थरले १९५० को हिउँदको शुरुमै कोरियाली प्रायद्धीपमाथि ३० देखि ५० वटा आणविक बमहरु प्रहार गर्न र त्यस क्षेत्रमा रेडियोएक्टिभ कोबाल्ट फैलाउन अनुमति दिएका थिए । 'अपरेशन हड्सन हार्बोर' नामक अमेरिकी सैनिक आक्रमणको क्रममा उसको 'ज्वाइँन्ट चीफ अफ स्टाफ'ले यस सवालमा पटक पटक विचार-विमर्श गरेको र १९५१ को शरद्मा उत्तर कोरियाको राजधानीलाई लक्षित गर्दै बी-२९ बमवर्षक विमानद्वारा प्रहार गर्ने निधो लगभग लगभग गरिसकेको थियो ।

यसरी त्रस्त पार्दै आइरहेको अमेरिकाले युद्ध समाप्त भएको चार वर्ष पनि नहुँदै दक्षिण कोरियामा आणविक हातहतियारले सज्जित तोप र मिसाइलको थुप्रो लगाएर कोरियाली प्रायद्धीपलाई असैनिकृत क्षेत्र घोषणा गर्ने मागलाई घोती लगाउँदै आइरहेको छ । स्मरणीय छ, दक्षिण कोरियाली जनताको व्यापक दबाबपछि १९९१ मा ती सबै हतियारहरु फिर्ता लगिएता पनि उसले ४० हजारको संख्यामा त्यहाँ तैनाथ रहेका आफ्ना सैनिकहरुमार्फत् युद्धको धम्की दिने र एकल वा संयुक्त सैनिक अभ्यासमार्फत् उत्तर कोरियामाथि लामो दूरीबाट आणविक बमवर्षा गर्न रिहर्सल गर्ने गर्दै आइरहेको छ ।

यस्तो भयावह परिस्थितिमा आत्मरक्षाका लागि उत्तर कोरियाद्वारा विकास गर्न थालिएको आणविक हतियारको प्रारंभिक कार्यक्रमलाई निहुँ बनाएर आणविक हतियारले सम्पन्न महाशक्ति राष्ट्र अमेरिकाले १९९३ मा झण्डै झण्डै सैनिक आक्रमण गरेको थियो । 'अपरेशन्स प्लान ५०२७' नामक सो आक्रमण आर्थिक हिसावले फाइदाभन्दा बेफाइदा हुने गणितीय जोडको फलस्वरुपमात्रै अमेरिकाको क्लिन्टन प्रशासनले बीचैमा रोकेको थियो । स्मरणीय छ, सो आक्रमण भएको खण्डमा पूर्ण विकसित युद्ध हुने र त्यसमा मारिने १० लाख मानिसहरुमध्ये ८० देखि १ लाखसम्म अमेरिकीहरु हुने, १०० अर्ब डलर युद्ध-खर्च लाग्ने र १००० अर्ब डलरभन्दा बेसी रकमको क्षति हुने अनुमान भएपछि युद्धमा कूच गर्न रोकिएको थियो ।

त्यतिखेर युद्ध गर्नुको सट्टा संझौता गर्नु श्रेयष्कर ठानी पूर्व राष्ट्रपति जिम्मी कार्टरको मध्यस्थतामा अमेरिकाले जून १९९४ मा जेनेभामा 'एग्रीड फ्रेमवर्क' नामक आणविक हतियारसम्बन्धी संझौता गरेको थियो तथा 'राजनीतिक र आर्थिक सम्बन्धलाई सामान्यीकरण गर्ने' सहमति गरेको थियो । सो संझौताअनुसार सन् २००३ सम्ममा 'लाइट-वाटर न्यूक्लियर रियाक्टर'नामक प्रविधि र आणविक संयन्त्रहरुका लागि आवश्यक इन्धन तेल दिने शर्तमा उसले उत्तर कोरियाली आणविक शस्त्रसम्बन्धी कार्यक्रममाथि रोक लगाएको थियो । संझौता गर्दादेखि नै 'शर्तबमोजिम ती प्रविधि र तेल दिनुभन्दा अगावै उत्तर कोरियाली शासन ढलिहाल्छ नि' भन्ने सोच लिएर हिँडेको कारणले उसले कहिल्यै पनि संझौताका शर्तहरुलाई गंभीरतापूर्वक लिएको थिएन । त्यसैले शर्तहरु पूरा गर्ने कार्यमा उसबाट अति नै ढिलासुस्ती गरिएको कारणले २००२ बाट मात्रै ठूलो मात्रामा ऊर्जा र बिजुली निकाल्नका लागि निर्माण कार्य शुरु गरिएको थियो । ती प्रविधिहरुको प्रयोगविना छिटोमा यो दशकको अन्त्यसम्ममा मात्रै ऊर्जा र बिजुली उत्पादन गर्न सकिने स्थिति देखेर उत्तर कोरिया निकै हताश भएको देखिन्छ ।

तर ती शर्तहरु लागू गर्नुको सट्टा टार्दै आइरहेको अमेरिकाले २००२ को अक्टोबरदेखि उल्टै प्रतिकार गर्ने आक्रामक नीति लिन थाल्यो । 'दुष्ट र आतंकवादी राष्ट्' ठहर गरिएको उत्तर कोरियालाई गोप्य रुपमा आफ्नो आणविक कार्यक्रम जारी राखेको र नरसंहारकारी हतियारहरु अन्य मुलुकलाई सप्लाई गरेको आरोप लगाई ती शर्तहरु पूरा गर्न अस्वीकार गरियो । यसकै फलस्वरुप उत्तर कोरियाले पुरानो आणविक कार्यक्रमलाई पुनः संचालन गरेर रीस पोखेको छ ।

अमेरिकी शासकहरुलाई राम्ररी थाहा छ, उत्तर कोरियासँग न आणविक हतियार छ , न त उसले छिटै बनाउन नै सक्छ । परीक्षणविना तयार नै नहुने आणविक हतियारसम्बन्धी कुनै परीक्षण गर्न असक्षम उत्तर कोरियालाई पनि इराकलाई जस्तै नरसंहारकारी हतियारकै कार्यक्रममा फसाउने नियतले अहिले आणविक संकटको हौवा खडा गरिएको छ । उत्तर कोरियाली शासन परिवर्तन गर्ने सुवर्ण मौकाको रुपमा यसलाई दुरुपयोग गरी पूर्वी एशियामा पनि एकल प्रभुत्व कायम गरिराख्ने दीर्घकालीन नीतिअन्तर्गत यतिखेर अमेरिका क्रियाशील छ । ❑

सूचना

निर्मल लामाको आत्मकथा (पुस्तक) छिट्टै प्रकाशित हुँदैछ । प्रतिक्षा गर्नुहोस् ।

अन्तर्क्रिया प्रकाशन प्रा.लि.



दीपेन्द्रबहादुर क्षेत्री


# गरीबी घटाउने प्रयास र परिणाम उल्टो दिशामा

**एक** वर्षमा एउटा नेपालीले २२० अमेरिकी डलर कमाउँछ भन्ने आधारमा नेपाल विश्वमा बाह्रौं र दक्षिण एशियामा सबैभन्दा गरीब राष्ट्र हो भन्छ विश्वबैंक । अहिलेको सटही दरमा उक्त आम्दानी नेपाली रूपैयाँमा रू. १७,२३७ हुनआउँछ । एक दिनमा १ अमेरिकी डलरभन्दा कम आम्दानी हुने व्यक्तिलाई गरीबको महलमा गन्ने चलन छ । सो आधारमा सबै नेपाली गरीबमै पर्ने भएपनि नवौं आर्थिक विकास योजनाको अन्त्य (आ.व. २०५८/५९)सम्ममा गरीबीमा रहेका ४२ प्रतिशत नेपालीको संख्यालाई ३२ प्रतिशतमा झार्ने लक्ष्य सफल नभएर ३८ प्रतिशतमा मात्र झर्न सकेको दावी गरिन्छ । यसो हुनमा योजनाले लक्ष्य गरेको आर्थिक वृद्धिदर ६ प्रतिशत हासिल नभई सालाखाला वार्षिक ३.६ प्रतिशतमात्र हुनसक्यो । यस्तो आर्थिक वृद्धिदरको नापो कुल गार्हस्थ उत्पादनबाट लिइन्छ, जुन एक वर्षभरिमा उद्योगधन्दा, खानी, कृषि, ज्याला, मजदूरी, होटल, पर्यटकीय गतिविधि आदिमा खर्च गर्नेको खर्च र आम्दानी हुनेको आम्दानीको जम्माजम्मी जोडको अंक हो । रूपैयाँको क्रयशक्तिमा आएको फरक अर्थात् मूल्यवृद्धिको असरबाट अलग राख्न यस्तो आर्थिक वृद्धिदरको नापो अघिल्ला वर्षहरूमध्ये खास एउटा वर्षको मूल्यका आधारमा मापन गरिने चलन छ । यसअनुसार आर्थिक वर्ष २०५१/५२ लाई आधार वर्ष मानेर हेर्दा २०५८/५९ मा कुल गार्हस्थ उत्पादन रू. २७०.२ अर्ब रह्यो र आर्थिक वृद्धिदर ०.६३ प्रतिशतले ऋणात्मक हुन पुग्यो । यो ऋणात्मक आर्थिक वृद्धिदर भनेको आम्दानीका आधारहरू थपथाप गरेर भविष्यमा बढी आम्दानी गर्ने आश जगाउनुको सट्टा पहिले जोरजाम गरेको सामल पनि खत्तम बनाएर शून्यतिर उन्मुख हुनु हो ।

गएको असार २४ गते बजेट पेश गर्दा पनि आर्थिक वृद्धिदर ०.८ प्रतिशत रहेको दावी गरिएको थियो । कृषिमा खाद्यान्न र नगदेवालीहरूको उत्पादन वृद्धिदर 'निक्कै' घट्न गई १.७ प्रतिशतमात्र वृद्धि हुने र औद्योगिक उत्पादनमा ०.२ प्रतिशत बृद्धि हुने अनुमान लगाइएको थियो । तर अहिले ६ महिनापछि परिणाम उल्टो निस्केको छ । कृषिमा वृद्धिदर २.२३ प्रतिशत र औद्योगिक उत्पादनमा ९.९२ प्रतिशतले ऋणात्मक बृद्धिदर कायम भएको प्रकाशमा आएको छ । तथ्यांकअनुसार कृषि त्यति नखस्केको तर गैर कृषि-उद्योगधन्दा, होटल, पर्यटनले नराम्रो अवस्था खप्नु परेको देखिएको छ ।

उद्योगधन्दा चौपट हुँदै गएको गुनासो उद्यमीहरूको छँदैछ र नतिजाले पनि पुष्टि गरेकै छ । त्यसका पछाडि धेरै कारणहरू छन् र खास कारणहरूमा अर्थ-व्यवस्थालाई बाहिरी मुलुकसँग गाँसेर लैजान चालिएका कदमहरू पनि पर्दछन् । हाम्रा कपडा उद्योगहरू जिनतिन उत्पादन गर्थे, स्वदेशमा खपतका अतिरिक्त बाहिर निकासी पनि हुन्थ्यो । उदार अर्थ नीतिका नाममा पैठारी सरल बनाइयो, भन्सार महशूल दर घटाइयो । त्यो सुविधाअन्तर्गत संसारका कुनै कुनामा बनेको सामान पनि नेपाल भित्र्याउन चाहिने विदेशी मुद्राको सटही प्रदान गरिन्छ । भन्सार दर, केही विलासिताका वस्तुहरूमा बाहेक अन्यमा सयकडा १२/१३ देखि बढ्दैन । यी कारणहरूले नेपाली उद्योगले उत्पादन गरेका वस्तु बढी लागत (कच्चापदार्थ झिकाउन पर्ने, ढुवानी भाडा बढी) लाग्ने हुन गई विदेशी आयात सस्तो पर्न जाँदा बजारमा टिक्न नसकेको अवस्था छ । त्यसमाथि पनि थोरै महशूलसमेत नतिरी छलेर सामान ल्याउने प्रचलनले स्वदेशी उत्पादनले टक्कर लिनै नसक्ने अवस्थामा उत्पन्न भएको छ । उत्पादन घटेको छ, कल-कारखानाको उत्पादन क्षमता पूरापूर उपयोग हुन पाएको छैन । बैंकको ऋण बढेको छ । उद्योग रूग्ण बन्दै गई बैंकहरू धितो सकार्ने अवस्थामा पुगेको बताउँछन् । उक्त अवस्थामा निजी उद्योग धन्दाले कठिन बाटोबाट गुज्रन परेको अवस्था छ ।

अर्कोतर्फ, कामदार र उद्योग-व्यवसायीबीचको सम्बन्ध सुमधुर हुन नसकेका कारण जेजति उद्योग चलेका छन्, त्यहाँ गैर-नेपाली कामदारको बाहुल्यता बढेको सुनिन्छ । उद्योगपतिहरू कामदार आफ्नो इच्छामा मात्र बहाल रहनु पाउनुपर्छ, किनभने पूँजी लगाउने त हामी हौं भन्छन् । अर्कोतर्फ, पूँजीको उचित प्रतिफल, कडा पारिश्रम र दक्ष, अनुभवी कामदारको जाँगरिला हात र उत्साही मनस्थितिले मात्र प्राप्त हुन सक्दछ, सदा गर्धनमा तरवार झुण्डाएर कामदार कसरी श्रम र शीपको अधिकतम उपयोग गर्न सक्दछन् ? त्यसैले काम र माम श्रमिकको आधारभूत हक हुन् र कामको प्रत्याभूति (ग्यारेन्टी) हुनैपर्छ भन्ने धारणा छ । यो किचलोले निकास नपाएसम्म नेपाली कामदार नजानिदो ढंगले कल-कारखानाबाट विस्थापित हुँदै गई बेरोजगारीको समस्या भयावह हुँदैगएको पनि छ । नेपाली श्रमिक, त्यो पनि महिला र अदक्षहरूले काम पाउने गलैंचा उद्योगमा केही वर्षअघि ५ लाख कामदार रहेकामा हाल २ लाखमा झरेको अनुमान गरिंदैछ । त्यस्तै हालत तयारी पोशाक उद्योगको छ । सरकारी स्वामित्वमा रहेका उद्योगधन्दाको झनै वेहालको अवस्था छ ।



*अहिले ६ महिनापछि परिणाम उल्टो निस्केको छ । कृषिमा वृद्धिदर २.२३ प्रतिशत र औद्योगिक उत्पादनमा ९.९२ प्रतिशतले ऋणात्मक बृद्धिदर कायम भएको छ ।*

सरकारले कल-कारखाना चलाउने, बन्दव्यापार गर्ने होइन, यो त निजी क्षेत्रको

## ओरालो लागेको अर्थतन्त्र

काम हो । उद्योगपति, व्यापारीलाई सो काम सुम्पिनुपर्छ भन्ने आधारमा 'निजीकरण' गर्ने प्रकृया शुरू गरियो । प्रकृया शुरू गर्नुअघि जानी, बुझी संस्थालाई कमजोर बनाउन सम्बन्धित संस्थाको कामसँग नाता नै नभएका व्यक्तिहरूलाई व्यवस्थापनमा चयन गरियो । अनि निजीकरण, व्यवस्थापन करार र ठेक्कापट्टामा संस्थाहरू दिइँदा उत्पादन चौपटी, रोजगारी हरण र राष्ट्रिय उत्पादनमा खलल पुग्न गएको टड्कारो छ । बाँसवारी छाला जुत्ता कारखानाले नेपालका अधिकांश शहरी भागमा विद्यार्थी, प्रहरी, सेनाका जवानहरू र कार्यालयका कर्मचारीहरूको जुत्ताको आवश्यकता राम्ररी पूरा गरेको थियो । निजीकरणपछि त्यो कारखाना अस्तित्वमा छ भन्नेसम्म पनि नामनिसाना पाइँदैन । उल्टै कारखाना सकार्नेबाट सरकारले पाउनु पर्ने रकम पनि पाइसकेको छैन भन्ने पो सुनिन्छ । त्यो कारखानाका झण्डै ५ सय कर्मचारीले नोकरीबाट हात धोए, कल-कारखाना भारत पुग्यो भन्ने बुझिन्छ । नेपाल र नेपालीका लागि भनी मित्र राष्ट्रले दिएको उपहारले रोजगारी दिएको थियो, उत्पादनद्वारा पैठारी प्रतिस्थापन (जुत्ताको आपूर्ति) गरेको थियो र राजश्व पनि बुझाएकै थियो । किन त्यसमाथि कुदृष्टि पर्‍यो र त्यसको परिणाम के भोग्नुपर्‍यो, जगजाहेरै छ ।

त्यस्तै गति कृषि औजार कारखानाको छ, हेटौंडा कपडा उद्योगको छ । हिमाल सिमेन्ट र उदयपुर सिमेन्ट कारखाना पनि यी समस्याबाट मुक्त छैनन् । कृषि औजार कारखाना बन्द भएको बर्षौं बितिसक्यो, उत्पादन छैन र कलका पूर्जाहरू सड्न थालिसके तर कामदारको विषयमा उचित निर्णय हुन नसक्दा कारखानाको स्थिति सम्पत्ति बेचेर तलब भत्ता र निवृत्त हुँदाको रकम बेहोर्नु पर्ने अवस्था छ । हेटौंडा कपडा उद्योग ऋणमा डुबेको छ । चलाउनका लागि चालुपूँजी (कपास किन्न, ज्याला तिर्न)का लागि पनि बैंकहरूले नपत्याउने अवस्था आएको छ । ५ वर्षमा ६ जना कार्यकारी निर्देशकको फेर-बदली हुने कारणले नीतिमा एकरूपता नआई खर्च बढ्ने एकातिर छ भने कारखानाको स्वार्थलाई बेवास्ता गरी कामदार भर्ना गरी अनावश्यक खर्च बढाउने प्रवृत्तिले पनि संस्थाहरू सताइएका छन् । हिमाल सिमेन्ट, उदयपुर सिमेन्ट कारखानाको अवस्था पनि बन्द वा सुम्पिने स्थितिमा पुगेको पाइन्छ । अनुत्पादक खर्च, खासगरी अनावश्यक जनशक्तिको थुप्रोले सिर्जना गरेको थेग्नै नसक्ने शिरोभार र व्यवस्थापकीय अनिश्चितताले कारखाना गाँजेको छ । उत्पादन नभएपछि आम्दानी छैन, स्थिर खर्च यथावत् हुँदा कारखानाको सम्पत्तिले पनि ऋण थेग्न हम्मे पर्दैछ ।



दुर्गम जिल्लाकी एक श्रमिक बालिका

**नेपाली श्रमिक, त्यो पनि महिला र अदक्षहरूले काम पाउने गलैंचा उद्योगमा केही वर्षअघि ५ लाख कामदार रहेकामा हाल २ लाखमा झरेको अनुमान गरिँदैछ**

यस्तो समस्याको समाधान कारखाना हत्याएरै हुनसक्छ भन्ने मान्यता निर्णयकर्ताहरूमा छ ।

चल्तिमा रहेका केही कारखाना उत्पादन घटाउनु पर्ने नौलो रोगमा फसेका छन्, सरकारी नीतिका कारण । पहाडतिर ज्यादा चल्तिमा रहेको चाउचाउ, बिस्कुटले बजार पाए पनि पहुँच पाएन । विद्रोहीहरूको खुराक हुनसक्ने सम्झेर पश्चिम र सुदूर पश्चिमका कतिपय बजारमा चाउचाउ, विस्कुट आदिको व्यापारमा अघोषित प्रतिबन्ध छ । त्यसो त खाद्यपदार्थ च्यूरा, चामल, पिठो पनि प्रतिबन्धमा पर्छन् । गलत प्रयोग हुनसक्ने आशंकामा प्रेसर कुकुर, जि.आई.पाईप, सलाई, व्याट्री, औषधिजस्ता वस्तुहरूको उत्पादन, बिक्री-वितरणमा उल्टो असर परेको छ ।

एकपटक निक्कै मालदारमा गनिएका सरकारी स्वामित्वमा रहेका संस्थानहरू शाही नेपाल वायु सेवा निगम, नेपाल आयल निगम र जनकपुर चुरोट कारखाना सबै अस्तित्वको लडाइँमा छन् । व्यवस्थापनमा भइरहने हेरफेर र अस्थायी रूपमा चयन भएको व्यवस्थाको तत्कालिक मनोरथ थाम्न संस्थानहरू समर्थ भएनन् । फलस्वरूप ठूलो घाटामा रहेर अस्तित्वको लागि छटपटाई रहेका छन् । त्यसमा संलग्न कर्मचारीहरूको अनिश्चितता बढ्दै गएको छ । चुस्त, छरितो बनाउन कर्मचारीमा गरिने छटनी पनि ठूलो लागत बेहोर्न पर्ने अवस्थामा निजीकरणको प्रसंग उठिरहेको छ । व्यवस्थापकीय अस्तव्यस्ततामा रहेका यी संस्थानका अतिरिक्त बैंक र वित्तीय क्षेत्रहरू पनि अधोगतिमा लागेको स्वीकार गरिन्छ । पूर्ण सरकारी स्वामित्वमा रहेको राष्ट्रिय वाणिज्य बैंक १३ अर्ब घाटामा छ । सो बैंकको २६.५ अर्ब कर्जामध्ये १४ अर्ब कर्जा निस्क्रिय छ अर्थात् त्यसले आम्दानी दिँदैन । त्यही बैंकमा जनताको निक्षेप ३९ अर्ब छ *(राजधानी, २८ मंसिर, २०५९)* । जनताको निक्षेपभन्दा ज्यादै कम कर्जा रहनु र कर्जाको ठूलो अंश निष्कृय रहेबाट बैंकको टाट पल्टाइको सहजै अनुमान लगाउन सकिन्छ । सरकारको आंशिक स्वामित्वमा रहेको नेपाल बैंक लि.को पनि अवस्था योभन्दा फरक छैन । निष्कृय कर्जाको अंश त्यहाँ पनि ५० प्रतिशत छ भनिन्छ । बैंकिङ्ग क्षेत्रको झण्डै ६० प्रतिशत सम्पत्ति ओगटेर बसेका यी दुई बैंकहरू कमजोर व्यवस्थापन, राजनैतिक रूपले प्रेरित लगानी र संभवतः मीलिभगत लगानीका कारण बैंकको सम्पत्ति नोक्सान हुँदै गएको छ । यस्तो नोक्सानीमा गएको सम्पत्ति कुल गार्हस्थ उत्पादनको ६ देखि ७ प्रतिशतको नजिक रहेको अनुमान विश्वबैंकले गरेको छ । उत्पादनका लागि रकम जुटाइदिने बैंकहरूको नाजुक अवस्थाले औद्योगिक क्षेत्रको वृद्धिदर

### केही आर्थिक सूचकहरू

| *शीर्षक* | *२०५४/५५* | *२०५८/५९* |
|---|---|---|
| कुल गार्हस्थ उत्पादन/राजश्व (अनुपात %) | १०.९ | १७.४ |
| राजश्वले सरकारी खर्च धान्ने (%) | ५८.६ | ६१.३ |
| प्रतिव्यक्ति आर्थिक वृद्धिदर (%) | ०.७ | -२.८३ |
| निकासीले पैठारी धान्ने क्षमता (%) | ३०.९ | ४४.५ |
| प्रतिव्यक्ति ऋण भार (रु.मा) | ९२८४ | १३०४३ |
| चालु खाता (रु. करोडमा) | -१५१८.८ | -११७२.४ |
| शोधनान्तंर (रु. करोडमा) | १०९६.६ | -२४९.१ |
| मूल्य वृद्धि दर (%) | ८.३ | ३.५ |

*स्रोत : आर्थिक सर्वेक्षण २०५९, बजेट वक्तव्य, नेपाल राष्ट्र बैंक ।*

भएन भने फिरन्ताको कसले वास्ता गर्ला ? बेलाबखत होटल व्यवसायमा देखिएको असहज परिस्थितिका कारण पाहुनाहरू होटलबाट 'गलहत्याइनु' पनि 'अपसगुन' नै मान्नुपर्दछ । पर्यटककै अभावमा हवाइ कम्पनीहरू धमाधम ढल्दैछन् । कुनैका जहाज विदेशी साहुले फिर्ता लगे अरे भनिन्छ भने कुनैका जहाजै धरौटी राखेर चलाएका छन्, कति बेला साहुका फन्दामा पर्छन् भन्ने चर्चा व्यापक हुँदैछ । उक्त सबै उद्यम व्यवसायले सरकारलाई राजश्व त बुझाउछन् नि । तर आम्दानी नभएपछि आम्दानीको कुरा दोस्रो भयो । होटल, ट्राभलएजेन्सी, हवाई कम्पनी आदिले एकैचोटि बेहोर्नु परेको नोक्सानी पर्यटक आगमनको न्यूनता यस पटक ९.९२ प्रतिशतले भीरबाट गुल्टियो ।

बैंकहरू अहिले होटलमा लगानी भएको रकम उठाउन कस्सिएका छन् । बैंकको निष्क्रिय कर्जा घटाउन ऋण असुल गर्नुपर्‍यो । यस्तो कर्जा लिने होटल, पर्यटन व्यवसायीहरू अर्को समस्यामा फसेका छन्- पर्यटकको अभावमा । पर्यटकको संख्या स्वाट्टै घटेको कुरा त त्यसबाट भएको आम्दानीबाटै थाहा हुन्छ । राष्ट्र बैंकको तथ्यांकअनुसार आर्थिक वर्ष २०५८/५९ मा अघिल्लो वर्षभन्दा १ अर्ब पर्यटनबाट आम्दानी घटेछ । आम्दानी नभएका होटलहरू बैंकलाई ऋण थमाइदिन आग्रह गर्छन् । बैंक आफैं नोक्सानमा गएकाले भन्छ- 'आफैं त महादेव उत्तानो जर, कसले देला वर' ।

समस्याको गाँठो जेलिएको छ । पर्यटक आउदैनन्, देशमा शान्ति सुरक्षा राम्रो छैन । बाहिर सन्देश गएको छ- जेष्ठ १९, २०५८ को त्रासदीपूर्ण राजदरवार घटनाको । जुन देशका लोकप्रिय राजाको परिवारको समेत सुरक्षा हो । त्यसको समाधान खोज्न र अनुकल वातावरण ल्याउन विदेशी पर्यटकहरूको स्वछन्द परिभ्रमणको प्रत्याभूति दिन सक्नुपर्छ । विदेशी सरकारहरूले बेलाबखत जारी गर्ने सूचना पनि अतिशयोक्तिपूर्ण रूपले राजनीतिकरण भएका कारण पर्यटन क्षेत्र प्रताडित पनि छ । जो नेपाल आएका छन्, उनीहरू आश्वस्त छन्, तर बाहिरी संचारमा स्थितिको सही मूल्यांकनको अभाव रहेको र यसले अतिरंजना फैलाउने गरेको छ । त्यसको समष्टी मार पर्यटन व्यवसायी, बैंकहरू र सरकारी राजश्वमा पनि मुखरित भएको छ ।

यो आर्थिक वर्षको ३ महिनाको तथ्यांकअनुसार राजश्व गत वर्षको यसै अवधिको तुलनामा ९.१ प्रतिशतले घट्यो र ९.५७ अर्बमात्र उठ्यो । जब कि विकास खर्च यसै अवधिमा २९.२ प्रतिशतले घट्यो र १.६८ अर्बमा सीमित रह्यो । साधारण खर्च (तलब, भत्ता, खरिदारी) २.३ प्रतिशतले बढेर ११.२३ अर्ब पुग्यो । विकास



**लक्षअनुसार काम भएको खण्डमा खाद्य संरक्षण (अनिकाल, कुपोषणविरूद्ध अभियान)को ग्यारेन्टी रहने थियो । हाल कतिपय पश्चिमी पहाडी इलाकामा खाद्यान्नको संकट छ, भोकमरीमा जनता पीडित छन् ।**

शून्यतिर लम्कनु, प्रतिफल शून्य, साधारण खर्च ह्वात्तै बढ्नु र त्यसलाई राजश्व उठ्तिले थेग्न नसकेर कर्जा लिनुपर्ने अवस्था खडा हुन पुगेको छ । उक्त ३ महिनामा मात्र रू. ३.४५ अर्व बजेट घाटा रहेकोमा २.६५ अर्ब घरेलु ऋणबाट र ८०.३ करोड विदेशी ऋणबाट बेहोरिएको थियो ।

ऋणकै कुरा गर्दा हामी ऋणसँग नडराउने गोरखाली हुन पुगेका छौं । दाताले टक्राएपछि जस्तोसुकै शर्त स्वीकार्ने हामी नेपालीले कुल ऋण रकमको १३.८५ प्रतिशतदेखि २०.१४ प्रतिशतसम्म परामर्श सेवा खर्च बेहोर्ने गरेका छौं जब कि आर्थिक प्रशासनसम्बन्धी नियमावली ०४२ ले यस्तो खर्च बढी हुनुहुँदैन भनेको छ *(खत्री, गो.प. २४, फागुन २०५५)* । नेपालको आन्तरिक र बाह्य ऋण गरी हाल रू. ३०० अर्व पुगेको छ (अर्थमन्त्री श्रेष्ठ, समाचारपत्र, १५ कार्तिक, २०५९) । नेपालको हालको जनसंख्या २३० लाख मान्ने हो भने प्रत्येक नेपालीको थाप्लोमा रू. १३०४३ कर्जा हिस्सामा आउँछ । गत वर्षको कुल गार्हस्थ उत्पादन रू. २८८.७१ अर्वलाई प्रत्येक नेपालीमाँझ बाँड्ने हो भने रू. १२५५२ पर्न जान्छ । यो आधारमा प्रत्येक नेपाली खुद रू. ४९१ मा ऋणमा डुबिरहेका छन् । ऋणको भार बढ्दै जानु आर्थिक उन्नतिका लागि अवरोध मानिन्छ ।

ऋण भार बढ्नुमा परियोजनाको छनौटमा ऋणीको हात नहुनु, ऋणको सदुपयोगिता नहुनु र ऋण व्यवस्थापनमा पर्याप्त ध्यान पुऱ्याउन नसक्नु हो । ऋण सहयोगमा पूँजीगत अंश केवल ५० प्रतिशत रहने गरेको, प्राविधिक सहायता ४० प्रतिशत र बाँकी १० प्रतिशत देशले भुक्तानी गर्नुपर्ने पक्षहरूमा खर्च, आपतकालीन उद्धार आदिमा हुने गरेको छ *(सापकोटा, राजधानी १४, मंसिर २०५९)* ।

दिगो रूपले प्रतिफल दिलाउन पूँजीगत अंश उच्च हुनुपर्नेमा शंका रहन्न । चालु बजेटमा ऋणको साँवा व्याज भुक्तानी गर्न पनि साधारण खर्चको झण्डै २८.५ प्रतिशत (रू. १६.३४ अर्व) छुट्याएको छ ।

अर्थ-व्यवस्थालाई लाभ दिने अर्को पक्ष हो- वैदेशिक व्यापार । पैठारीभन्दा निकासी बढी गर्न सकेमा देशलाई लाभ पुग्न सक्नेमात्र होइन, अन्तराष्ट्रिय बजारसमेत कब्जा गर्न सकिन्छ । नेपालको व्यापार मूलतः वाह्य साधन र श्रोतमा आश्रित छ । गलैंचा, तयारी पोशाक र पश्मीना निकासीमा ९० प्रतिशतभन्दा बढी अंश आगेट्ने वस्तुहरू हुन् । यिनीहरूको उत्पादनमा श्रमबाहेकका कच्चा पदार्थ पैठारी गर्नुपर्छ । भू-परिवेष्टित मुलुक भएकाले कच्चा पदार्थको पैठारी र तयारी वस्तुको निकासी दुवैमा भाडा, भरौट खर्च लाग्दछ । त्यसमा पनि नेपाली मुद्राको क्रयशक्ति विदेशी मुद्राको तुलनामा खस्किँदै गएबाट खर्चिलो बन्दै गएको छ । २०५७ असारमा प्रति अमेरिकी डलर रू. ६८.८० रहेको नेपाली मुद्रा १२.२ प्रतिशतले अवमूल्यन भई रू. ७८.३८ पुगेको छ । यसबाट निकासीले फाइदा लिन सके पनि निकासी घट्दै गएकाले जति लाभ हुनसक्ने हो, भएको छैन । व्यापारको क्षमताको नापो निकासीले पैठारीलाई धान्ने अनुपात हो । अघिल्लो वर्ष निकासीले पैठारी धान्ने क्षमता ४८.१ प्रतिशत रहेकोमा २०५८/५९ मा ४४.५ प्रतिशतमा रोकियो । गलैंचा निकासीमात्र यस वर्ष अघिल्लो वर्षभन्दा रू. २.३८ अर्वले घट्यो । त्यस्तै, तयारी पोशाक रू. ५.३० अर्वले घट्यो । यसको प्रत्यक्ष प्रभाव रोजगारी, निकासी, आय र अन्य आर्थिक गतिविधिमा पर्न गयो ।

आर्थिक वृद्धिमा महत्वपूर्ण योगदान दिने कृषि क्षेत्र यस पटक पनि इज्जत धान्नेमा परेको छ । कुल गार्हस्थ उत्पादनमा झण्डै ४०

प्रतिशत अंश ओगट्ने कृषि क्षेत्रको दिगो विकासका लागि दीर्घकालीन कृषि योजना लागु भएको ५ वर्ष भइसकेको छ । सबै दलहरूको सहमतिमा आएको सो योजनाले २० वर्षको अवधिमा गरीबी १० प्रतिशतमा झार्ने लक्ष्य लिएकोमा हाल आएर दीर्घकालीन कृषि योजनाबारे चर्चासम्म पनि हुन छाडेको छ । कृषकको पहुँचमा रहने ट्यूवेल, पम्पसेटजस्ता सिंचाई प्रविधिद्वारा उत्पादन बढाउने, ग्रामीण विद्युत र सडकमार्फत् कृषि उत्पादन बजारमा पुऱ्याउने पनि लक्ष्य रहेको थियो । सो योजनाअनुसार, लगानी भएको खण्डमा र लक्षअनुसार काम भएको खण्डमा खाद्य संरक्षण (अनिकाल, कुपोषणविरूद्ध अभियान)को ग्यारेन्टी रहने थियो । हाल कतिपय पश्चिमी पहाडी इलाकामा खाद्यान्नको संकट छ, भोकमरीमा जनता पीडित छन् । पहाड र तराईका लागि छुट्टाछुट्टै कृषि विकास रणनीति ल्याइएको उक्त योजनामा पहाडमा पशुपंक्षीपालन, धेरै मूल्य जाने वस्तुहरू फलफूल, जडीबुटी, वन पैदावारमा जोड दिइएको छ । तराईमा सघन सिँचाइ र रासायनिक मल, बीऊका माध्यमबाट खाद्यान्न वाली उब्जाई निकासीका लागिसमेत उपलब्ध गराउने हिसाव गरिएको थियो ।

सीमित पूँजीले उद्देश्य हासिल गर्नुपर्ने हाम्रो मुलुकमा उत्पादन नबढाउने खर्च बढाउन नीति-निर्माता नै लागेको देखिन्छ । एकजना मन्त्रीको सामान्यतः बील भपाई पेश गर्नु नपर्ने गरी मासिक सुविधा रू. ६२,२९० र सबै अप्रत्यक्ष सुविधा हिसाव गर्दा सालाखाला रू. १,५५,००० (२०५२ को सुविधाअनुसार) हुने गरेको छ *(रिसाल, कान्तिपुर ८, पौष २०५४)* । आर्थिक चन्दा तथा पुरस्कार वितरणमा भएको अनियमितता २०५७/५८ को ११ महिनामा रू. १०.७३ करोड पुगेबाट अनुमान लगाउन सकिन्छ । यस्तो रकम कम्तिमा रू. १० हजारदेखि १५ लाखसम्म एक व्यक्तिले बुझेका छन् (हिमालय टाईम्स, २० चैत्र, २०५७) । भ्रष्टाचारले व्यक्ति बन्नसक्छ, तर सार्वजनिक स्वार्थका कुराहरू अधुरा रहन्छन् । संरक्षणविना अनियमितता मौलाउँदैन र दण्हीनताले भ्रष्टाचारलाई रोक्नसक्तैन । यसैको सेरोफेरोमा बहालमा छदैं उच्च स्थानमा भएको भ्रष्टाचार सहन्नँ भन्ने प्रधानमन्त्रीले 'आफ्नो निर्वाचन क्षेत्रका व्यक्तिले चोरी गरे पनि बचाउने' *(भट्टराई, काठमाण्डौ पोष्ट, २५ नोभेम्बर, १९९९)* बचन दिई अनैतिक कार्यमा प्रोत्साहन दिएकोलाई ठट्टामात्र सम्झनु युक्तिसम्मत नहोला । यस्तै, मस्तीमा रमाएको शासनले 'विकास बजेटमा व्यवस्था गरिएको भैपरी आउने सम्पूर्ण बजेट पूरै समाप्त भैसकेको र अन्य शीर्षकबाट रकमान्तर गरेर थप ९-१० अर्व रूपैयाँ खर्च भैसकेको ... र ३ महिनामा बजेटमा व्यवस्था नगरेको रकम रू. ३५ करोड नाघिसकेको छ' *(अर्थमन्त्री श्रेष्ठ, समाचारपत्र, पौष १५, २०५९)* ।

आफैं बोक्सी, आफैं झाँक्रीको यो स्वरूप नसच्चिए भोलि ऋण तिर्न पनि ऋण लिनुपर्ने छ । साधारण खर्च अर्थात् कर्मचारीलाई तलब भत्ता र इन्धन, मोटरका लागि नेपालीले तिरेको राजश्व पर्याप्त छैन । ऋण, अनुदान प्रयोग भइसकेको अहिलेको अवस्था कहालीलाग्दो त छँदैछ, आर्थिक वृद्धिदरमा ऋणात्मक हुँदै जाने प्रवृत्ति अँध्यारो भविष्यको संकेत हो ।

हुन त यस्तो ऋणात्मक आर्थिक वृद्धि २४ र २० वर्ष पहिले पनि नभएको होइन । २०३६/३७ मा २.३२ प्रतिशत ऋणात्मक वृद्धि र २०३९/४० मा २.९८ प्रतिशत थियो । त्यस बेलामा दुवै अवधिमा लामो खडेरी परेकाले कृषि उत्पादन स्वाट्टै घट्न जाँदा अनिकालसमेत पर्न गएकोले खाद्यान्न पैठारीमा साधन खर्चनु परेको थियो । २०३९/४० मा निकासी घट्यो, मूल्यवृद्धि चम्क्यो र गैर-कृषि क्षेत्रको वृद्धिदर पनि ५.८४ प्रतिशत ऋणात्मक रहन पुगेको थियो । तर आर्थिक वर्ष २०५८/५९ मा भने कृषि क्षेत्रको वृद्धिदर सकारात्मक रहेतापनि गैरकृषि क्षेत्र-उद्योग, पर्यटन, होटल आदिको ऋणात्मक बृद्धिले ठूलै खाल्डो पारिदिएको छ । सो वर्ष अर्थ-व्यवस्थाको सही स्थिति मूल्यांकन गर्ने शोधनान्तरको चालु खाता रू. १९.७२ अर्व घाटामा रहेको र देशको आर्थिक कारोवारको निचोड शोधनान्तर रू. २.४९ अर्व घाटा हुनपुग्यो ।

सबैतर्फ ऋणात्मक बृद्धि, घाटा आदिका कुरा गर्दा अर्थ-व्यवस्थाका स्वस्थ्य पक्ष नकोट्याउनु न्यायसंगत हुँदैन । आर्थिक वर्ष २०५८/५९ मा मूल्य वृद्धि सामान्य रूपले ३.५ प्रतिशत रह्यो । त्यस्तै, केन्द्रीय बैंकको परिवर्त्य मुद्राको संचिति भण्डै ११ महिनाको वस्तु व्यापार थेग्न सक्नेगरी रू. १०६.३ अर्व रह्यो । जब कि हाम्रोजस्तो अल्पविकसित र भू-परिवेष्ठित देशका लागि पनि ५ महिनाको वस्तु र सेवा व्यापार थेग्न सक्ने नै पर्याप्त हुनसक्छ । त्यसैगरी, विदेशमा काम गर्न गएका नेपालीले पठाएको विप्रेषण (रेमिट्यान्स) आकासिंदै गएको छ । अभिलेखमा प्राप्त रकम अघिल्लो वर्षको तुलनामा ३२.२ प्रतिशतले बढेर रू. १२.६८ अर्व पुगेको छ । यद्यपि बैंकिंग क्षेत्रबाहेकबाट प्राप्त हुने यस्तो रकम तीन गुना बढी हुने अनुमान गरिन्छ ।

आर्थिक विकासका माध्यमबाट जनजिविका उकास्नका लागि दौलतको उपयोग बढाउन ऋण, अनुदानसमेत प्रयोग गर्दा पनि आर्थिक वृद्धिदर ऋणात्मक हुनु राम्रो संकेत होइन । यस्तो प्रवृत्ति सच्याउन सार्वजनिक सम्पत्तिलाई पवित्र वस्तुका रूपमा ग्रहण गरी सार्वजनिक लाभकारी हिसावले प्रयोग गर्ने बानी बसाल्नुपर्दछ । सदुपयोगितामा चनाखो भई प्रतिफल दिने क्षेत्रमा श्रोत उपयोग गर्न सके आर्थिक विकासको पाटोले स्वतः गति लिंदै जान्छ । छिमेकी देश भारत र चीनको आर्थिक वृद्धिदरको लक्ष्य कम्तिमा ८.० प्रतिशत र उपलब्धि पनि उत्साहवर्द्धक हुने कुराबाट पाठ सिक्न सके नेपालीहरूको मलिनो चेहरा उजिल्याउन धेरै बेर लाग्ने छैन पनि । □


कृषि विकास बैंकले किसान, व्यापारी, उद्यमीहरुलाई ग्रामीण कृषि कर्जा, ब्यापार कर्जा र बैंकिंग सुविधाहरु प्रदान गर्दछ ।

अहिले,

- किसानहरुलाई आफूले तिर्नसक्ने जतिमात्र ऋण लिनको लागि उत्साहित गरिएको छ ।
- बैंक र किसानबीच बढी भेटघाट हुनसक्ने नयाँ व्यवस्था मिलाइएको छ ।
- बैंकिग कार्यालयहरुमार्फत् उत्पादनशील क्षेत्रमा जाने कर्जाहरुलाई प्रोत्साहित गरिएको छ ।
- ऋण र बचतलाई सँगसँगै लैजाने नीतिलाई जोडदार रुपमा कार्यान्वयन गरिएको छ ।
- बैंकले २०५४ सालमा लागू गरेको पहिलो चरणको सुधार कार्यक्रमबाट बैंकलाई सक्षम र भरपर्दो बनाउन सहयोग मिलेकोले २०५८ सालमा दोस्रो चरणको सुधार कार्यक्रम लागू गरी बैंकलाई दीर्घजीवी बनाउने पहल गरिएको छ ।

देशको समष्टिगत कृषि विकास कार्यलाई सघाउन
कृषि विकास बैंकको कार्यहरुमा सहभागी होऔं ।

**कृषि विकास बैंक**
मुख्य कार्यालय, रामशाहपथ, काठमाण्डौ
फोन: २६२८८५, २६२५९६, फ्याक्स: २६२६१६, २६२९२९
E-mail : agrbnk@infoclub.com.np,
Web Site : www.adbn.gov.np

**मकालु यातायात**

फोन नं. २७७५५२

| जाने स्थान | छुट्ने समय |
|---|---|
| काठमाण्डौ - काकडभिट्टा- | बिहान ५:०० बजे |
| काठमाण्डौ - भद्रपुर- | बिहान ५:१० बजे |
| काठमाण्डौ - उर्लावारी-मधुमल्ला- | बिहान ५:२० बजे |
| काठमाण्डौ - विराटनगर- | बिहान ५:४५ बजे |
| काठमाण्डौ - राजविराज- | बिहान ६:०० बजे |
| काठमाण्डौ - सिरहा-माडर- | बिहान ६:१५ बजे |
| काठमाण्डौ - मलंगवा- | बिहान ६:३० बजे |
| काठमाण्डौ - विराटनगर दोस्रो- | बिहान ६:४५ बजे |
| काठमाण्डौ - धरान- | विहान ७:०० बजे |
| काठमाण्डौ - जनकपुर- | बिहान ७:२० बजे |
| काठमाण्डौ - गौर- | बिहान ७:४० बजे |
| काठमाण्डौ - विरगंज- | विहान ७:०५, ८:००, १०:००, १०:१५, ११:०० र १२:१५ बजे |
| काठमाण्डौ - कलैया- | विहान ८:०० र १०:१५ बजे |
| काठमाण्डौ - बरहथवा- | बिहान ८:३० बजे |
| काठमाण्डौ - भरतपुर- | बिहान ८:३०, ९:१५ र ११:४५ बजे |
| काठमाण्डौ - गितानगर- | दिउँसा १:३० बजे |
| काठमाण्डौ - पर्साढाप-मेघौली- | दिउँसो १:५५ बजे |
| काठमाण्डौ - नारायणगढ-विशालचोक- | दिउँसो २:२० बजे |
| काठमाण्डौ - बिरगंज रात्री- | बेलुका ८:१५ बजे |

आरामदायी तथा भरपर्दो सेवाको लागि मकालु यातायातलाई सम्झनुहोस् !

- शंकर शर्मा
उपाध्यक्ष, राष्ट्रिय योजना आयोग



# देशको अर्थतन्त्र झन् ओरालो लाग्दै जानेछ

## माओवादी समस्या समाधान भएन र योभन्दा पनि नराम्रो परिस्थिति भयो भने देशको अर्थतन्त्र अहिलेभन्दा झन् बढी खराब हुँदै जान्छ

**○ नेपालको अर्थतन्त्र बीस वर्षमा पहिलो पटक ओरालो लागेको छ । योजना आयोगको उपाध्यक्षको हैसियतले तपाईंले यसलाई कसरी विश्लेषण गर्नुभएको छ ?**

- यो वर्षको आर्थिक अवस्था एकदमै नाजुक रहेको छ । ०५८/५९ को आर्थिक वृद्धिदर -०.६ प्रतिशतले तल झरेको छ । उद्योग क्षेत्रमा -१० प्रतिशत तथा व्यापार, होटेल र रेष्टुराँजस्ता पर्यटन क्षेत्रमा -११ प्रतिशतले आर्थिक वृद्धिदर ऋणात्मक भएको छ । यसो हुनुमा दुईवटा प्रमुख कारण छन् । एउटा, देशभित्रकै सुरक्षाको कारण यस्तो भएको छ । सुरक्षाको कारणले सरकारले गर्नुपर्ने तथा आई.एन.जि.ओ. तथा एन.जि.ओ.हरूले गर्ने विकास कार्यहरू हुन सकेनन् । यी कारणले पहिलेभन्दा अहिले झण्डै ५ अर्बले विकास खर्च घटेको छ । अर्को, अमेरिकामा ११ सेप्टेम्बर, २००१ मा भएको घटना र भारतीय प्लेनको अपहरणले पनि हाम्रो पर्यटन क्षेत्रमा ठूलो असर पार्‍यो । त्यस्तै गरेर, माओवादी समस्याले गर्दा हाम्रा थुप्रै विकास संरचनाहरू भत्किए र थुप्रै बन्दका आयोजनाहरू भए । त्यसले पनि यो वर्षको अर्थतन्त्रमा केही प्रभाव पार्‍यो । यी विभिन्न कारणहरूले गर्दा गत वर्षको हाम्रो आर्थिक वृद्धिदर ऋणात्मक हुन गएको हो ।

लामो अवधिको अर्थतन्त्रको कुरा गर्ने हो भने सन् १९९० मा बाटोघाटो, विद्युत, विकासका पूर्वाधार तथा सामाजिक क्षेत्रमा निकै राम्रो विकास भएको देखिन्छ । तर यसमा पनि राष्ट्रिय स्तरको परिसूचकमा राम्रो विकास भएको देखिए तापनि गुणमा प्रगति हुन सकेको देखिएन । जस्तो : सुदूर र मध्यपश्चिमाञ्चल क्षेत्रमा थोरैमात्र प्रगति भयो । त्यसको तुलनामा शहरी क्षेत्रहरूमा धेरै गुणा बढी प्रगति भएको छ । त्यसैले गर्दा ९० को दशकमा सामाजिक र विकासका पूर्वाधारको क्षेत्रमा राष्ट्रिय स्तरमा राम्रो विकास भए तापनि गरीबी निवारणमा मद्दत पुग्न सकेन ।

**○ यसरी हाम्रो अर्थतन्त्रको वृद्धिदर ऋणात्मकतातिर जानुको मुख्य कारण के देख्नुभएको छ ?**

- मुख्य कारण त माओवादी समस्या नै हो । किनभने त्यही कारणले व्यापार, उद्योग, पर्यटन आदि क्षेत्रमा श्रमिक विवाद भयो, हड्ताल भयो, श्रमिकहरूबाट अर्कै किसिमका मागहरू आए । यही माओवादी समस्याले गर्दा थुप्रै व्यापारी र उद्योगपतिहरूले उद्योगहरू बन्द गरे ।

**○ होटल, रेष्टुराँ तथा पर्यटनमा त यस्तो भएको होला, तर अरू उद्योगहरू पनि माओवादीको कारणले बन्द भएका हुन् र ?**

- यसले अरू उद्योगहरूमा पनि असर पार्‍यो । हाम्रा उद्योगहरू भनेका त मुख्य रूपमा गलैंचा तथा तयारी पोशाक उद्योगहरू नै हुन् । ती उद्योगका उद्योगीहरू के भन्छन् भने- "यो बीचमा श्रमिकहरूको माग धेरै बढ्यो, हड्तालहरू भए, त्यसले गर्दा समयमा डेलिभरी गर्न सकिएन । समयमा डेलिभरी गर्न नसकिएकोले आयातकर्ताहरूले अर्डर क्यान्सिल गर्न थाले । कहींकहीं त विनाश पनि भयो । त्यसैले गर्दा बाध्य भएर उद्योग नै बन्द गर्नुपर्‍यो ।"

**○ माओवादी समस्याले गर्दा नेपालको अर्थतन्त्र संकटग्रस्त भएको कुरा तपाईंले भन्नुभयो । यस संकटको समाधान के हुनसक्छ त ?**

- माओवादी समस्या समाधान भएन र योभन्दा पनि नराम्रो परिस्थिति भयो भने देशको अर्थतन्त्र अहिलेभन्दा झन् बढी खराब हुँदै जान्छ । गरीबीको प्रतिशत झन्झन् बढ्दै जान्छ, यसमा शंकै छैन । यदि अहिलेको स्थितिमा थोरैमात्र प्रगति भयो तथा हाम्रा योजना र कार्यक्रमहरूलाई अलिकति केन्द्रित गरेर अगाडि लान सकियो भने पनि ४ प्रतिशतभन्दा माथिको वृद्धिदर हासिल गर्न सकिन्छ ।

अर्को कुरा, कृषि क्षेत्रमा ध्यान दियौं भने त्यस क्षेत्रबाट पनि अर्थतन्त्रलाई केही मात्रामा धान्न सकिने सम्भावना देखिन्छ । अहिले देशमा केही मात्रामा भए पनि बाटोघाटोको विकास भएको छ र कृषिमा विविधता, नगदेबाली, बागवानीले केही अंश ओगटिसकेको छ । यसबाट कृषि क्षेत्रमा दुईदेखि अढाई प्रतिशतमात्र वृद्धिदर हासिल गर्न सकिन्छ । त्यस्तै गरेर रेमिट्यान्सले पनि हाम्रो अर्थतन्त्रलाई केही मात्रामा धानिराखेको छ । गत वर्ष यसले देशको विदेशी मुद्रा आर्जनमा ४० प्रतिशत ओगटेको थियो । यो अझै पनि जारी रहिरहन्छ । यसले देशको अर्थतन्त्रलाई राम्रो टेवा दिएको छ । यस्तै किसिमले नेपाल र भारतबीचमा श्रम, पूँजी, वस्तु तथा सेवाको संचालन खुल्ला रूपमा भइरहेको छ । यसले पनि देशको अर्थतन्त्रलाई केही न केही मात्रामा टेवा पुर्‍याइरहेको छ ।

> ९० को दशकमा सामाजिक र विकासका पूर्वाधारको क्षेत्रमा राष्ट्रिय स्तरमा राम्रो विकास भए तापनि गरीबी निवारणमा मद्दत पुग्न सकेन

यति हुँदाहुँदै पनि श्री ५ को सरकारले ठूल्ठूला आयोजनाहरू सम्पन्न गर्नैपर्छ र स्थानीय तहमा विकासका कार्यहरू तथा सेवा प्रदान गर्ने योजनाहरू सम्पन्न गर्नैपर्छ ।

**○ नेपालको अर्थतन्त्र केवल रेमिट्यान्सले धानिरहेको छ । त्यो नभएको भए हाम्रो अर्थतन्त्र उहिल्यै धराशायी भइसक्थ्यो भन्ने कुरा पनि आइरहेको छ नि ?**

- अहिले त विप्रेषण (रेमिट्यान्स) र कृषिले नै नेपालको अर्थतन्त्र धानिरहेको छ । तर गत १० वर्षको अर्थतन्त्रलाई हेर्ने हो भने निर्यात र पर्यटनको पनि भूमिका छ । सन् १९९० मा ६ लाख रूपियाँको निर्यात भएकोमा गत साल ५५ अर्ब रूपियाँको निर्यात भएको छ । त्यस्तै गरेर ज्यादै नराम्रो राजनैतिक अवस्था भएका एक दुई वर्षमा बाहेक पर्यटन क्षेत्रको विकास पनि धेरै राम्रो भएको देखिन्छ ।

**○ अर्थतन्त्र संकटग्रस्त हुनुमा नेपालकै अर्थतन्त्रको संरचनागत त्रुटी त छैन ?**

- केही मात्रामा त्यस्तो दोष पनि छ । आयआर्जन तथा शिक्षा, स्वास्थ्यजस्ता मानवीय विकासका संरचनामा जुन किसिमले परिवर्तन हुनुपर्ने हो, त्यो भइरहेको छैन । कहीं २/३ प्रतिशतले मात्रै र कहीं २०/२५ प्रतिशतले त्यसको विकास भइरहेको छ । खास गरी यसको विकास शहरी क्षेत्रमा बढी भइरहेको छ । यसो हुनुको खास कारण शहरी क्षेत्रमा शिक्षा र स्वास्थ्य क्षेत्रमा निकै धेरै लगानी गर्नु हो ।

**○ अहिले तयारी पोशाक तथा गलैंचा उद्योगहरू जुन किसिमले ओरालो लागिरहेका छन्, त्यसले देशको अर्थतन्त्रलाई पारेको प्रतिकूल असरबाट जोगाएर अर्थतन्त्रलाई अगाडि बढाउने योजनाहरू के के छन् ?**

- अहिले नेपालको दीर्घकालसम्म टिक्ने निर्यातको कुरा गर्ने हो भने सेवा उद्योग नै हो । यहाँको मूल सेवा उद्योग भनेको पर्यटन उद्योग हो । दोस्रो, जलविद्युत हो । निर्माणमुखी उद्योगमा

त एकदमै थोरैमात्र सम्भावना छ । किनभने हामीकहाँ ठूलो भारतीय बजार छ, तिब्बतको बजार पनि त्यतिकै छ । भारत हामीभन्दा कम उदार भएको छ । चुनिएका उत्पादनहरूका लागि मात्र अमेरिका र युरोपेली बजार छ । उनीहरूसँग हामीलाई प्रतिस्पर्धा गर्न सजिलो छैन । तर हामीले कृषिजन्य उद्योगहरूलाई अगाडि बढाउन सक्छौं । कृषिजन्य सामग्रीहरू हामीले भारत र तिब्बतको बजारमा सजिलैसँग बिक्री गर्न सक्छौं । यी २/४ क्षेत्रमा मात्रै हामीले उत्पादन बढाउन सक्यौं र त्यसको बजार पाउन सकियो भने पनि नेपालको अर्थतन्त्रमा ठूलो सुधार ल्याउन सकिन्छ ।

**○ यस्तो प्रगति गर्नको लागि पनि नेपालले कच्चापदार्थ निर्यात गर्न छाडेर निर्माण सामग्री निर्यात गर्नुपर्‍यो । तर नेपालले जडिबूटी र अन्य धुप्रै कच्चापदार्थको निर्यात गरिरहेको छ । नेपालले निर्माण सामग्री निर्यात गर्ने योजना त देखिँदैन नि ?**

– योजना नभएको होइन । अहिले पनि सरकारले विभिन्न ठाउँबाट माग भएअनुसार हग प्रोसेसिङ्ग गर्ने युनिट सित्तैमा राखिदिएको छ । एउटा सरकारी 'हग कम्पनी' भन्ने संस्था पनि छ । त्यसले पनि प्रोसेसिङ्गको लागि थुप्रै मेशिनहरू राखिदिएको छ । तर अन्तिम उत्पादनमा भने समस्या छ । मैले पनि परफ्यूमको उत्पादन गरेको थिएँ । तर बिक्री गर्न समस्या भयो । नेपालीहरूलाई 'मेड इन फ्रान्स'कै सामान चाहिन्छ । सामानहरूको उत्पादनमा विशिष्टता हासिल गर्न हामीलाई धेरै समय लाग्छ । त्यसैले नेपालमा औद्योगिक विकासका लागि साना तथा मझ्यौला उद्योगहरूलाई 'सब कन्ट्र्याक्टिङ्ग' गर्ने सुविधा दिनु पर्दछ । अहिले नेपालमा त्यसको शुरूवात भइसकेको छ । यसलाई विकास गर्न सकियो भने क्षेत्रीय बजारमा क्षेत्रीय उत्पादनका वस्तुहरू (component) विकास गर्न सकिन्छ । जस्तो– कोरियामा एउटा नाइक (Nike) जुत्ता बनाउनको लागि ५४ वटा वस्तुहरू अरू देशबाट आउँछ । त्यहाँ खाली जोड्ने काम गरिन्छ । त्यसैले हामीकहाँ श्रम प्रधानता छ भने भारत तथा अन्य देशहरूको सम्बन्धबाट यो काम गर्न सकिन्छ ।

**○ यार्चागुम्वा, गोब्रे सल्लाजस्ता विशिष्ट उत्पादनको तयारी सामान उत्पादन गर्ने देशको रूपमा नेपाललाई अगाडि लान सकिँदैन ?**

– देशभित्र माग छ भने तयारी सामान उत्पादन गर्न सकिन्छ । तर भारतसँग खुला सीमाना भएको कारणले तयारी सामान उत्पादन गर्नको लागि हामीलाई अलिकति समय लाग्छ । जडिबूटी टिस्यू कल्चर गर्ने काममा हामीले प्रोत्साहन गर्न थालिसकेका छौं । टिस्यु कल्चरबाट यार्चागुम्वाको उत्पादन प्रशस्त बढेको छ । र, कोरिया तथा अन्य देशहरूमा यसको निर्यात पनि भइरहेको छ ।

**○ अहिले देशमा उद्योग तथा सेवा क्षेत्रको विकास जुन किसिमले ओरालो लागेको छ, त्यसको सामाजिक–आर्थिक परिणाम के हुन्छ ?**

– यसको परिणाम धेरै नराम्रो हुन्छ । पहिलो कुरा त यसबाट प्रतिव्यक्ति आय नै घट्ने भयो । दोस्रो, आर्थिक क्रियाकलाप घट्ने भयो । आर्थिक क्रियाकलाप घटेपछि बेरोजगारी बढ्ने भयो ।

यी दुवै कारणले देशमा गरिबी बढ्ने भयो । आर्थिक र शान्ति सुरक्षाको हिसावले धेरै मारमा पर्ने गरीबहरू नै हुन्छन् । धनीहरूले त आफूसँग भएको सम्पत्ति बेच्लान्, बचत पनि होला, पढे-लेखेका पनि होलान्, केही काम गरेर पनि आफ्नो जीवन धान्न सक्छन् । तर गरीबहरूसँग त्यस्तो केही हुँदैन । उनीहरूले आफ्नो जीवन कसरी धान्लान् ? यसरी गरीबी बढेपछि सामाजिक समस्या झन् बढ्ने नै भयो ।

**अहिले दाताहरूबाट पहिलेभन्दा फरक खालका शर्तहरू आउन थालेका छन् । पहिले पहिले दाताहरूले योजनाअनुसारका शर्तहरू राख्थे, अहिले राष्ट्रिय नीतिमै शर्तहरू राख्न थालेका छन् ।**

**○ अहिले तथ्याङ्कगत हिसावले हेर्दा बेरोजगारी र गरीबी दर कति बढ्ला भन्ने अड्कल गरिरहनुभएको छ ?**

– यसै भन्न सकिँदैन । अहिले हामीले नेपालको जीवन स्तर सर्भेक्षण शुरू गरेका छौं । यो सर्भेक्षण पूरा हुनको लागि ९/१० महिना लाग्ला । यसमा हामीले देशभरका सबै गा.वि.स.हरूमा गरीबी र सामाजिक अवस्थाको नक्साङ्कन पनि गर्नेछौं । यस नक्साङ्कनबाट नयाँ योजनाहरू बनाउन सजिलो हुनेछ ।

**○ ओरालो लागिरहेको देशको अर्थतन्त्रलाई माथि उठाउने एउटै मुख्य उपाय अहिले उत्पन्न भएको राजनैतिक समस्याको समाधान हो भन्नुभयो । यस स्थितिमा ओरालो लागेको अर्थतन्त्रको हल गर्ने उपाय के त ?**

– यो समस्याको हल गर्नको लागि हामीले योजनाको दृष्टिकोणबाट ३/४ वटा कुरा अगाडि ल्याएका छौं । एउटा, गरीबीलाई हामीले नयाँ दृष्टिकोणले हेरेका छौं । पहिले गा.वि.स.मा ५ लाख, जि.वि.स.मा करिब १ करोड विकास खर्च दिइन्थ्यो, तर आउँदो वर्ष गरीबी निवारणकै लागि भनेर पैसा बढाइदिने योजना राखेका छौं । यो योजना ३/४ वर्षसम्म रहन्छ । दोस्रो, अहिले शिक्षा र स्वास्थ्य क्षेत्रमा ठूलो समस्या देखापरिरहेको छ । गाउँघरमा शिक्षक र स्वास्थ्यकर्मीहरू बस्दैनन् । उनीहरू शहरमै बसेर गाउँको दरबन्दीको तलब खाइरहेका छन् । त्यसैले यसको समाधानको लागि अहिले प्राथमिक शिक्षा र उप-स्वास्थ्यचौकी स्थानीय रूपमै त्यहाँको संचालक समितिलाई जिम्मा दिने र नयाँ शिक्षक र प्राविधिकको नियुक्ति पनि उनीहरूले नै गर्ने र तलब दिने व्यवस्था गरेका छौं । तेस्रो, माथि भनेजस्तै गाउँगाउँमा गरीबी र सामाजिक अवस्थाको नक्साङ्कन गरिसकेपछि त्यसको आधारमा कार्यक्रमहरू लाने योजना गर्छौं । चौथो, यसपालीदेखि पहिलेजस्तै विकास संरचनाको राष्ट्रिय स्तरमा मात्रै अनुगमन नगरेर महिला, दलित, जनजाति तथा पिछडिएका क्षेत्रहरूको सूचकाङ्कहरूलाई पनि प्रत्येक वर्ष राष्ट्रिय स्तरमा नै संचालन गर्ने योजना गरेका छौं । यसो गर्दा ती समूहहरू र क्षेत्रहरूमा के-कस्ता कामहरू भए र कति विकास भए भन्ने कुरा थाहा हुन्छ । गरीबी निवारणको लागि नै भनेर हामीले 'गरीबी निवारण कोष' भनेर एउटा कोष पनि खडा गरेका छौं । यो कोषको पैसा खास गरी मानवीय सूचकाङ्क कम भएको ठाउँमा खर्च गर्न स्थानीय निकायलाई नै जिम्मा दिने योजना राखेका छौं ।

तर नयाँ किसिमले यति धेरै कार्यक्रमहरू ल्याउँदा ल्याउँदै पनि त्यस क्षेत्रमा काम गर्न मान्छेहरू जान सक्छन् कि सक्दैनन् ? त्यस काममा खर्च गर्ने वातावरण तयार हुन्छ कि हुँदैन ? स्थानीय निकायको चुनाव कहिले हुन्छ ? भन्ने जस्ता प्रश्नहरू अगाडि आइरहेका छन् ।

**○ देशको बजेट हेर्दा कूल राजश्वको साधारण खर्च धान्न नसक्ने अवस्था छ । यस अवस्थामा तपाईंको यो योजनाको लागि पैसा कहाँबाट आउँछ त ?**

– यी योजनाहरूको लागि त पूर्ण रूपमै डोनर एजेन्सीहरूसँगै भर पर्नुपर्छ । किनभने यस पटक त हामीले राष्ट्र बैंकबाट लिने ऋण पनि ४/५ अर्ब रूपियाँ त साधारण खर्चपट्टि नै लानुपर्छ, बाँकी ७/८ अरब रूपियाँ ठूल्ठूला योजनाको लागि म्याचिङ्गफण्ड दिँदा नै सकिन्छ । त्यसैले विकास कार्यको लागि डोनर एजेन्सीसँग भर नपरी सुखै छैन ।

**○ डोनर एजेन्सीले त त्यतिकै पैसा दिँदैन । उसले पैसा दिनका लागि शर्तहरू राख्छ । उसको शर्तलाई स्वीकार गरेर पैसा लिंदा कतिपय एशिया तथा अफ्रिका देशहरूको जस्तो हालत हुने त होइन, हाम्रो ?**

– मुख्य कुरा त पैसा कहाँबाट र कसरी आउँछ भन्ने समस्या होइन, समस्या त आएको पैसाको उपयोगमा र राज्य-व्यवस्थामा देखेको छु । राज्य-व्यवस्थामा प्रगति हुने हो र सुधारका पक्षहरूलाई अगाडि लाने हो तथा हामीले खर्च गरेका कुराहरू जनताको फाइदामा पुऱ्याउन सकिने हो भने मलाई लाग्छ, त्यो त्यति समस्या हुँदैन । तर तपाईंले भन्नुभएका शर्तका कुराहरूमा भने विचार पुऱ्याउनुपर्छ । अहिले दाताहरूबाट पहिलेभन्दा फरक खालका शर्तहरू आउन थालेका छन् । पहिले पहिले दाताहरूले योजनाअनुसारका शर्तहरू राख्थे, अहिले राष्ट्रिय नीतिमै शर्तहरू राख्न थालेका छन् । त्यसैले दाताहरूसँग भर पर्नुपर्ने कुरा त पक्कै पनि राम्रो होइन ।

**○ तपाईंले भन्नुभएका योजनाहरूबाट सामाजिक सूचकाङ्कहरू त बढ्ला, तर आर्थिक समस्या यसले कसरी हल गर्छ ?**

– देशको आर्थिक समस्या हल गर्ने उपाय भनेको त देशमा पर्यटन व्यवसाय, व्यापार तथा उद्योगको विकास गर्नु हो । यी क्षेत्रहरूको विकासविना देशको अर्थतन्त्रको विकास हुनसक्दैन । यी क्षेत्रहरूको विकासले नै देशको अर्थतन्त्रलाई बलियो बनाउँछ । तर अहिलेको देशको राजनैतिक स्थिति समाधान भएन भने यसको विकास पनि सम्भव छैन । किनभने यस्तो अन्यौलपूर्ण स्थितिमा कसले लगानी गर्छ ? त्यसैले देशको स्थितिमा सुधार आएन भने देशको अर्थतन्त्र उकालो लाग्नु संभव छैन । यो स्थितिमा देशको अर्थतन्त्र झन्‌झन् ओरालो लाग्दै जाने सम्भावना बढेको छ । ❑

## नेपालको सत्ताको राजनीति भनेको षड्यन्त्र र छलछामको राजनीति हो



# जनताको मुठी बन्दूकको शक्तिभन्दा बलियो हुन्छ

- डा. मथुराप्रसाद श्रेष्ठ

*माओवादीले यो असंवैधानिक सरकारसँग वार्ता गर्दैन, त्यसैले वार्ताको लागि सबभन्दा पहिले राज्यलाई सम्वैधानिक बाटोमा ल्याउनु पर्‍यो*

**+ अहिलेको समग्र राजनैतिक परिस्थितिलाई तपाईंले कसरी मूल्यांकन गर्नुभएको छ ?**

- अहिले देशको राजनीति गैरकानूनी ढंगले संविधानविपरीत प्रतिगनमतिर गएको अवस्था छ । राज्य आफैं प्रतिगमन र संविधानविपरीत भएको छ । यो अवस्था नेपालको इतिहासमा पंचायतकालको कालरात्रीजस्तै एउटा कालखण्डको रूपमा आएको छ । यसबाट प्रजातन्त्रमाथि नै खतरा पुगेको छ । राजाबाट जुन किसिमले प्रतिगमनको घोषणा भयो, त्यसबाट राजसंस्थालाई नै खतरा पुग्नसक्छ । किनभने अहिले राजाको प्रतिगमनकारी कदमविरूद्ध सबै पार्टीहरूले संयुक्त आन्दोलन गर्ने तयारी गरिरहेका छन् । र, आन्दोलन पनि शुरू गरिसकेका छन् । यस स्थितिमा राजाले आफूले गरेको शाही घोषणा फिर्ता गरेर संविधानको घेराभित्र बस्न मन्जुर गरेको खण्डमा राम्रै हुन्छ । यदि त्यसो भएन भने जनआन्दोलन शुरू हुन्छ । प्रजातन्त्रको बचाउको लागि अर्को विकल्प छैन ।

यसरी एकातिर देश असंवैधानिक दिशातिर गइरहेको छ भने अर्कोतिर माओवादी आन्दोलन पनि चलिरहेको छ । अहिले देशका धेरै जिल्लाहरूमा सदरमुकाममा माओवादी भूमिगत र सदरमुकामभन्दा बाहिर गाउँहरूमा सरकार तथा अन्य पार्टीहरू भूमिगत छन् । देशमा हिंसा बढिरहेको छ । सरकार् र माओवादी दुवै पक्षबाट मानव अधिकारको हनन भएको छ । यो द्वन्द समाधान भएन भने देश झन् झन् अधोगतितिर जाने निश्चित छ ।

**+ माओवादीहरूले वार्ता चाहेको कुरा त नेकपा माओवादीका अध्यक्ष प्रचण्डको वक्तव्यमार्फत् पटक-पटक बाहिर आएको छ । तर राज्यले वार्ताको वातावरण तयार गरेको देखिँदैन । यस्तो किन भइरहेको हो ?**

- माओवादीले वार्ताको लागि जुन किसिमको लचकता देखायो, त्यो साह्रै नै सराहनीय कुरा हो । सरकारले पनि वार्ताको कुरा गरिरहेको छ । तर यो सरकार सम्वैधानिक छैन । राज्यलाई नियन्त्रण गर्ने माध्यम भनेको संविधान हो । राजा आफैंले संविधानलाई कागजको खोस्टो बनाइसकेका छन् । माओवादीले यो असंवैधानिक सरकारसँग वार्ता गर्दैन । त्यसैले वार्ताको लागि सबभन्दा पहिले राज्यलाई सम्वैधानिक बाटोमा ल्याउनु पर्‍यो । तर यो काम राज्यबाट भइरहेको छैन । जनता र पार्टीहरूलाई पेलेरै जान सकिन्छ भन्ने सोचले पनि यस्तो भएको हुनसक्छ ।

**+ शाही घोषणा र त्यसपछि चालिएका शाही कदमहरूविरूद्ध सबै प्रमुख पार्टीहरू त्रियाशील देखिन्छन् । तैपनि शाही घोषणा भएको ३ महिना वितिसक्दासमेत राजाले पार्टीहरूलाई वास्ता गरेका छैनन् । यो अवस्थाले मुलुकलाई कतातिर लैजान्छ ?**

- जो मान्छे सम्मानित र सम्वैधानिक राजतन्त्रबाट बाहिर आएर क्रियाशील राजतन्त्र खोज्छ, त्यस्तो मान्छेबाट धेरै आशा गर्नुहुँदैन । यसो गर्नु एउटा सपनामात्रै हुन्छ । नेपालको इतिहास पल्टाउने हो भने नेपालको सत्ताको राजनीति भनेको षडयन्त्र र छलछामको राजनीति हो । यो कुरा ज्ञानमणि नेपालको 'नेपालको महाभारत' र बाबुराम आचार्यको 'अब यस्तो कहिल्यै नहोस्' भन्ने पुस्तकहरूबाट पनि बुझ्न सकिन्छ ।

अर्कोकुरा, नेपालमा 'काग कराउँदै गर्छ पिना सुक्दै गर्छ' भन्ने उखानको प्रचलन छ । त्यही प्रचलनलाई अंगालेर 'यिनीहरू कराउँदै गर्छन्, म अगाडि बढ्दै जान्छु' भन्ने मनसाय भएकोले पनि राजाले पार्टीहरूलाई वास्ता नगरेर शाही घोषणा फिर्ता नगरेको हुनसक्छ ।

**+ अहिले देशमा एकातिर अशान्ति मच्चिएको छ, जनताको जीउधनको सुरक्षा छैन, अर्कोतिर प्रजातन्त्रमाथि नै खतरा उत्पन्न भएको छ । यो संकटको समाधान कसरी हुनसक्छ त ?**

- अहिले राजा र माओवादी पार्टी दुवैले सक्रिय बन्दूकको राजनीति गरिरहेका छन् । तर यो बन्दूकको राजनीति धेरै समयसम्म टिक्न सक्दैन । किनभने बन्दूकबाट निस्कने गोलीभन्दा जनताको मुखबाट निस्कने आवाज, हावामा उठ्ने मुट्ठीहरू र जनताको आन्दोलन शक्तिशाली हुन्छ । बन्दूकको राजनीतिमा टिक्न चाहने इरानको शाह, फिलिपिन्सको मार्कोसजस्ता तानाशाही शासकहरू जनताको आन्दोलनको अगाडि टिक्न नसकेको इतिहास छ । नेपालमै पनि ३० वर्षसम्म जनतामाथि कालरात्री थोपरेको पंचायती शासनलाई नेपाली जनताको विद्रोहले समाप्त गरेको इतिहास छ । यसरी जतिसुकै शक्तिशाली शासकहरू पनि जनताको विद्रोहको अगाडि टिक्न नसक्ने कुरा विश्वकै इतिहासले प्रष्ट पारेको छ ।

त्यसैले जनताको संगठित आवाज र हातलाई प्रभावकारी बनाउनु प्रजातन्त्रवादीहरूको सबैभन्दा ठूलो जिम्मेवारी र कर्तव्य हो । अहिले पनि नेपाली जनता, बुद्धिजीवीहरू, मानवअधिकारवादीहरू सबैले मिलेर वार्ताको निम्ति सरकार र माओवादी दुवैको टुप्पी समात्नु पर्‍यो । नत्र नेपाली जनता दोहोरो बन्दूकको शिकारमा परिरहने छन् । वार्ता र युद्धविरामबाहेक प्रजातन्त्रलाई जोगाउने अर्को उपाय छैन ।

**+ अहिलेको संकट समाधान गर्ने र लोकतन्त्रलाई बचाउने उपाय संविधानसभा हो भन्ने कुरा पनि आइरहेको छ । यसमा तपाईंको के राय छ ?**

- ०४६ को जनआन्दोलनपछि गठन भएको अन्तरिम मन्त्रीमण्डलमा म पनि एकजना मन्त्री थिएँ । त्यतिबेला नै मैले ००७ सालमा जस्तै अन्तरिम संविधान बनाउने र १ वर्षभित्र संविधानसभाको प्रारूप तयार गरेर संविधानको

निर्माण गर्ने भन्ने प्रस्ताव राखेको थिएँ । तर त्यो प्रस्ताव स्वीकृत भएन । संविधान निर्माण गर्ने काम संविधान सुझाव आयोग र अन्तरिम मन्त्रिमण्डललाई नै दिइयो । संविधान सुझाव आयोग र मन्त्रिमण्डलमा सबै पक्षको प्रतिनिधित्व भएकोले संविधान राम्रै बन्छ भन्ने कुरामा सबैले विश्वास गरे । हुन पनि त्यतिबेला निर्माण भएको संविधान दक्षिण एशियाका देशहरूमा भएका संविधानहरूमध्ये सबभन्दा राम्रो थियो । तर वास्तवमा त्यो संविधान जनताको संविधान हो भनेर म मान्न तयार छैन । संविधान आयोगकै मान्छेहरूले पनि यो कुरा भनिरहेका छन् । संविधान बनाउने वैधानिक अंग भनेको त संविधानसभा पो हो । संविधानसभा जनताद्वारा चुनिएर आएका र जनताको जनादेश प्राप्त प्रतिनिधिहरूबाट बन्छ ।

अर्को कुरा, ००७ सालको क्रान्तिपछि श्री ५ त्रिभुवनले संविधानसभाको घोषणा गरेका थिए । एक किसिमले संविधानसभा इतिहासले थाँति राखेको कुरा पनि हो । यी दुवै दृष्टिकोणले संविधानसभाको माग स्वाभाविक माग हो । प्रजातन्त्रको विकास र संरक्षणको लागि संविधानसभा आवश्यक छ ।

> वार्तामा विदेशी मध्यस्थकर्ता ल्याउने कुरामा म सहमत छैन । विदेशीले मध्यस्थता गर्ने बित्तिकै नेपालको भन्दा विदेशको एजेण्डा बढी हुन्छ ।

**+ संविधानसभा भयो भने प्रतिगमनकारीहरूलाई फाइदा पुग्नसक्छ भन्ने तर्क पनि आइरहेको छ नि ?**

-संविधानसभा सार्वभौम जनताको एउटा अधिकार हो । र, यो एउटा स्वाभाविक प्रक्रिया पनि हो । संविधानसभा भयो भने योभन्दा नराम्रो संविधान बन्छ भन्नु बेइमानी र निराधार हौवा हो ।

**+ संविधानसभाले कसरी राम्रो संविधान बनाउनसक्छ त ?**

संविधान राम्रो र नराम्रो बन्नुमा संविधानसभाको गठन कस्तो हुन्छ भन्ने कुरामा निर्भर गर्दछ । मेरो विचारमा संविधानसभा जनताद्वारा निर्वाचित सदस्यहरूबाट मात्र बन्नुपर्छ, त्यसमा कसैबाट पनि मनोनित सदस्यहरू हुनुहुँदैन । त्यसमा सबै जनजातिको प्रतिनिधित्व हुनुपर्छ । बन्दूकको नाल तेर्स्याएर चुनाव हुनुहुँदैन । चुनाव स्वतन्त्र र निष्पक्ष हुनुपर्छ । प्रतिगमनकारी संविधान बन्न नदिनको लागि बहुदलीय प्रजातान्त्रिक व्यवस्था र संवैधानिक राजतन्त्रभन्दा प्रतिगमन गर्न नपाइने, राज्यशक्तिको स्रोत जनता हो भन्ने कुरा मान्नैपर्ने जस्ता कुराहरूको प्रावधान राख्नुपर्दछ । अर्कोकुरा, त्यसलाई खण्डन गर्ने र विरोधाभास गर्ने पुराना कानून र पछि बन्ने कानूनहरू स्वतः खारेज हुने व्यवस्था पनि यसमा गर्नुपर्दछ । त्यस्तै गरेर, संविधानको संशोधन गर्नु परेमा पनि संविधानसभाले नै गर्नुपर्ने र त्यो पनि संविधानसभाले गुपचुप रूपमा गर्न नपाइने, संविधानको यो यो धारा, यो यो कारणले ठीक भएन, त्यो धाराको सट्टा, यो यो कारणले यो धारा राख्नुपर्ने भन्ने कुरा जनतालाई पूर्वसूचना दिएर जनताको बीचमा व्यापक छलफल गराएर मात्र संशोधन गर्ने प्रक्रिया अपनाउनुपर्छ ।

संविधानसभा आउनेबित्तिकै सबै संकट जादुको छडी घुमाएजस्तै समाधान हुनसक्छ भनी ठान्नेहरू र संविधानसभा आएमा झन् नराम्रो हुन्छ भन्ने दुवैथरिबाट हामी सतर्क हुनुपर्दछ । यतिभन्दा भन्दै पनि संविधानसभा प्रगतिशील प्रजातन्त्रको निम्ति एउटा सामान्य र आवश्यक प्रक्रिया हो ।

**+ तपाईंको विचारमा माओवादी विद्रोह समाधानको लागि चाल्नुपर्ने कदमहरू के-के हुन् ?**

- पहिलो कुरा त माओवादी विद्रोहको जड कारण पत्ता लगाउनु पर्‍यो र त्यसको समाधानका उपायहरू निकाल्नु पर्‍यो । यो विद्रोहबाट देशमा पैदा भएको द्वन्दले सामाजिक-राजनैतिक रूपान्तरणमा भूमिका खेल्नसक्नु पर्‍यो । र, देशलाई अग्रदिशामा लैजाने सोच राख्नुपर्‍यो ।

दोश्रो कुरा, माओवादी विद्रोहलाई दमन गरेर सिध्याउन सक्ने स्थिति छैन । राज्य र माओवादीबीचको वार्ताबाट मात्रै यो समस्या समाधान हुनसक्छ । माओवादी वार्ताको लागि तयार भएको कुरा आइसकेको छ । सरकारले मुखले 'वार्ता गर्छु' भने तापनि व्यवहारमा त्यस्तो देखिएको छैन । सरकारले साँच्चैकै वार्ता चाहेको हो भने युद्धविरामको घोषणा गर्नुपर्‍यो । आतंकवादी कानून खारेज गर्नुपर्‍यो, टाउकाको मूल्य फिर्ता लिनुपर्‍यो र माओवादीले पनि त्यहीअनुरूप काम गर्नुपर्‍यो ।

**+ वार्तामा विदेशी मध्यस्थकर्ता ल्याउने कुरा पनि आएको छ नि ?**

वार्तामा विदेशी मध्यस्थकर्ता ल्याउने कुरामा म सहमत छैन । विदेशीले मध्यस्थता गर्ने बित्तिकै नेपालको भन्दा विदेशको एजेण्डा बढी हुन्छ । नेपालीहरूले त्यसमा चासो लिन पाउने र सल्लाह-सुझाव दिन पाउने संभावना हुँदैन । त्यसैले वार्ताको मध्यस्थता नेपालकै संघ-संस्थाहरूले गर्नुपर्दछ र नेपालमै वार्ता हुनुपर्दछ । यो द्वन्द नेपालीहीहरूकै समस्या हो र नेपालीहरूले नै समाधान गर्नुपर्दछ, नेपालीहरूले नै समाधान गर्न सक्दछन् ।

*- प्रस्तुति : मुक्ता श्रेष्ठ*

देशमा शान्ति र सुव्यवस्था कायम हुनसकेमा मात्र विकासको गति तीव्र हुनसक्छ । यसर्थ समाजमा शान्ति, सुव्यवस्था कायम राखी एकता र राष्ट्रिय हितको भावनाले विकास कार्यमा सहभागी हुनु सबै नेपालीहरूको प्रमुख कर्तव्य हो ।

श्री ५ को सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग



जोगीमाराका ज्यूँदाहरू को एक दृश्य

# पहाडी चलचित्रमा नेपालको उपस्थिति

अबदेखि महोत्सवमा देखाइने चलचित्र-हरूसमेत प्रदर्शनपूर्व नै सेन्सर गराउनु पर्नेछ

■ गोविन्द वर्तमान

**वृत्तचित्रहरू** यथार्थका दृश्यात्मक बान्कीहरू हुन् । तर ती बान्कीहरूमा प्रस्तोताका आफ्ना आग्रहहरूले पनि यात्रा गरेका हुन्छन् । वृत्तचित्रको प्रस्तोता मूलतः त्यसको निर्देशक नै हो । निर्देशकले यथार्थलाई आफ्नो दृष्टिविन्दुबाट हेर्ने गर्दछ र त्यहीअनुरूप वृत्तचित्रका दृश्यात्मक बान्कीहरूमा यथार्थको एउटा पाटोमाथि निर्देशकको वैचारिकता पनि व्यक्त हुन्छ । धेरै हदसम्म कथानक चलचित्रका सम्बन्धमा पनि यही कुरा भन्न सकिन्छ । फरक कतिमात्र हो भने कथानक चलचित्र यथार्थलाई कल्पनाको सहयोगमा आख्यानीकरण गरेर दृश्य माध्यममा ढाल्ने प्रक्रियाबाट निर्माण हुन्छ भने वृत्तचित्रमा चाहिँ काल्पनिकता यथार्थको प्रस्तुतिलाई आकर्षक बनाउने क्रममा केवल निर्देशकको कलात्मक चेतनाद्वारा झल्किने गर्दछ ।

भूगोलको दृश्यांकन, मानिसका भावनाहरू देखाउँदा उनीहरूको शारीरिक भाषालाई क्यामेराले समात्ने तरिका, उद्घोषणको कलात्मक प्रभाव आदिबाट एउटा वृत्तचित्रमा यथार्थलाई विस्तारित गरिन्छ । त्यही यथार्थको विस्तार गर्ने वा यथार्थलाई दर्शकको मानसिकतामा गढ्ने गरी प्रस्तुत गर्ने सीपलाई हामी वृत्तचित्रकर्मीको क्षमता भनेर बुझ्छौं । यो कलात्मक क्षमता निर्देशकको विचार र उसको भावनाद्वारा वृत्तचित्रमा प्रस्तुत हुन्छ । निर्देशकको कलात्मक क्षमताले सम्बन्धित वृत्तचित्रमा मौलिकताको निर्माण पनि गर्दछ ।

उपर्युक्त दृष्टिले हालै सम्पन्न काठमाण्डौ अन्तरराष्ट्रिय पर्वतीय फिल्म महोत्सव एउटा प्रभावकारी आयोजन थियो । किनभने त्यस महोत्सवमा फरक फरक निर्देशकका फरक फरक विचार र भावात्मक आग्रहहरू विभिन्न शीर्षकहरूमा प्रस्तुत भएका थिए ।

गत मंसिर १९ देखि २२ गतेसम्म सम्पन्न भएको त्यस महोत्सवमा २३ वटा देशका ५३ चलचित्रहरू देखाइएका थिए । अन्तरराष्ट्रिय पर्वतवर्ष र सगरमाथा आरोहणको ५० औं वार्षिकोत्सवको उपलक्ष्यमा यो महोत्सव आयोजित थियो । पहाड र पहाडसँग मानिसका नाता र संस्कारहरूको सरोकार त्यस महोत्सवमा देखाइएका चलचित्रका विषयहरू थिए ।

हिमाल एशोसिएसनको आयोजनामा भएको त्यस महोत्सवमा नेपाल र नेपाली विषयको सहभागिता उल्लेखनीय थियो । मोहन मैनालीको वृत्तचित्र *जोगीमाराका ज्यूँदाहरू*, पत्रकार एलेक्स ग्याबीको वृत्तचित्र *काठमाण्डौ : अनटोल्ड स्टोरिज*, छिरिङ्ग रितार शेर्पाको *लामा मनी*, स्टिप बोजिकको *धौलागिरी एक्सप्रेस*, द नेशनल ज्योग्राफीक सोसाइटीको प्रस्तुति *अमेरिकन अन एभरेष्ट*, भीम कला राईको *माइ सिस्टर एण्ड हर एल्लो क्लोथ* त्यस्ता वृत्तचित्रहरू थिए । नवीन सुब्बाको बहुचर्चित कथानक चलचित्र *नुमाफुङ्ग* अर्को सहभागी चलचित्र थियो, जसलाई स्वदेशी तथा विदेशी दर्शकहरूले राम्ररी रूचाए ।

महोत्सवको तेस्रो दिन *नुमाफुङ्ग*मा नारी पात्रको प्रस्तुतिबारे गम्भीर छलफल भएको थियो । यस चलचित्रमार्फत् निर्देशकले पहिलोपल्ट नेपाली महिलाको वास्तविक स्वरूपलाई उद्घाटित गरेका छन् । त्यही विषयलाई केन्द्रमा राखेर छलफल कार्यक्रमका सहभागी विशिष्ट वक्ताहरूले आफ्ना विचारहरू खुलस्त गरेका थिए । विशेषतः डा. सिएरा तामाङले चलचित्रका विभिन्न दृश्यहरूको उदाहरण प्रस्तुत गर्दै *नुमाफुङ्ग*ले नेपाली नारी जगतको सशक्त प्रतिनिधित्व गरेको विचार व्यक्त गर्नुभएको थियो । *बिमिन एज सिन थ्रू द आइज अफ नुमाफुङ्ग* शीर्षकमा भएको त्यो छलफलले चलचित्रलाई यथार्थको कलात्मक प्रतिविम्वन गर्ने प्रभावकारी माध्यम बनाउनुपर्छ भन्ने विचारलाई टेवा पुऱ्याएको थियो ।

एलेक्स ग्याबीको वृत्तचित्र *काठमाण्डौ : अनटोल्ड स्टोरिज*मा काठमाण्डौ महानगरभित्रको अर्को काठमाण्डौलाई देखाउने प्रयत्न भएको छ । बाउआमालाई ढाँट्ने छोराहरू, श्रीमतीहरूलाई छल्ने लोग्नेहरू र तिनीहरूको दुराचारलाई महानगरीय पर्यावरणको अवाछित उपजको रूपमा फिल्ममा देखाइएको छ । फिल्मले के देखाउँछ भने काठमाण्डौ शहर थुप्रै अनिष्टकारी गोपनीयताहरूले भरिएको एउटा त्यस्तो शहर हुँदैछ, जहाँ



जोगीमाराका ज्यूँदाहरू को एक दृश्य

**राम्रा वृत्तचित्रहरूदेखि लिएर त्यस्ता सार्थक चलचित्रहरूलाई विभिन्न तरिकाले महोत्सवहरूको घेराभन्दा बाहिरसम्म पुऱ्याउनुपर्छ, त्यसको निम्ति के के उपायहरू अवलम्बन गर्न सकिएला ?**

युवायुवतीहरू दुर्व्यसनीमात्र भइरहेका छैनन्, प्राणघातक एड्सलाई फैलाउने साधन पनि भइरहेका छन् । काठमाण्डौंभित्रको यो जटिल काठमाण्डौंलाई उपचार गर्न राजनीतिक, सांस्कृतिक र मनोवैज्ञानिक उपचारपद्धतिको आपूर्ति भएन भने काठमाण्डौ आन्तरिक रूपमा अझ कुरूप हुँदै मानवीय रूपमा ध्वस्त हुने विन्दुमा पुग्नेछ भन्ने सन्देशतर्फ यस वृत्तचित्रले संकेत गर्दछ ।

महोत्सवमा नेपालको सहभागितालाई महत्वपूर्ण उपस्थिति सावित गर्ने वृत्तचित्रचाहिँ *जोगीमाराका ज्यूँदाहरू* थियो । खोज पत्रकारिता केन्द्रका निम्ति यस वृत्तचित्रको निर्माण तथा निर्देशन पत्रकार मोहन मैनालीले गर्नुभएको हो । महोत्सवमा यो वृत्तचित्र तीन पटकसम्म देखाइयो । तीनै पटक यस वृत्तचित्रका दर्शकहरू अन्यका भन्दा धेरै थिए । विमानस्थल निर्माण गर्न धादिङ्ग जिल्लाको जोगीमाराबाट कालिकोट लगिएका २० जना मजदूरहरूमध्ये १७ जना मारिएका थिए । निर्दोष मजदूरहरूको हत्या र त्यसले उब्जाएका पीडा र प्रश्नहरूलाई *जोगीमाराका ज्यूँदाहरू*मा देखाउने प्रयत्न गरिएको छ । माओवादी र सुरक्षाकर्मी दुईथरिका बन्दूकहरूको मारमा निर्दोष नेपालीहरू मारिएका छैनन् भन्ने भनाइलाई त्यस वृत्तचित्रले एउटा खतरनाक झूठ सावित गरिदिएको छ । खासगरी राज्यका तर्फबाट बोलिँदै आएको यस प्रकारको झूठविरूद्ध लक्षित भएकोले नै प्रतिक्रियास्वरूप प्रशासनले यस वृत्तचित्रको प्रदर्शनमै हस्तक्षेप गरेको थियो । तर आयोजकहरूको सुझबुझ र संयमित प्रतिवादले गर्दा त्यसको प्रदर्शनमा त्यति विघ्न हुन पाएन । त्यसपछिका थुप्रै दिनहरू बितिसकेका छन्, तर अभिव्यक्तिको माध्यमलाई थुनछेक गरेर सत्ता स्वार्थलाई बल पुऱ्याउने खेल जारी छ ।

संभवतः *जोगीमाराका ज्यूँदाहरू*को प्रदर्शनले गर्दा नै अत्तालिएर सरकारले मूर्खतापूर्वक चलचित्रहरूको महोत्सवलाई नै प्रतिकूल प्रभाव पार्ने गरी नियम तर्जुमा गरेको छ । त्यसअनुरूप अबदेखि महोत्सवहरूमा देखाइने चलचित्रहरूसमेत प्रदर्शनपूर्व नै सेन्सर गराउनु पर्नेछ । अभिव्यक्ति स्वतन्त्रता उन्मूलन गर्ने दिशामा सरकारले चालेको यो कदमलाई प्रवुद्ध चलचित्रकर्मी तथा अभिव्यक्तिका क्षेत्रमा कार्यरत सबैले विरोध गरेका छन् । प्रजातन्त्रप्रति पक्षधरता देखाउने सरकारको इच्छा साँचो हो भने सरकारले चलचित्र महोत्सवहरूलाई समेत दुरूत्साहित गर्ने नियम-कानूनलाई खारेज गर्नुपर्दछ, अन्यथा परिणाम अन्ततः सरकारकै निम्ति हानिकारक हुनेछ ।

अन्त्यमा केही अपेक्षा उजागर गरौं ।

भनिरहनु पर्दैन, यथार्थलाई कलात्मक ढाँचामा सबभन्दा आकर्षक तरिकाले व्यक्त गर्ने माध्यम चलचित्र नै हो । यो माध्यम यतिबेला एक्काइसौं शताब्दीको साहित्य बनेर फैलिंदैछ । पुस्तकको महत्ता र प्रासङ्गिकता अजेय हुँदाहुँदै पनि पुस्तकका स्रष्टाहरूसमेत अचेल चलचित्रलाई लोकप्रिय साहित्यको संज्ञा दिने अवस्थामा पुगेका छन् । तसर्थ पनि नेपालका चलचित्रकर्मीहरूले सामाजिक सरोकारलाई गम्भीरतापूर्वक आत्मसात् गर्नुपर्ने अवस्था छ । तर त्यस दिशातर्फका हाम्रा प्रयत्नहरू प्रभावकारी छैनन् । चलचित्र महोत्सवहरूमा पुग्ने दर्शकहरूको काँट हेर्दा कस्तो लाग्छ भने छानिएका बुद्धिजीवी र सुकिला मानिसहरूमात्रै राम्रा चलचित्रका आस्वादकहरू हुन् । त्यसो हुनमा फेरि पनि चलचित्रकर्मी र चलचित्र महोत्सवका आयोजकहरूको सामाजिक प्रतिवद्धता जिम्मेवार देखिन्छ । समाजलाई सबै प्रकारले सूचित र शिक्षित गर्ने हो भने हामीले सुन्दर कलाकृतिहरूलाई आम मानिसको पहुँचभित्र पुऱ्याउनैपर्छ । त्यसैले राम्रा वृत्तचित्रहरूदेखि लिएर त्यस्ता सार्थक चलचित्रहरूलाई विभिन्न तरिकाले महोत्सवहरूको घेराभन्दा बाहिरसम्म पुऱ्याउनुपर्छ । त्यसको निम्ति के के उपायहरू अवलम्बन गर्न सकिएला ? यो प्रश्न विगतका चलचित्र महोत्सवहरूले जस्तै यस महोत्सवले पनि अनुत्तरित नै छोडेको छ । हामी हिमाल एसोसिएसनजस्ता संस्था र थुप्रै चलचित्रकर्मीहरूबाट चलचित्रलाई केहीको होइन सबैको माधयम बनाउने प्रक्रियाको संचालन भएको हेर्न चाहन्छौं । ❑❑



'ए म्यान कल्ड नोम्याङ'को एक दृश्य



'नुमाफुङ'को एक दृश्य

*चलचित्र महोत्सवहरूमा पुग्ने दर्शकहरूको काँट हेर्दा कस्तो लाग्छ भने छानिएका बुद्धिजीवी र सुकिला मानिसहरूमात्रै राम्रा चलचित्रका आस्वादकहरू हुन्*



'ए सेकेण्ड स्टेप'का अपाङ्ग आरोही

# चेपाङ्गहरुका जटिल समस्याहरुको नालीबेली


चेपाङ्ग समुदायको एक घर-गृहस्थी

■ चेपाङ्गहरू चितवन, धादिङ्ग, गोरखा र मकवानपुर जिल्लाका पहाडी क्षेत्रमा बसोबास गर्दै आएका छन् । हालैको केन्द्रीय तथ्यांक विभागको तथ्यांकअनुसार उनीहरूको जनसंख्या ५२२३७ छ, जसमा महिला २६६८५ र पुरूष २५५५२ छन् ।

■ उनीहरू अधिकांशको नागरिकता प्रमाणपत्र छैन । केही गाविसमा ८५ प्रतिशत महिलाको नागरिकता छैन, केहीको त बंशकै नै नागरिकता छैन । त्यसैले धेरैजसो चाहिं वृद्ध भत्ता, जागिर तथा जग्गा दर्ताजस्ता सुविधाबाट-समेत बंचित हुन पुगेका छन् ।

■ उनीहरूले पुर्खादेखि कमाउँदै आएको लालपूर्जा छैन । त्यसैले उनीहरू जग्गा भएर पनि सुकुमबासीसरह बाँचिरहेका छन् । पूर्जा नहुनाले कबुलियती बन र सामुदायिक बन बनाउने क्रममा तथा अन्य जातिको स्वार्थवश उनीहरूका जग्गा अतिक्रमण शुरू भइसकेको छ । र, यसलाई सरकारले समयमा नै ध्यान नपुर्‍याए यसले विकराल रूप लिने स्थिति छ ।

■ उनीहरूमा जग्गा कम छ । भएको जग्गा पनि भिरालो र रूखो छ । यसले ६ महिना खान धौ धौ पर्छ । र, प्रत्येक वर्ष अनिकालले पिरोल्छ । पाटो बारीले खान नपुग्ने भएकोले उनीहरूले पुर्खौदेखि खोरीया कमाउँदै आएका छन्, जसको लालपूर्जा पनि छैन । यसले गर्दा कबुलियती बन, सामुदायिक बन तथा अन्य जातिमार्फत् खोरीयाको अतिक्रमण भइरहेको छ ।

■ उनीहरूको शैक्षिक अवस्था ज्यादै नाजुक छ । ४ जिल्लाका चेपाङ्गमध्ये केवल ६७ जनाले मात्र एस.एल.सी. पास गरेका छन्, जसमा महिलाको स्तर अझ न्यून छ । वास्तवमा शिक्षाको कमी हुनु, नागरिकता नहुनु, गरीव र उत्पीडित हुनु र राजनीतिमा पहुँच नहुनु उनीहरूका प्रमुख समस्याहरू हुन् ।

नेपाल चेपाङ्ग संघले चितवन, गोर्खा, धादिङ्ग र मकवानपुरमा रहेका चेपाङ्गहरूको मूल समस्याहरूबारे हालसालै प्रारम्भिक सर्वेक्षण गरेको थियो । उनीहरूका मूल समस्याहरूमध्ये एक हो- नागरिकताको अभाव । एकातिर नागरिकता नभए जग्गाको लालपूर्जा पाउन नसक्ने र जग्गा नभए वा बसोबासको स्थायी ठेगानाको प्रमाण नभए नागरिकता नपाउने जस्ता बृहत समस्याले उनीहरूको जीवन जेलिन पुगेको छ । नागरिकता बंशजको नाताले पाउने प्रावधान रहँदा बंशमा नै नागरिकता प्रमाणपत्र र लालपूर्जाको प्रमाण नहुँदा ठूलो अन्याय भइरहेको छ । यसरी नागरिकता र जग्गाको प्रमाण नभएकाले कमाईआएको जमिन पनि गुम्ने अवस्था छ ।

आफ्नो जग्गाबाट ६ महिना खान नपुग्नु र स्वदेशी तथा वैदेशिक रोजगारमा पनि पहुँच नहुनुजस्ता अवस्थाले उनीहरू पुर्खौदेखि खोरिया खेती गर्न बाध्य भएका हुन् । यसैमा पनि बढिरहेको अतिक्रमणले गर्दा उनीहरू कहालीलाग्दो अवस्थामा बाँचिरहेका छन् । यसलाई सरकारी तवर र अन्य सम्बन्धित निकायहरूले गहिरिएर समयमा सहयोग नगरेमा चेपाङ्ग समुदायमा अनिकालको ठूलो महामारीले ठूलो रूप लिने अवस्था छ ।

## नागरिकतासम्बन्धी जटिलता

नेपाल चेपाङ्ग संघले हालसालै मात्र नेपालको चार जिल्लामा (चितवन, गोर्खा, धादिङ्ग र मकवानपुर) बसोबास गरिरहेका चेपाङ्गहरूको नागरिकता प्रमाणपत्र-सम्बन्धी वास्तविक अध्ययन गरेको थियो । प्रारम्भिक अध्ययनको रूपमा चार जिल्लाका १७ गाविसका १-१ वडाको तथ्यांक लिइएको थियो । त्यसअनुसार चितवनका ७ गाविसमा, गोरखाका ३ गाविसमा, आदिङ्गका ३ गाविसमा र मकवानपुरका ४ गाविस अध्ययन गरिएको थियो । अध्ययन अनुसार ४ जिल्लाका चेपाङ्गहरूमा समग्रमा उमेर पुगेर पनि नागरिकता नलिनेमा ५९% (महिलामा ६५% र पुरूषमा ५३%) देखिएको थियो । यसरी नागरिकता नलिनेमा चितवनमा ६१% (महिला ६२%, पुरूष-६०%), धादिङ्गमा ७८% (महिला- ८५%, पुरूष-७०%), गोरखामा ४६% (महिला-४९%, पुरूष-४३%) र मकवानपुरमा ५२% (महिला-६५%, पुरूष- ४०%) पाइएको थियो । अध्ययनअनुसार उनीहरू अधिकतम ८५% र न्यूनतम ४०% नागरिकता नभएका पाइएका छन् ।

नेपाली भनेर चिनाउन, आर्थिक कारोवार गर्न, रोजगारको लागि व्यक्तिगत चिनारी र सुरक्षाको लागि, चुनावी उम्मेदवार बन्नको लागि, राज्यले दिएको हक उपयोग गर्न नागरिकता बनाउन आवश्यक छ भन्ने भनाइ सबैको थियो । तापनि नागरिकता नलिनुको मूल कारण हो- आर्थिक स्थिति नाजुक हुनु, यसको महत्व नबुझ्नु, स्थानीय जनप्रतिनिधिहरूले वेवास्ता गर्नु, गाउँमा नागरिकता टोली नजानु र प्रशासनिक त्रास व्याप्त हुनु । नागरिकता लिन जाँदा पनि उनीहरूले पैसा नहुने, निवेदन लेख्ने ज्ञान नहुने, नागरिकता बनाउने कार्यालयबारे ज्ञान नहुने र जनप्रतिनिधि तथा कर्मचारीले काममा आलटाल गर्नेजस्ता समस्याहरू भोगेका थिए । नागरिकता नभएको कारणले बञ्चित हुन परेको सुविधामा अंशवण्डा गर्न नपाउनु, जग्गाको किन बेच गर्न नपाउनु, जागीर, बृद्धा भत्ता नपाउनु आदि रहेका छन् ।

## जग्गासम्बन्धी समस्या

जग्गाको मालिक बन्ने धोको हुँदाहुँदै पनि भूमिको अधिकारबाट बन्चित भएका चेपाङ्गहरूको स्पष्ट तथ्याङ्क सरकारले अझ तय गर्न सकेको छैन । हालैको प्रारम्भिक तथ्याङ्कअनुसार ३०९ घरधुरीमा १३१ घरधुरीको लालपूर्जा नभएको पाइयो । विभिन्न जिल्लाका ९ वटा गा.वि.स.का


दुई चेपाङ बालिकाहरू

**चेपाङ समुदायको पुर्ख्यौली सम्पत्तिदेखि संस्कृतिसम्मको संरक्षणका लागि के गर्नु जरूरी छ ?**

वडाबाट लिएको यो तथ्याङ्कअनुसार अधिकतम ४२% चेपाङ्गहरू जग्गाको लालपूर्जाबाट बन्चित रहेका छन् ।

२०२७ सालमा गरिएको नापीमा दर्ता छुटेका चेपाङहरूले आजसम्म लालपूर्जा पाउन सकेका छैनन् । त्यसबेलादेखि नै अरू जातिको घुसपैठ र हेपाहा प्रवृत्तिले गर्दा उनीहरूले आफ्नै जग्गा नापी गर्न पनिसकेका छैनन् । राजनैतिक दवाब र हेपाहा साहूहरूको उत्पीडन र शोषण गर्ने प्रवृत्तिले गर्दा उनीहरू नागरिक भएर पनि भूमिहीन हुन बाध्य भएका छन् ।

माथि पनि उल्लेख गरियो, खोरिया कमाउनु उनीहरूको रहर नभई बाध्यता हो । आफ्नै जग्गा थोरै हुनु (१ देखि ५ कठ्ठा) र जग्गा भए पनि उत्पादन कम हुनु बाहेक पाटो बारी नचाहिने र बाली छिटो पाक्ने, साथै कुल पूजामा समेत चाहिने सामाबाली लगाउनको लागि पनि उनीहरूले खोरिया कमाउनु परेको हो ।

प्रायः वन जंगलनजिकै बसोबास गर्ने चेपाङहरूको बाध्यता र महत्व नबुझी उनीहरूले प्रयोग गरिआएको बनलाई सामुदायिक बनमा परिणत गरिएमा उनीहरूले अझ विचलित अवस्था भोग्नुपर्नेछ । कबुलियती वन र सामुदायिक वनमा परेको चितवनको कोराक र शक्तिखोर गाविसमा यसको नराम्रो परिणाम प्रकट भइसकेको छ ।



## दुई जिल्लाका लालपूर्जा नहुनेहरूको अवस्था

| गा.वि.स./जिल्ला | जम्मा घरधुरी | लालपूर्जा नहुने घरधुरी संख्या | कैफियत |
|---|---|---|---|
| दाहाखानी -९/चितवन | ३० | ११ | |
| सिद्धि -५/चितवन | ३७ | १३ | |
| शक्तिखोर -५/चितवन | ३६ | १२ | ७ घरको जग्गा सामुदायिक बन र कबुलियती बनले अतिक्रमण गरेको |
| काउले -५/चितवन | ७१ | ३४ | ४ घरको जग्गा र खोरिया कबुलियती बन र गौचरणले अतिक्रमण गरेको |
| कोराक/चितवन | ५२ | २० | |
| कबिलास -९/चितवन | २७ | १५ | |
| मनहरि -३/मकवानपुर | ३६ | २० | |
| राक्सिराङ्ग -८/मकवानपुर | २६ | १९ | १९ परिवारको खोरिया मात्रै छ |
| कांकडा/मकवानपुर | २५ | ५ | ५ परिवारको खोरिया मात्रै छ |
| जम्मा | ३०९ | १३१ | |

सक्तिखोर- ५-२, मा १, १ घर सामुदायिक बन र ५ घर कबुलियती बनले अतिक्रमण गरेको, काउले- ४ मा १,१ कित्ता प्रमाण नहुनाले गौचरणमा परिणत भएको र २ घर कबुलियती बनले अतिक्रमण गरेको देखिन्छ ।

### शिक्षा तथा जागीरसम्बन्धी समस्या

भौगोलिक विकटता र गरीबीको मार अनि शैक्षिक चेतनाको कमीले गर्दा चेपाङ्गहरूमा शिक्षाको अवस्था पनि त्यतिकै नाजुक छ । चेपाङ्ग क्षेत्रमा स्कूल टाढा हुनाले र टाढा गई हाइस्कूल पढ्न आर्थिक सामर्थ्य नहुनाले अधिकांश चेपाङ्ग बाल बालिकाहरू प्राथमिक र निम्न माध्यमिक शिक्षा हासिल गरेपछि स्कूलबाट अलगिन बाध्य भएका छन् । त्यसैले हालसम्म चारै जिल्लामा गरी करीब ६७ जना चेपाङ्गहरूले मात्रै एस.एल.सी. परीक्षा उत्तिर्ण गरेका छन् । यो अवस्था महिलामा अझ नाजुक छ । चेपाङ्ग विद्यार्थीहरूलाई खस (नेपाली) भाषा बुझ्न कठिन हुने र प्रायःजसो बाहिरका शिक्षकहरू लामो समयसम्म स्कूलमा उपस्थित नहुने क्रमले गर्दा पनि उनीहरू निमाविस्तरको शिक्षाबाटसमेत बञ्चित भइरहेका छन् । त्यसैले ४७ प्रतिशत विद्यार्थीहरूले स्कूल छोडेको भेटिएको छ ।

एस.एल.सी. पास गरेका सीमित चेपाङ्गहरूले पनि राजनैतिक पहुँचको कमीले गर्दा शिक्षण पेशा अप्नाउन र प्राविधिक शिक्षण संस्थाहरूमा प्रवेश पाउन पनि सजिलो छैन ।

## अब के गर्ने ?

चेपाङ समुदायलाई राज्यका अरू नागरिक सरह बाँच्न दिन, विस्थापित हुनबाट जोगाउन र उनीहरूको पुर्ख्यौंली सम्पत्तिदेखि संस्कृतिसम्मको संरक्षण गर्न लागि निम्न कामहरू गर्नुपर्ने देखिन्छ ।

### चेपाङ संगठनहरूले चाल्नुपर्ने कदमहरू

- उनीहरूको वास्तविक स्थिति, नागरिकता वितरण, घर जग्गा दर्तासम्बन्धी तथ्यांक संकलन तथा व्यापक जनचेतना जगाउन सहयोग गर्नु पर्छ ।
- तलदेखि माथिल्लो तहका सरकारी तथा गैरसरकारी संस्थाहरूसँग समन्वय गरी उनीहरूका साझा सवालहरूलाई सम्बन्धित निकायहरूमा पुर्‍याउन सहयोग गर्नु पर्छ ।
- आफ्नो परम्परागत संस्कृतिलाई जोगाई राख्नलाई पनि आआफ्नो क्षेत्रमा रहेका संस्कृति झल्काउने क्रियाकलापहरू निरन्तर रूपमा संचालन गर्दै जानुपर्छ ।

### सरकारी निकायहरूबाट चाल्नुपर्ने कदमहरू

चेपाङ्गहरूका नागरिकता, जग्गा, खोरिया दर्ता, अनिकालजस्ता जटिल सवालहरूको समाधानका लागि सरकारी निकायहरूबाट सरल र सुलभ ढगले सहयोग गर्नु पर्छ । जस्तै :

- नागरिकता टोली खटाउने, प्रशासनिक कार्यालयहरूले नागरिकता बनाउन विशेष चेपाङ्ग दिन तोकिदिने ।
- २०२७ सालपछि नापी नभएका पुर्ख्यौंली जग्गालाई विशेष आदेश जारी गरी सुलभ ढंगले जग्गा-खोरियाको लालपूर्जा उपलब्ध गराउने ।
- चेपाङ्ग परिवारहरूको जग्गाको कमी र उत्पादनशीलताको अभावलाई ध्यानमा राखेर दर्तावाल जग्गाको तिरो छूट गर्ने ।
- माध्यामिक, उच्च शिक्षा तथा व्यावसायिक शिक्षा हासिल गर्न कोटा प्रणाली लागु गरी छात्रवृत्तिको व्यवस्था गर्ने ।
- स्वदेशी रोजगारको लागि कोटा प्रणाली तथा वैदेशिक रोजगारका लागि विनाधितो ऋण उपलब्ध गराउने ।
- शिक्षक छनौट प्रक्रियामा पहिलो प्राथमिकता चेपाङ्गलाई प्रदान गर्ने ।
- पुर्खादेखि कमाउँदै आएको जग्गा- खोरियालाई सामुदायिक बन, कबुलियती बन तथा अन्य जातिहरूबाट अतिक्रमण हुन नदिन विशेष सरकारी नीति जारी गर्ने । साथै चेपाङ्गहरूले उपभोग गर्दै आएको सरकारी बनलाई पनि सामुदायिक बन बनाउने ।
- चेपाङ्गहरूको सहभागिताविना नै प्रजा विकासका लागि छुट्याइएको सरकारी रकमको योजना बनाउने र खर्च गर्ने परिपाटी प्रभावकारी र फलदायी नभएकोले कोषको सही रूपमा परिचालन गर्न प्रजा (चेपाङ्ग) संगठनहरूले पेश गरेको कार्यक्रम अनुरूप रकम परिचालन हुनुपर्ने । ❑

*(नेपाल चेपाङ्ग संघको कार्यपत्रमा आधारित)*


सूर्यनाथ रान यादव

# लाखौंको सम्पत्ति छोडेर आन्दोलनमा

> "जमिन्दारको प्रस्तावलाई नकारेर मेरो बुबा भूमिगत रूपमा नै धनुषामा संगठन निर्माणको काममा लगातार लागिरहनुभयो"

**वि.सं. २०१९** सालको समय थियो । पंचायती व्यवस्थाले जरो गाड्न थालिसकेको थियो । पंचायती व्यवस्थाका विरोधी नेताहरू सबै भूमिगत थिए । त्यही समयमा धनुषा जिल्लाका एकजना कम्युनिष्ट नेता पनि भूमिगत अवस्थामा संगठन निर्माणमा लागिरहेका थिए । उनी जनताबीच लोकप्रिय थिए । उनको लोकप्रियताले गर्दा धनुषामा कम्युनिष्ट समर्थकहरू बढ्दै गइरहेका थिए । र, धनुषा जिल्लाका विभिन्न ठाउँहरूमा संगठनहरू निर्माण हुन थालिरहेका थिए । यो कुरा तत्कालीन पंचायती सरकारलाई सह्य भइरहेको थिएन । त्यसैले पंचायती सरकार उनको हत्या गरेर धनुषाबाट कम्युनिष्टहरूलाई नामेट गर्न चाहन्थ्यो । त्यसैले उनको हत्याको लागि धनुषाको प्रशासनले जिनिस यादव नामको एकजना डाँकालाई खटायो । त्यो डाँकाले उनीसँग नजिकिनको लागि उनको बुबासँग मित्रता गाँसेर उनको घरमा आवतजावत गर्न थाल्यो । यसरी आवतजावत गर्दै जाँदा ती नेतासँग पनि त्यो डाँकाको सम्बन्ध नजिकिन थाल्यो । एक दिन त्यो डाँकाले ती नेतालाई आफ्नो घरमा खाना खान डाक्यो । उनी उसको घरमा गए र सँगै खाना खान बसे । खाना त्यही डाँकाकी आमाले खुवाइरहेकी थिइन् । खाना खाइसकेपछि डाँका पानी लिनको लागि भान्छाबाहिर गयो । त्यही समयमा उसकी आमाले नेतालाई भनिन्- "तिमीलाई मार्नको लागि यहाँ ठूलो खाल्डो खनिराखेको छ । तिमी यहाँबाट तुरुन्तै भागिहाल ।" यत्तिकैमा डाँका पानी लिएर भित्र पस्यो । ती नेता केही थाहा नपाएजस्तै गरी बसिरहे । उनी खाना खाइसकेर हात-मुख धोई पिसाब फेर्ने बाहनामा बाहिर निस्के र कुलेलम थोके ।

यसरी कुलेलम ठोक्ने नेता थिए- सूर्यनाथ रान यादव । उनी २०४२ सालमा पंचायती सरकारद्वारा मारिएका कम्युनिष्ट नेता थिए । उनी ११/१२ वर्षदेखि नै कम्युनिष्ट विचारको प्रभावमा परेका थिए । र, १३/१४ वर्षको उमेरदेखि नै उनले गरिब किसानहरूमाथि भएको शोषण, दमन र अत्याचारको विरूद्धमा संघर्ष गर्न थालिसकेका थिए । उनको यो संघर्ष जीवनको अन्तिम समयसम्म नै रह्यो । गरीब किसानहरूको पक्षमा उनले गरेका संघर्षहरूले गर्दा त्यहाँका सामन्तहरू उनीदेखि थर्कमान थिए । अरू त अरू पंचायतकालमा सत्तामा पुगेका धनुषाका नामुद दादा कहलाइएका हेमबहादुर मल्लसमेत उनीदेखि डराउँथे । त्यसैले उनको हत्या गर्न पंचायती प्रशासनले थुप्रै पटक प्रयास गऱ्यो । उनलाई मार्ने प्रशासनको प्रयासलाई उनले धेरै पटक असफल बनाइदिए । तर ०४२ सालमा नेकपा चौमबाट फुटेर गएका कथित् कम्युनिष्टहरूकै सहयोगमा उनलाई गिरफ्तार गर्न प्रशासन सफल भयो र आखिरमा उनको हत्या गरेर प्रशासनले उनलाई मार्ने प्रयास सफल पाऱ्यो ।

उनी धनुषाका एकदमै लोकप्रिय नेता हुन् भन्ने कुरा त्यहाँका जनतामा अहिलेसम्म रहेको उनीप्रतिको सद्भाव तथा आस्थाबाट देखिन्छ । अहिले पनि धनुषाका गरीब किसानहरूको दिलदिलमा उनी बसेका छन् । उनका बारेमा उनैका कान्छा छोरा प्रमोद रान यादवले संगालेका संस्मरणहरू यहाँ प्रस्तुत गरिएको छ ।

यो संस्मरण ०५७ साल पुस महिनामा शहीद सूर्यनाथ यादवको स्मृतिको दिवसमा धनुषाको डुमरिया गाउँमा त्यहाँकै जनताले स्थापना गरेको उनको स्मारक उद्घाटन समारोहमा गएको बेला टेप गरिएको थियो ।

**मेरो** बुबाको जन्म वि.सं. १९९७ सालमा धनुषाको चोराकोयलपुर गाउँको साधारण किसान परिवारमा भएको हो । उहाँको बच्चा बेलाको नाम जयलाल रान यादव थियो । उहाँको जन्म हुँदा हाम्रो परिवारसँग साढे दुई विघा जमिन थियो । त्यतिबेला हाम्रो गाउँमा स्कूल थिएन । त्यसैले मेरो बुबालाई चिकना गाउँको स्कूलमा उहाँकै दिदीको घरमा राखेर पढाइएको थियो । उहाँ अलि पातलो जिउको र हेर्दाखेरि धेरै राम्रो र छरितो देखिनुहुन्थ्यो । एक दिन त्यही गाउँको साइँला नाम गरेका जमिन्दार घोडा चढेर स्कूल पुगेछन् । उनले मेरो बुबालाई देखेछन् र खुब मन पराएछन् । उनको सन्तान थिएन । उनले मेरो बुबाको नजिक गएर नाम ठेगाना सबै सोधेछन् । मेरो बुबाले पनि सबै कुरा भनिदिनु भएछ ।

पछि ती जमिन्दारले हाम्रो घरमा आएर मेरो बुबालाई आफैले पढाई लेखाई गरिदिने र पाल्ने भनेर मागेर लगेछन् । त्यसपछि बुबा त्यहीं बसेर पढ्न थाल्नुभयो । त्यहाँको स्कूलबाट सात कक्षा पास गरेपछि भारतको जयनगरमा आठ कक्षामा पढाउन लगियो । त्यसपछि सिराहाको हाइ स्कूलमा ९ कक्षामा भर्ना गरियो । त्यस स्कूलका प्रधानाध्यापक शोभित शाह भारतीय कम्युनिष्ट पार्टीका एकजना नेता थिए । उनको शिक्षादिक्षाबाट मेरो बुबा ९ कक्षादेखि नै कम्युनिष्ट विचारधारामा लाग्न थाल्नुभयो ।

> **डाँकाकी आमाको सुराकीबाट सूर्यनाथलाई डाँकाद्वारा मारिनुबाट जोगायो !**

कम्युनिष्ट विचारधारामा लागेपछि मेरा बुबाले सामन्तहरूद्वारा गरिब किसानहरूमाथि गरिएको शोषण दमनको विरोध गर्न थाल्नुभयो । त्यही बेला सामन्तहरूले श्रमिक किसानहरूलाई ज्याला नदिइकन काम गराउने, ज्याला दिए पनि थोरै मात्र दिने, उनीहरूमाथि थिचोमिचो गर्ने गर्थे । यस्तो काम गर्नेमा मेरो बुबालाई पाल्ने जमिन्दार पनि पर्थे । बुबाले आफैलाई पाल्ने जमिन्दारले किसानहरूमाथि गरेको शोषण दमनको विरोध गर्न थाल्नुभयो । त्यसैले गर्दा १० कक्षा पढ्दादेखि नै बुबा र त्यस जमिन्दारको बीचमा मनमुटाव हुन थाल्यो । त्यसरी मनमुटाव हुन थालेपछि उहाँले त्यस जमिन्दारको घरमा बस्न छोड्नुभयो र चोराकोयलपुर गाउँको आफ्नै घरमा आएर बस्न थाल्नुभयो । र, स्कूल नै जान छाडेर त्यस गाउँका गरिब किसानहरूको पक्ष लिएर सामन्तहरूको विरूद्धमा संघर्ष गर्न थाल्नुभयो ।

०११ सालमा उहाँले एस.एल.सी. परीक्षा दिनुपर्ने थियो । तर संघर्षमा लागेर उहाँले एस.एल.सी. परीक्षा दिने कुरातिर ध्यानै दिनु भएन । एस.एल.सी. परीक्षाको लागि फाराम भर्ने समय भइसक्दा पनि उहाँ स्कूल नजानु भएपछि त्यही स्कूलका प्रधानाध्यापकले नै मेरो बुबाको फाराम भरिदिएछन् र उहाँलाई स्कूलमा जान खबर पठाएछन् । तैपनि बुबा स्कूलमा जानु

भएनछ । उहाँ स्कूल नजानुभएपछि प्रधानाध्यापकले उहाँलाई लिन राम शहन शाह, कपिलदेव यादवसहित केही विद्यार्थीहरूलाई हाम्रो घरमा नै पठाएछन् । तर उनीहरू घरमा आएको बेलामा मेरा बुबा एकजना किसानको मुद्दा लिएर जनकपुर जानुभएको रहेछ । उहाँ जनकपुर जानुभएको थाहा पाएपछि उनीहरू जनकपुर नै गएर उहाँलाई भेटेछन् । र, भनेछन्- एस.एल.सी. परीक्षा दिनको लागि सिराहामा लिएर जान हामी यहाँ आएका हौं । प्रधानाध्यापकले हामीलाई पठाउनुभएको हो । र, तिमीलाई सँगै लिएर आउनु भन्नुभएको छ ।

उनीहरूको कुरा सुनेर मेरो बुबा छक्क पर्नुभएछ र भन्नुभएछ- "मैले एस.एल.सी.को फाराम नै भरेको छैन र केही पढेको पनि छैन, फेरि मसँग त अहिले किताव-कलम पनि छैन । कसरी म परीक्षा दिन सक्छु ?" उहाँको कुरा सुनेपछि उनीहरू आफैले किताब कलम किनी दिए र उहाँलाई सँगै सिराहा लिएर गए । त्यहाँ पुगेर पनि उहाँले प्रधानाध्यापकलाई भेटेर भन्नुभएछ- "मैले एस.एल.सी.को फाराम भरेको छैन र केही पढेको पनि छैन । मैले कसरी परीक्षा दिनु ?" उहाँको कुरा सुनेर प्रधानाध्यापकले भनेछन्- "तिम्रो एस.एल.सी.को फराम मैले भरिदिइसकेको छु । अहिलेसम्म पनि तिमीले राम्ररी पढेर परीक्षा दियौ भने तिमी पास हुन्छौ । त्यसैले अब समय खेर नफालिकन पढ्न बस ।"

त्यतिबेलासम्म एस.एल.सी. परीक्षा आउन तीन दिनमात्र बाँकी थियो । त्यही तीन दिन पढेर मेरो बुबाले एस.एल.सी. परीक्षा दिनुभएछ । र, सेकेण्ड डिभिजनमा पास पनि गर्नुभएछ ।

एस.एल.सी. पास भएपछि उहाँ भारतको आर.के. कलेजमा आई.एस्सी.मा भर्ना हुनुभयो । ०१४ सालमा उहाँले त्यही कलेजबाट आई.एस्सी. पास गर्नुभयो । आई.एस्सी. पास गरेपछि उहाँ पूर्ण रूपले कम्युनिष्ट आन्दोलनमा लाग्नुभयो र धनुषामा किसान संगठनको निर्माण गर्नेतिर लाग्नुभयो । ०१५ सालमा देशमा आम चुनाव भयो । त्यस आम चुनावमा बुबा कम्युनिष्ट पार्टीको प्रचारमा लाग्नुभयो । त्यसैबेला सिराहाबाट राम शहन नायक र अर्को एक जना साथी आएर धनुषामा कम्युनिष्ट पार्टीको सेल कमिटी गठन गरे र मेरो बुबालाई पनि पार्टी सदस्यता प्रदान गरे ।


त्यसपछि उहाँले आफ्नो गाउँभन्दा बाहिर पनि संगठन निर्माण गर्न थाल्नुभयो । र, किसान संघर्षको उठान गर्न थाल्नुभयो । ०१७ सालमा श्री ५ महेन्द्रले संसदीय व्यवस्था विघटन गरेर पंचायती व्यवस्था लागु गरेपछि मेरो बुबा पनि भूमिगत हुनुभयो । भूमिगत अवस्थामा रहँदा मेरो बुबालाई पाल्ने जमिन्दारले उनको भान्जीसँग विहा गरेमा उनको सबै सम्पत्ति दुवैको नाममा लेखिदिने, उहाँमाथि लगाइएको वारेन्ट हटाउन लगाइदिने र खुल्ला जीवन विताउन पाउने व्यवस्था गरिदिने प्रस्ताव लिएर आए । तर मेरो बुबाले उनको प्रस्तावलाई स्वीकार गर्नुभएन । त्यो सम्पत्ति स्वीकार गरियो भने आफू पनि सामन्त बन्न सक्ने र गरीब किसानहरूको पक्षमा संघर्ष गर्न नसकिने हुन्छ भन्ने कुरा सोचेर उहाँले त्यो जमिन्दारको कुरालाई नकारेर फिर्ता पठाइदिनुभयो । त्यसपछि जमिन्दारसँग पूर्ण रूपमा नै सम्बन्ध टुट्न गयो ।

यसरी ती जमिन्दारको प्रस्तावलाई नकारेर मेरो बुबा भूमिगत रूपमा नै धनुषामा संगठन निर्माणको काममा लगातार लागिरहनुभयो । उहाँको अटुट प्रयासले गर्दा ०१८/१९ सालसम्ममा धनुषामा धेरै संगठनहरू बनिसकेका थिए । र, सामन्तहरूको विरूद्धमा किसान संघर्षहरू पनि शुरू हुन थालेका थिए । ती किसान आन्दोलनहरूले गर्दा धनुषाका सामन्त र प्रशासन पनि डराउन थाल्यो । त्यसैले उनीहरूले मेरो बुबाको हत्या गर्ने योजना बनाउन थाले र त्यसको लागि मान्छे खटाए ।

**क्रमशः**

*- मुक्ता श्रेष्ठ*


# सोलार बिजुली प्रयोग गरौं, अंध्यारोमा नबसौं !



सूर्यको किरणलाई विद्युतीय शक्तिमा (बिजुलीमा) परिवर्तन गरी विद्युत उत्पादन गर्ने प्रक्रियालाई सौर्य विद्युत वा सोलार बिजुली भनिन्छ । एउटा घरमा एउटा सोलार प्यानेल र अन्य उपकरणहरू (जस्तै ब्याट्री, कन्ट्रोलर) राखी ३-४ वटा बत्ती बाल्न, रेडियो, क्यासेट बजाउन र टेलिभिजन हेर्न सकिन्छ । सम्पूर्ण जडान कार्य अलिकति प्राविधिक ज्ञान भएको व्यक्तिले एक दिनमै पूरा गर्न सक्दछ । एक चोटी जडान गरिसकेपछि ब्याट्रीमा समय समयमा डिष्टिल पानी थप्ने बाहेक अन्य मर्मत सम्भार गरिरहनु पर्दैन ।





सोलार प्यानेलहरू १० देखि २५ वर्ष ग्यारेन्टी गरिएका हुन्छन् र तिनीहरूले २५-३० वर्षसम्म राम्रोसँग काम गर्दछन् । ब्याट्रीको हकमा ४-६ वर्षपछि फेर्नु पर्ने हुनसक्छ । चीमहरू जलेमा मात्र फेर्नु पर्दछ । तसर्थ सौर्य विद्युतको संचलन खर्च न्यूनतम नै हुन आउँछ । शुरूको लगानी (करीव २०,०००/- देखि ३५,०००/- पर्छ) । यसमा सरकारबाट रू. ८,०००/- देखि १२,०००/- सम्म अनुदान पाइने हुनाले पूरै रकम ब्योहोर्नु पनि पर्दैन । बैंकबाट सस्तो ब्याजमा ऋणको व्यवस्था पनि छ । मट्टितेलको खर्चमा बचतका साथै टुकीको धुँवाबाट मुक्ति पनि पाइन्छ । बिजुलीले तपाईंको घर सधैंलाई उज्यालो पार्नेछ ।





## SEC सोलार इलेक्ट्रिसिटी कम्पनी (प्रा.) लि.

पोष्ट बक्स १२५१५, सोलार कम्प्लेक्स, बागबजार, काठमाण्डौ, फोन : २२५२५३, २२७८७६, फ्याक्स : २२३८५१

# गीत-संगीतमा हावादारीपन

# युवा पुस्ता कता ?

विवश वस्ती




प्रकाश पौडेल र कुमार न्यौपानेहरुले केही पृथकपना देखाउँदै बस्नेत र थापाहरुकै अश्लिलताको पाइलालाई पछ्याएका छन्




रुन्चे गीतका प्रवर्तक प्रकाश पौडेलले अश्लीलताको परिभाषामा बाँधिने एउटा गीत गाएर नेपाली गीत-संगीत क्षेत्रमा सानोतिनो हुण्डरी नै सिर्जना गरेको लगत्तै त्यही शैली र प्रयोजनमुखी अर्को गीतले अहिले तहल्का मच्चाउने प्रयास गरिरहेको छ । तर अझै पनि पौडेलको 'आमा मलाई त्यही केटी चाहिन्छ...' बोलको गीतलाई निजी र सरकारी संचारमाध्यमहरूले प्रसारण गर्न स्थगित चाहिँ गरिसकेका छैनन्, बरू उक्त गीतलाई वर्तमान नेपाली सांगीतिक क्षेत्रको प्रतिनिधिमूलक गीतको 'अघोषित' मान्यता दिँदै अहिले पनि अनावश्यक रूपले प्रसारण गरिरहेका छन् ।

'आमा मलाई त्यही केटी चाहिन्छ...'ले प्रचार र व्यापार दुवै रूपमा अपेक्षित सफलता पाएपछि त्यसकै सिको गर्दै कुमार न्यौपानेले जुलुस गीत गाउन रूचि देखाएका छन् । जुलुसमा लगाइने नाराको शैलीलाई शब्द र संगीतमा उतार्दै उनले जुलुस गीत गाएका छन् । जुन गीतका केही हरफहरू यस्ता छन् :

**"उनलाई मैले पाउनै पर्छ- पाउनै पर्छ २**
**मसँग माया लाउनैपर्छ- लाउनै पर्छ २**
**हिजो मलाई आँखा झिम्क्याई मुस्कुराउँदै आथि**
**माया गर्छु भन्दा-भन्दै सँगसँगै गा'की**
**एकै दिनमा माया बस्यो कस्तो मिल्या जोडी**
**हिजै मात्र लभ परेको हिजै घोक्रे जेठी"**

नयाँपन र पृथकताको रंगीन खोल ओढेर नेपाली गीतसंगीत क्षेत्रमा भित्रिएका यस्ता गीतहरूका कारण गीत-संगीतका सचेत र घनिष्ठ पारखीहरूका सामु एउटा यक्ष प्रश्न निश्चित रूपमा उठेको हुनुपर्छ- नेपाली गीत-संगीतले आफूलाई कुन दिशातिर अग्रसर तुल्याइरहेको छ ?

आजको समयसम्म आइपुग्दा नेपाली गीत-संगीतले आफूलाई समृद्ध र शक्तिशाली तुल्याएको छ । संगीतको शक्तिप्रति विश्वास र भरोसा गर्ने आधार निर्माण भएको छ र संगीतले आफूलाई लाखौं श्रोताहरूको मन जित्ने तहसम्म विकास गरेको छ । नयाँ नयाँ प्रविधिहरूका विकास र साधन-स्रोतहरूको उपयोगका कारण विगतको जस्तो रूग्ण अवस्थाबाट मुक्त तुल्याएर संगीतले आफूलाई विस्तारै समृद्धिको मार्गतिर डोऱ्याइरहेको छ । बर्षेनी नयाँ नयाँ रेकर्डिङ्ग स्टुडियोहरू खुल्नु र हप्तामा एक दुईवटा राम्रै खालका गीति-एल्वम र सीडिहरू निस्किनुले गीत-संगीतको क्षेत्रमा देखिएको विकासको तह र स्तरबारे सहजै अनुमान गर्न सकिन्छ । अब त गीत रेकर्डिङ्ग गर्नका निम्ति काठमाण्डौको मात्र मुख ताक्नुपर्ने अवस्था छैन, नेपालका अन्य केही शहर बजारहरूमा समेत रेकर्डिङ्ग स्टुडियोहरू खुलिरहेका छन् र गायनमा रूचि राख्नेहरूले गीति-एल्वम निकाल्न सहजता महशुस गर्न पाइरहेका छन् ।

नेपाली गीत-संगीतलाई क्रमशः उचाईतिर लम्काउन यसमा समर्पित भएर लाग्ने नयाँ-पुराना दुवै पुस्ताका प्रतिभाहरूको योगदान रहेको कुरा बताउन सायदै कञ्जुस्याँई गर्नुपर्ला । विचारको तराजुमा राखेर जोख्दा सतही र शून्य लागे पनि पुराना पुस्ताका नारायणगोपाल, अम्बर गुरूङ्ग, फत्तेमान, गोपाल योञ्जन, बच्चु कैलास, अरूणा लामा, तारादेवी, प्रेमध्वज प्रधान, दीप श्रेष्ठ आदि र नयाँ पुस्ताका रामकृष्ण ढकाल, कुन्ति मोक्तान, यम बराल, शर्मिला बर्देवा, नवीन भट्टराई आदि गायकहरूले नेपाली संगीत क्षेत्रलाई सिंगार्न र उचाई प्रदान गर्न आ-आफ्नो ठाउँ र तहबाट योगदान दिएका छन् ।

जनवादी गीत-संगीत क्षेत्रमा जे. वी. टुहुरे, जीवन शर्मा, रामकृष्ण दुवाल, चुनु गुरूङ्ग, गुजे मालाकार आदि गायकहरूले पनि आ-आफ्नै हिसावले योगदान अर्पण गरेका छन् ।

नेपाली गीत-संगीत क्षेत्रको यति समृद्ध स्थिति हुँदाहुँदै सो क्षेत्रको शिष्ट र मर्यादित परम्परालाई तोड्ने कार्यमा किन यस्ता गीतहरूलाई अग्रसर गराइँदैछ ? किन यस्ता उडन्ते, हावादारी र कलात्मकताको गन्धसमेत नभएका गीतहरूले प्रश्रय पाइरहेका छन् ? गीत-संगीतले अँगाल्ने गरेका गम्भीर पक्षको किन खिल्ली उडाइँदैछ ? यस्ता प्रश्नहरू अहिले स्वभाविक रूपमा उठ्न पुगेका छन् ।

वैचारिक रूपले सहमत हुन नसके पनि आज पनि नारायणगोपालका गीतहरू श्रवण गर्न हाम्रै मन-मस्तिष्क तत्पर रहन्छ । उनको गीतमा पाइने गम्भीरता, कलात्मकता र हृदयस्पर्षी भावले अझै पनि धेरै पारखीहरूलाई लठ्याउँछ । त्यस्तै मीठा छन्- फत्तेमान, बच्चुकैलासका गीतहरू पनि । ती गीतहरू पटक पटक सुनिरहँदा पनि कुनै खल्लोपन महशूस हुँदैन । त्यस्तै, अम्बर गुरूङका गीतहरूले पनि हाम्रो मन-मस्तिष्कलाई झङ्कृत तुल्याउँछ । श्रोताहरूलाई लट्ठ तुल्याउँने जादुमयता छ, उनका गीतहरूमा ।

एकपटक प्रसंगवश अम्बर गुरूङले भनेका थिए- "मेरो पछिल्लो एल्वम ज्यादै थोरै प्रति मात्र बिक्यो ।" श्रोताहरूको रूचि गम्भीर गीतहरूमा भन्दा अन्यत्रै सरेको हो कि ? भन्ने उनको आशय रहेको थियो । तर आश्चर्य मान्नु पर्ने कुरा के छ भने, गुरूङको थोरै प्रति मात्रै गीत-एल्वम विक्री हुने यही ठाउँमा 'आमा मलाई त्यही केटी चाहिन्छ' गीत समेटिएको 'थ्री मच' नामक एल्वम बीस हजारभन्दा बढी नै विक्री हुन पुगेको सम्बन्धित निकायले जनाएको छ ।

कुनै स्पष्ट सन्देश नभएको, दीर्घायु हुने अपेक्षासमेत नराखिएका र कलात्मकताको समेत सर्वथा अभाव रहेका यस्ता गीति-एल्वमहरू किन धेरै संख्यामा विक्री भइरहेका छन् ? यो प्रश्नको उचित जवाफको खोजी गर्नका निम्ति निजी क्षेत्रद्वारा संचालित एफएमहरू, रेडियो नेपाल र नेपाल टेलिभिजनको सक्कली अनुहारतिर एक पटक चियाउनैपर्छ ।

कुनलाई गीत भन्ने र कुनलाई अगीत भन्ने सवालमा निजी र सरकारी संचारमाध्यमहरू स्पष्ट छैनन् । गीत छनौटको सवालमा हाम्रा संचारमाध्यमहरू अस्पष्टताको शिकार बनिरहेका छन् । त्यही कारण जस्तो पायो त्यस्तै गीतहरूले ती माध्यमहरूमा निर्वाध रूपमा प्रवेश गर्न पाइरहेका छन् र आम श्रोता र दर्शकहरूका बीचमा सहजै पुग्ने मौका जुटाइरहेका छन् । अधिकांश संचारमाध्यमहरूले त्यस्तै गीतहरूलाई उच्च महत्व दिएर बजाइरहेका छन्, जुन

गीतहरू कथित पृथकताको नाममा सन्देशविहीन, कलाविहीन र अर्थहीन छन् ।

त्यसो त, संचारमाध्यमहरूले 'नाइँ मलाई त्यही केटी चाहिन्छ' र 'उनलाई मैले पाउनैपर्छ' मार्काका गीतहरू धेरैभन्दा धेरैपटक प्रशारण गरेर श्रोताहरूका बीचमा यस्तो भ्रमको सिर्जना गरिदिएका छन् कि उनीहरू यस्तो सोच्न बाध्य छन्– "यस्तैलाई पो गीत भनिँदो रहेछ । हामीले सुन्नुपर्ने गीतहरू त यिनै पो रहेछन् ।" निश्चय नै गम्भीर र अर्थपूर्ण गीतहरू प्रशारण गर्न छाडेर यस्तै छाडा, अश्लील र हावादारी गीतहरू लगातार बजाउन थालेपछि यस्तै गीत-संगीतप्रति श्रोताको ध्यान तानिने र रूचि जाग्ने स्थिति उत्पन्न हुन्छ । श्रोताहरूलाई अर्थहीन र छाडा गीतहरूप्रति आकर्षित तुल्याउन निजी र सरकारी संचारमाध्यमहरू धेरै हदसम्म दोषी छन् ।

अश्लीलताको परिभाषामा बाँधिने गीतहरूको निर्वाध रूपले प्रशारण गर्ने संचारमाध्यमहरू त दोषी छँदैछन् । अझ तीभन्दा पनि बढी दोषी त, यस्ता गीति-एल्वमहरू उत्पादन गरेर बढी नाफा आर्जन गर्ने सोच बोकेका क्यासेट उत्पादक संस्थाहरू रहेका छन् । छाडा र अश्लील गीतहरूले समाजमा कस्तो असर पुऱ्याउँछ ? व्यक्तिलाई बिगार्न कति प्रतिशतसम्म मद्दत पुऱ्याउँछ ? भन्ने विषय त्यस्ता नाफामुखी संस्थाहरूका निम्ति नितान्त रूपमा गौण विषय बनिदिन्छ र नाफामुखी सोच नै सदैव प्रधान पक्ष बनिरहन्छ । झन् अहिले त मुनाफाका अगाडि अरू पक्षहरू सामान्य बन्नु स्वभाविक मानिँदै गएको छ ।

यस्ता गीतहरूको आगमन अहिले नेपाली सांगीतिक जगतमा जुन रूपमा भइरहेको छ, त्यसले हाम्रो शिष्ट सांस्कृतिक वातावरणलाई भताभुङ्ग पारेर अर्कै किसिमको हावादारी सांस्कृतिक वातावरण स्थापना गर्ने खतरा आउनसक्ने सम्भावना देखिएको छ । अर्को पक्ष, त्यस्ता गीतहरूले मनोरंजन प्रदान गर्ने नाम र बहानामा अश्लील र छाडापनतिर समाज तथा युवा मस्तिष्कलाई धकेल्ने स्थिति मौजुद छ । तेस्रो डरलाग्दो पक्ष त के छ भने, गीत-संगीत क्षेत्रमा विचारविहीनताको प्रवाह गराउँदै कलाको निकृष्ट रूप र तहलाई सिंगार्ने कार्यमा प्रोत्साहन र वृद्धि ल्याउने सम्भावना रहेको छ ।

कुनै बेला नेपाली गीत-संगीत क्षेत्रमा कुमार बस्नेत र राम थापाहरूले अश्लीलतालाई संगीतको मियो बनाउँदै आफ्नो गायनको चिनारी रूप नै 'अश्लील संगीत'लाई बनाएका थिए । आज प्रकाश पौडेल र कुमार न्यौपानेहरूले केही पृथकपना देखाउँदै बस्नेत र थापाहरूकै पाइलालाई पछ्याएका छन् । हिजो कुमार बस्नेतका गीतहरूलाई रेडियो नेपालले प्रश्रय दिएको थियो भने आज कुमार न्यौपानेका गीतहरूलाई प्रश्रय दिन तत्पर देखिएका छन्– विशेषतः एफएम स्टेशनहरू ।

यति बेला हाम्रो मुलुकमा न विद्यालयहरूमा सामाजिक चेतना र दायित्ववोध गराउने परिपाटी छ, न त समाजमा समृद्ध सांस्कृतिक आन्दोलन नै अगाडि बढेको छ । यी दुवैथरि अवस्थाका कारणले नेपाली युवा समुदायको दिमागमा रहेको संस्कृतिजन्य रिक्ततालाई स्वच्छन्द प्रवृत्तिका एफएम रेडियोहरूले यस्तै गीतहरू बजाएर भर्ने काम गरेका छन् । त्यसैको परिणामस्वरूप मूलतः शहरी युवा वर्गमा यस्ता गीतहरूले विकृत रूचि फैलाइरहेका छन् ।


अन्त्यमा के भन्नु जरूरी छ भने, छाडा र अश्लील भाव ग्रहण गरेका गीतहरूलाई योजनाबद्ध तवरले प्रश्रय दिनुको साटो नियन्त्रण गर्ने दिशातिर राज्यले पहल गर्नु जरूरी देखिएको छ । त्यस्ता गीत-संगीतले समाज र व्यक्तिमा पुऱ्याउने दूरगामी असरबारे सचेत हुँदै राज्यका तर्फबाट स्पष्ट र ठोस नीति बनिनु आवश्यक छ । नत्र भने यस्तो गीतले खुलेआम प्रशारण हुने मौका पाइरह्यो भने भोलिका दिनहरूमा हाम्रो समाज कुन भड्खालोमा जाकिएला ? सहजै अनुमान गर्न सकिन्छ ।

त्यस्तै गीतको एउटा नमूना हेरौं :

"यति धेरै माया गर्छु मलाई किन त्यागी ?
मलाई किन रूवाएर अर्कैसँग लागी ?
योभन्दा बढी अरू के होला ?
अब बाँच्नुभन्दा मर्नु बेस होला
नाइँ मलाई त्यही केटी चाहिन्छ ।" ❑




घनश्याम भूसालको पुस्तक




# तथ्यहरूको प्रचुरता र विश्लेषण-संश्लेषणको तार्किकता

■ खगेन्द्र प्रसाई

**घनश्याम भूसाल**द्वारा लिखित र नेपाल अध्ययन केन्द्रद्वारा प्रकाशित पुस्तक *"नेपालको अर्थ-राजनीतिः संकटको पुनरूत्पादन र रूपान्तरणको दिशा"* भर्खरै बजारमा आएको छ । तथ्यहरूको प्रचुरता र विश्लेषण-संश्लेषणको तार्किकता पुस्तकको विशेषता हो । पुस्तक मुख्यतया ४ कारणहरूले महत्वपूर्ण लाग्दछ । पहिलो, पुस्तक मुलतः मार्क्सवादी सिद्धान्त र विधिमा आधारित छ । मार्क्सवाद, त्यो सिद्धान्त जसले संसारका प्रायःसबै समाजहरूलाई कुनै न कुनै रूपले प्रभावित गरेको छ र विश्वव्यापी व्यापक बौद्धिक वहसको सृजना गरेको छ । दोश्रो, पुस्तकले नेपाली समाजलाई अध्ययन गर्ने केही विधि र तिनका निचोडहरूको विश्लेषण गरी एउटा समालोचनात्मक बहसको शुरूवात गर्ने जमर्को गरेको छ । तेश्रो, मार्क्सवादको बारेमा धेरै लेखिन्छ, बोलिन्छ र बहस गरिन्छ तर मार्क्सवादको सार र विधिलाई थोरैले मात्र बुझेको वर्तमान सन्दर्भमा पुस्तकले मार्क्सवादका मूलभूत मान्यता र विधिलाई अति सरल रूपले प्रशस्त सरल उदाहरणका साथ प्रस्तुत र व्याख्या गरेको छ । चौथो, समाजको यथार्थ अर्थ-राजनीतिको चरित्रको बुझाइले सामाजिक, राजनीतिक आन्दोलनको दिशा र गतिलाई प्रभावित गर्ने हुनाले पुस्तकले त्यस दिशामा महत्वपूर्ण जोड दिइएको छ र हालसम्मका परम्परागत विश्लेषण भन्दा भिन्नै र विचार उत्तेजक निष्कर्षहरू पनि प्रस्तुत गरेको छ । पुस्तकमा थुप्रै प्रशंसा, समालोचना र खण्डन गर्ने सन्दर्भ र व्याख्याहरू छन् तर यस समीक्षा मार्फत् म केही कुराहरू बहसको लागि उठाउन चाहन्छु ।

भाग-१ को आरम्भमा लेखक नेपालमा कम्युनिष्ट आन्दोलनको स्थानको सामान्य चर्चा गर्नुहुन्छ र व्यापक बौद्धिक वहसका लागि गंभीर र दीर्घकालिन महत्वका थुप्रै प्रश्नहरू उठाउनु हुन्छ । तर लेखकले व्यक्त गर्नु भएका केही प्रसंगहरूप्रति पक्कै प्रश्न उठाउनु पर्नेहुन्छ । लेखकले भनेजस्तो नेपालमा कम्युनिष्ट आन्दोलनको मात्रात्मक विस्तार पक्कै भएकै हो तर त्यही आधारमा यस आन्दोलनलाई "समृद्ध" भन्न मिल्दैन कि ? "समृद्ध" भन्नलाई त मात्रात्मक रूपले विस्तारित र गुणात्मक रूपले उच्च हुनुपर्ने हैन र ? फेरि कम्युनिष्ट आन्दोलनले अपेक्षित र घोषित परिवर्तन गर्न नसक्नुको कारण लेखकले भनेजस्तो विभाजन नभएर मूलतः रूपले गुणात्मक पक्षमा भएको न्यूनता र ह्रास नै हो कि ? महेशचन्द्र रेग्मीका कृतिहरूलाई लेखकले भनेजस्तो "राजनैतिक-वैचारिक कोण नभएको यथार्थवादी" भन्न केही कारणहरूले नमिल्दो लाग्छ । पहिलो, संसारमा कुनै पनि अध्ययन र त्यसको निष्कर्ष बुर्जुवाहरूले भनेजस्तो "स्वतन्त्र" या "मूल्य निरपेक्ष" (Value free) हुन्न बरू त्यसले प्रत्यक्ष वा परोक्ष रूपले कुनै न कुनै राजनैतिक विचारधारासँग समिप्यता राख्दछ । दोश्रो, हरेक यथार्थको आफ्नै राजनीतिक र नैतिक मूल्य हुन्छ । हरेक यथार्थवादी अध्ययनले सत्यलाई प्रकट गर्दछ, भ्रमलाई उदाङ्गो पार्दछ भने त्यो समाजको बास्तविक चरित्र बुझ्न महत्वपूर्ण रूपले अनिवार्य हुन्छ । त्यसो भए यथार्थवादी अध्ययन र त्यसको निष्कर्ष समाजको अग्रगामी परिवर्तनको लागि अनिवार्य शर्त भयो । तेश्रो, रेग्मीजीका केही कृतिहरूमा नेपाली समाजको व्यापक असमानता, त्यसका कारणहरू व्यापक शोषण र त्यसका लागि राज्यले खडा गरेका संयन्त्रहरूको प्रष्ट उल्लेख पाइन्छ । के यसो भए रेग्मीजीका कृतिहरू राजनीतिक वैचारिक कोण नभएका भए ?

> लेखकले भनेजस्तो नेपालमा कम्युनिष्ट आन्दोलनको मात्रात्मक विस्तार पक्कै भएकै हो तर त्यही आधारमा यस आन्दोलनलाई "समृद्ध" भन्न मिल्दैन कि ?

मार्क्सवादी अध्ययन प्रणालीमा लेखकले सूत्रहरूलाई भन्दा विधिलाई दिएको जोड प्रशंसनीय छ । लेखक एक सन्दर्भमा भन्नुहुन्छ, मार्क्सले भन्नु या नभन्नु, स्वीकार गर्नु या नगर्नुले समाजको आफ्नो नियममा सहस्रांशमा एकांश पनि प्रभाव पार्ने होइन । यदि त्यसो हो भने मान्छेको चेतना र त्यसले समाजको यथार्थलाई बुझ्नुको औचित्य के हुन जान्छ ? के मान्छेको बुझाइले समाजको परिवर्तनको दिशा या गतिलाई प्रभावित गर्दैन र ? यस सन्दर्भमा लेखक स्वयंका अघिल्ला निष्कर्षहरू लेखकका माथि भनिएका मान्यताहरूसँग बाझे जस्तो लाग्छ । लेखकले विधि अन्तर्गत जोड दिन खोजेको विषय हो- अन्तरविरोध, जो, मलाई लाग्छ, सैद्धान्तिक र विधिगत दुवै हिसाबले व्यापक वहसको विषय बन्नुपर्छ । पहिलो, द्वन्द्वात्मक भौतिकवादको आधारभूत नियम अनुसार प्रत्येक अस्तित्व या प्रक्रिया दुई "विपरित"हरूबाट बनेको हुन्छ र ती विपरितहरूका बीचको द्वन्द्वको कारणले निरन्तर परिवर्तनशील हुन्छ । वर्गसंघर्षको सिद्धान्तअनुसार हालसम्मका समस्त मानव समाजको इतिहास वर्ग संघर्षको इतिहास हो । एक सामाजिक संरचनाभित्र हुने वर्गहरूका बीचको संघर्षको कारणले नै क्रान्तिमार्फत नयाँ सामाजिक संरचनाको जन्म हुन्छ । अर्कोतर्फ मार्क्स भन्नुहुन्छ- ऐतिहासिक सामाजिक कालको विकासको खास चरणमा उत्पादक शक्ति र उत्पादनसम्बन्धका बीचमा द्वन्द्व या अन्तरविरोध हुन्छ र सामाजिक क्रान्तिको युग आउँछ । त्यसो हो भने प्रश्न उठ्छ- सामाजिक परिवर्तन या क्रान्ति मूलतः के कारणले हुन्छ ? वर्गहरूबीचको द्वन्द्वात्मक प्रक्रियाले या उत्पादक शक्ति र उत्पादनसम्बन्ध बीचको द्वन्द्वात्मक प्रक्रियाले ? के उत्पादक शक्ति र उत्पादन सम्बन्धलाई एउटै सामाजिक संरचनाका "विपरित" मान्न सकिन्छ ? माओले भनेजस्तो आर्थिक आधार र उपरी ढाँचाका बीचको अन्तरविरोधले सामाजिक क्रान्तिलाई जन्म दिन्छ भनेर कसरी मान्ने ? जब कि ती ढाँचाहरू एउटै सामाजिक संरचनाका "विपरित" हरू नभएर परस्पर अन्तरसम्बन्धित हुन् । दोश्रो, यदि लेखकले भनेजस्तो उत्पादक शक्ति र उत्पादन सम्बन्धको अन्तरविरोधको अध्ययन नै समाजको वास्तविक चरित्र बुझ्ने विधि हो भने वर्ग संघर्षलाई समाजको अध्ययनमा कहाँनिर राख्ने ? तेश्रो, समाज एउटा ऐतिहासिक कालभित्र निरन्तर परिवर्तन भइरहेको हुन्छ कि हुन्न ? हुन्न कसरी भन्ने ? ऐतिहासिक तथ्यले दिदैनन् । हुन्छ कसरी भन्ने ? परिवर्तनको संयन्त्र द्वन्द्व या अन्तरविरोध त्यस सामाजिक कालको एउटा खास चरणमा मात्र देखापर्छ । मोहनविक्रम सिंहको व्यवहारिक प्रश्न र सैद्धान्तिक प्रश्नलाई सिद्धान्ततः छुट्याउने प्रवृत्तिसँग सहमत हुँदा लेखक एउटा सामान्य त्रुटी गर्न पुग्नुहुन्छ । पहिलो

कुरा, सिद्धान्त र व्यवहार मार्क्सवादी विज्ञानमा दुई फरक कुराहरू होइनन् । दोश्रो कुरा, जसलाई मोहन विक्रमले तत्कालीन व्यवहारिक प्रश्नहरू भन्नु भएको छ, ती के जुन तथ्यहरूको सैद्धान्तिक व्याख्या गर्न खोजिएको छ तिनको मूलतः छिद्रपट्ट प्रकट होइनन् र ?

'सामन्तवाद र पूँजीवाद इतिहास र प्रवृत्ति'मा लेखकले सामन्तवाद र पूँजीवादको विकास र तिनको चरित्रलाई अत्यन्त सरल र प्रष्ट भाषामा व्याख्या गर्नुभएको छ । यसैमा लेखकले धार्मिक विकासको हिसाबले सामन्तवाद स्वर्णकाल हो भनेको कुरासँग सहमति जनाउन सकिन्न । सामन्तवादी व्यवस्थामा पनि धर्म सामन्ती संरचनालाई संरक्षण दिन, त्यसलाई नैतिक रूपले स्पष्टीकरण दिन, त्यस व्यवस्थामा उठेका असहमती र विद्रोहरूलाई दबाउन व्यापक प्रयोग भएको थियो । धर्मले ठुलै हिस्सामा अन्धविश्वास र आतंकहरूको प्रयोग गरेको थियो । फरक कुरा कति मात्र हो भने पूँजीवादमा धर्मको प्रयोग मात्रात्मक रूपले व्यापक र द्रुत भएको हो । अमिन (Amin) को "हरेक संकटपछि पूँजीवादले पहिलेको स्थिरतामा भन्दा असाधारण रूपले विकास गर्ने गरेको छ र उत्पादन र उत्पादकशक्तिको त्यही असाधारण विकासले उसलाई जीवन दिने गरेको छ" भन्ने कुराले केही प्रश्नहरू जन्माउछन् । पूँजीवाद नाशवान छ कि छैन ? पूँजीवाद उत्पादक शक्तिको असाधारण विकासले कि देशबाहिर खडा गरेको भिमकाय शोषणको संयन्त्र र सैनिक बलको प्रयोगले टिकेको हो ? "....... आरम्भिक समाजहरू सामन्तवादसम्म आईपुग्दा समृद्ध दास-स्वामी सामाजिक-आर्थिक प्रणालीबाट गुज्रेर आए" भन्दा लेखक एउटा त्रुटि गर्नु हुन्छ, त्यो के भने वर्गीय समाजमा शोषक वर्गको समृद्धि सिंगो समाजको समृद्धि होईन । माक्सवादी विश्लेषणमा यसो भन्नु त झनै त्रुटिपुर्ण हुन जान्छ ।

पूँजीको सारमा लेखकले पूँजी, पूँजीवाद र दलाल पूँजीवादको चरित्र र तिनको सारको बारेमा प्रष्ट व्याख्या गर्नुहुन्छ । लेखकले भनेजस्तो श्रमको जटिलताले श्रमको उत्पादकत्वलाई बढाउँछ । तर श्रमको जटिलताले मुनाफालाई बढाउँछ भन्ने कुरासँग सहमत हुन सकिन्न किनकि श्रमको जटिलताले मुनाफा आर्जन गर्ने कुरामा सहायकको भूमिका खेल्न सक्छ र मुनाफा मार्क्सवादी मान्यता अनुसार, अतिरिक्त मूल्यको शोषणबाट थुप्रिदै जान्छ । लेखकले विज्ञान र प्रविधिको पनि वर्ग सापेक्षता हुन्छ भन्ने कुरा निकै तर्कपूर्ण ढंगले प्रमाणित गर्नुभएको छ । पहिलो, विज्ञान र प्रविधि, सामाजिक उत्पादन प्रक्रियासँगै जन्मन्छन् र विकसित हुन्छन् । त्यसो हुँदा ती वर्गीय समाजमा खास वर्गको हित अनुकुल हुन्छन् । दोश्रो, शासक वर्गले विज्ञान र प्रविधिलाई आफ्नो हित अनुकुल बढी मुनाफाको उद्देश्यलाई ध्यानमा राखेर उत्पादन प्रक्रियामा प्रयोग गर्छन् । तेश्रो, वर्गीय समाजमा, जहाँ उत्पादनका साधनको स्वामित्व थोरै मालिकहरूको हातमा हुन्छ, विज्ञान र प्रविधिले मालिक वर्गलाई बढी मुनाफा दिन सहयोग गर्छ र गरीबीको पुनरूत्पादन गराइरहेको हुन्छ ।

भाग-२ को नेपाली सामाजिक अध्ययनको प्रचलित धारामा लेखकले पुष्पलाल, मोहनविक्रम सिंह, झलनाथ खनाल र बाबुराम भट्टराईहरूका अध्ययन र निष्कर्षहरूको निकै राम्रो विश्लेषण गर्नुभएको छ । लेखकको समालोचनाबाट प्रष्ट हुनआउँछ कि ती अध्ययनहरू नेपाली समाज र त्यसको परिवर्तनको चरित्रको वैज्ञानिक विश्लेषण गर्न अपुरा नै थिए । यद्यपि ती अध्ययनहरूमा उठेका केही महत्वपूर्ण विषयहरूलाई भने लेखकले खुलेर प्रशंसा गर्नुभएको छ । खनालजीको प्रविधिको स्तरलाई समाजको चरित्र निर्धारणको मापदण्ड मान्ने गैरमार्क्सवादी दृष्टिकोणको आलोचना गर्न लेखकलाई गाह्रो परेको छैन । भट्टराईजीको विश्लेषणलाई लेखकले अज्ञात आग्रहबाट निर्देशित मान्नुले झनै रहस्यमय बनाइदिएको छ । लेखकले भन्नुहुन्छ- अर्धसामन्ती, अर्धऔपनिवेशिक ढाँचालाई जबर्जस्ती पुष्टी गर्नु भट्टराईजीको आग्रह हो । त्यसो भए त्यो आग्रह कसरी अज्ञात भयो त ? एउटा बहस भएको महत्वपूर्ण विषय हो, नेपाली समाजको औद्योगिक रूपान्तरणको वाधक के हो ? भट्टराई भन्नुहुन्छ, त्यो बाधक सामन्तवाद हो, तर लेखक असहमत हुँदै भन्नुहुन्छ, त्यो बाधक सामन्तवाद वा अर्धसामन्तवाद नभएर दलाल पूँजीवाद हो ।

यस सम्बन्धमा केही कुरा गरौं । मार्क्सवादी व्याख्या अनुसार सामन्तवादभित्र वर्गसंघर्ष खास चरणमा पुगेपछि त्यसले पूँजीवादी समाज व्यवस्थाको जन्म गराउँछ या सामन्तवादभित्र उत्पादन सम्बन्ध खास चरणमा पुगेपछि उत्पादक शक्तिको विकासको बाधक हुन्छ र त्यो अन्तरविरोधले सामाजिक क्रान्तिलाई जन्माउँछ । त्यसो हो भने नेपाली सामन्तवादभित्रको वर्ग संघर्ष खास चरणमा नपुगेको कारणले या सामन्तवादभित्रको उत्पादन सम्बन्ध उत्पादक शक्तिको निरन्तर विकासको बाधक भएका कारणले सामन्तवाद अर्को समाज व्यवस्थामा रूपान्तरण हुन नसकेको हो भन्ने कुरा मान्नु पर्ने हुन्छ । त्यसो भए नेपाली सामन्तवाद औद्योगिक विकासको वाधक भयो । द्वितीय, नेपालको अर्थ-राजनीति लामो कालसम्म दलाल पूँजीवाद र सामन्तवादको गठबन्धन हो, जुन कुरा लेखक पनि मान्नुहुन्छ । यदि दलाल पूँजीवादले औद्योगिक विकासलाई अवरूद्ध गर्छ र गरेको हो भने त्यससँगको गठबन्धनको मित्र सामन्तवादले औद्योगिक विकासको प्रक्रियालाई कुनै मात्रामा अवरूद्ध गऱ्यो भनेर किन नमान्ने ?

नेपाली सामाजिक अध्ययनको फरक धारामा लेखकले चैतन्य मिश्रको अध्ययन र विश्लेषणलाई किन फरक र प्रचलित धाराबाट भिन्न भन्न खोज्नुभएको हो, बुझ्न सकिएन । मिश्रजीको विश्लेषण पनि मार्क्सवादी मान्यताकै सेरोफेरोमा छ । तर उहाँको निष्कर्ष भने परम्परागत अध्ययन र विश्लेषणभन्दा भिन्न छ र त्यसले भन्छ नेपालको अर्थ-राजनीतिको चरित्र पूँजीवादी हो । मिश्रजीको अध्ययनमा पनि उत्पादन प्रणालीको निर्धारण गर्ने कसीहरू "श्रमव्यवस्थाको प्रकृति" र "उत्पादनका साधनको स्वामित्वको परिपाटी" हुन् । त्यसो हो भने मिश्रजीको अध्ययन किन फरक धारा भयो ? पक्कै पनि के हो भने मिश्रजीको अध्ययन सैद्धान्तिक व्याख्या र ऐतिहासिक तथ्यहरूले धनी छ र त्यसको निष्कर्ष बढी तर्कपूर्ण र अलोचनात्मक लाग्छ । मिश्रजीले उठाए जस्तै र लेखक सहमत भएजस्तै पूँजीवाद/साम्राज्यवाद र उपनिवेशवाद/नव-उपनिवेशवाद परस्पर निषेधकारी नभएर उपनिवेशवाद/नवउपनिवेशवाद पूँजीवादी विश्वव्यापी शोषणका भिन्नै संयन्त्र र तरिका मात्रै हुन् कि ?

टाक्सिएको सामन्तवादमा लेखकले राणाशाहीको उदयलाई राजनैतिक हिसाबले एउटा ठूलो घटना मान्नुहुन्छ, तर सामाजिक-आर्थिक हिसाबले पुराना कुराको निरन्तरता मात्रै । त्यसो भनेर लेखकले केही सैद्धान्तिक त्रुटिहरू गर्नुभएको छ । पहिलो, मार्क्सवादी मान्यताअनुसार राजनीति र अर्थतन्त्र दुई भिन्न पद्धतिहरू होइनन् बरू परस्पर अन्तरसम्बन्धी ढाँचाहरू मात्र हुन् । के राणाशाहीको उदय पुरानै राजनैतिक पद्धतिमा नयाँ पात्रको आगमन मात्रै थियो ? त्यसो हो भने त्यो कसरी राजनैतिक रूपले "ठूलो घटना" हुन गयो ? दोश्रो, ऐतिहासिक तथ्यहरूले प्रष्ट भन्दछन् कि राणाशाहीको उदयपछि नेपाल बढ्दो गतिमा क्षेत्रीय र विश्व पूँजीवादी पद्धतिमा समाहित हुँदै गयो, जसको कारणले नेपालमा दलाल पूँजीवाद भित्रियो र विकसित हुँदै गयो । के यो प्रक्रिया सामाजिक-आर्थिक परिवर्तनको प्रक्रिया होइन ? राणाशाहीले साम्राज्यवादसँग बढाएको गठबन्धन र दलाल पूँजीवादतर्फ गरेको संक्रमण कसरी पुराना गोर्खा दरबारका नीतिहरूको निरन्तरता हो ? के त्यो गठनबन्धन या संक्रमणले आन्तरिक, सामाजिक-आर्थिक व्यवस्थालाई प्रभावित गरेनन् र ?

वर्तमान अवस्थाका अरू केही झलकहरूमा लेखकले गिर्दो औद्योगिक अवस्थालाई सप्रमाण पेश गर्नुभएको छ । तर बुझ्नु पर्ने कुरा के हो भने गिर्दो औद्योगिक अवस्था "अरू" झलक नभई दलाल पूँजीवादले सृर्जेको प्रक्रिया हो ।

*टाक्सिएको सामन्तवादमा लेखकले राणाशाहीको उदयलाई राजनैतिक हिसाबले एउटा ठूलो घटना मान्नुहुन्छ, तर...*

लेखक तर्कपूर्ण ढंगले गैरसरकारी संस्थाहरूलाई सामाजिक रूपान्तरणको अन्तरनिहित गतिलाई मत्थर पार्ने पूँजीवादी सहायक यन्त्रका रूपमा स्थापित गर्नुहुन्छ । लेखकले व्याख्या गरेजस्तो गरीबीकरण र सर्वहाराकरण प्रक्रिया एउटै होइनन् कि ?

पछिल्लो फलकमा लेखक भन्नुहुन्छ– "सांस्कृतिक व्यवस्था र श्रम सम्बन्धमा सामन्तवाद जिउँदो देखिन्छ" । लेखकको यो मान्यताले केही प्रश्नहरू जन्माउँछन् । पहिलो, २०४७ सालसम्मको राजनैतिक सत्ता संरचनामा सामन्तवादको प्रभाव थियो भन्ने कुरा लेखकले नै स्थापित गर्न खोजेको मान्यतासँग मेल खादैन । दोश्रो, मार्क्सवादका अनुसार आर्थिक आधार अनुसारको उपरी ढाँचा हुन्छ । उपरी ढाँचाले खास किसिमको आर्थिक आधारलाई निरन्तरता दिन्छ । त्यसो हो भने अर्थ-राजनीतिको चरित्र पूँजीवादी हुने, तर त्यही समाजको संस्कृति सामन्तवादी हुने कसरी हुन सक्छ ? लेखकले भनेजस्तो भौगोलिक र सांस्कृतिक कारकहरूले नेपाली समाजको परिवर्तनलाई प्रभावित गरी

> *पछिल्लो फलकमा लेखक भन्नुहुन्छ– "सांस्कृतिक व्यवस्था र श्रम सम्बन्धमा सामन्तवाद जिउँदो देखिन्छ" । लेखकको यो मान्यताले केही प्रश्नहरू जन्माउँछन् ।*

वर्ग संघर्षको ऐतिहासिक प्रक्रियालाई नै प्रभावित गरे भनेर मान्ने हो भने समाज आफ्ना अन्तरनिहित अन्तरद्वन्द्वहरूको कारणले परिवर्तन र विकसित हुँदै जान्छ भने ऐतिहासिक भौतिकवादी मान्यताको बारेमा के भन्ने ? लेखक हालसम्मका भूमिसुधार सम्बन्धी नारा र कार्यक्रमहरूलाई काल्पनिक मान्नुहुन्छ, तर मूर्त रूपमा कस्तो कार्यक्रमले भूमि क्रान्ति ल्याउँछ भन्नुहुन्न । "रूपान्तरणको दिशा" खोज्ने हो भने दलाल पूँजीवाद अर्थराजनीतिमा प्रभावशाली भएको र कृषि उत्पादकत्व अत्यन्तै दयनीय भएको हाम्रो जस्तो समाजमा कृषि क्रान्तिको रूपरेखामा प्रशस्त समय खर्च गर्नुपर्ने हुन्छ । आशा गरौं, लेखक लगायत थुप्रै चिन्तकहरूले यस दिशामा सोच्नु हुनेछ ।

लेखकले देख्नुभएको भविष्यको आन्दोलन निकै वृहत छ र थुप्रै अर्थमा वर्तमान कम्युनिष्ट पार्टीहरूका दस्तावेज, घोषणापत्र र कार्यक्रममा उल्लेख गरिएको र थुप्रै कम्युनिष्ट नेताहरूले व्यक्त गरेका धारणाहरूभन्दा गुणात्मक रूपले उच्च छ । लेखक भन्नुहुन्छ– "अबको वर्ग संघर्ष......केन्द्रित हुँदै गरेको पूँजीको विरूद्ध, छिटो छिटो विस्तार हुँदै गरेको सर्वहारा श्रमजीवी वर्ग र पूँजीवादी साम्राज्यवादबाट प्रभावित समस्त जनगणको संघर्ष हो ।" आन्दोलनको भौतिक परिस्थिति तयार भएको कुरा प्रष्ट पार्दै लेखक त्यसको प्राथमिक शर्त 'लडाकू जनताको टुकुडी'लाई होइन, जनताको वृहत क्रान्तिकारी आन्दोलन/संघर्षलाई मान्नुहुन्छ । लेखकको विश्लेषणबाट अरू कुराका थपमा मूलतः दुई कारणले अबको संघर्ष व्यापक र प्रभावकारी हुने निष्कर्ष निकाल्न सकिन्छ । पहिलो, साम्राज्वाद विश्वव्यापी भइरहेको छ र त्यसले सबै समाजहरूमा एकै नाशको शोषण प्रक्रियालाई विस्तार गरिरहेको छ जसको कारणले सबै समाजहरूलाई एकैचोटी आफ्नाविरूद्ध संगठित हुने मौका दिइरहेको छ । यस अर्थमा अबका आन्दोलनहरू राष्ट्रहरूमा विभाजाति मजदूरहरूको होइन, बरू सबै राष्ट्रका मजदूरहरूको विश्वव्यापी हुनेछ । औद्योगिक पूँजीवादको यौवनको कालमा पूँजीवादी राज्यहरूले बाहिरी संसारमा शोषणलाई तीव्र पारेर आफ्ना राज्यका मजदूरहरूको कतिपय मागहरूलाई पूरा गरी आन्दोलनको विश्वयापीकरणलाई अवरूद्ध गरेका थिए । अब त्यो संभावना छैन । दोश्रो, साम्राज्यवादले लादेको गरिबी, वातावरण विनाश, भ्रष्टाचार प्रोत्साहन, मानवअधिकार र राष्ट्रिय सीमाहरूको उल्लघंन, हतियार व्यापार र युद्ध विरूद्धमा संसारभरिका श्रमिक– सर्वहारा मात्र होइन, वातावरणवादी, मानवअधिकारवादी तथा नागरिक अधिकार पक्षधर, भ्रष्टाचार विराधी, युद्धविरोधी तथा शान्तिकामी, वर्ग, समुदाय, राष्ट्र जनजातिबाट पनि प्रतिक्रिया तीव्र भइरहेको छ । यस अर्थमा सामाजिक जीवनका थुप्रै क्षेत्रबाट साम्राज्यवाद विरोधी हमलाहरू विश्वस्तरमा हुनेछन् ।

लेखकका यो कृति जस्तै आशय र विषय भएका केही पछिल्ला कृतिहरूलाई नेपालका राजनीतिक पार्टीहरू, विचारक र लेखकहरूले वेवास्था गरेका छन् । हुनसक्छ– यो कृति पनि वेवास्था गरिनेछ । के त्यसो हुनुको या हुन सक्नुका पछाडि नेपालका कम्युनिष्ट नेताहरू र बुद्धिजीवीहरूको न्यून वैचारिक स्तर जिम्मेदार छ ? के उनीहरूको समाज परिवर्तनमा समाजको वास्तविक चरित्रको बुझाइलाई वेवास्ता गर्ने प्रवृत्ति जिम्मेदार छ ? या राजनैतिक नेताहरू र तिनका तथाकथित बुद्धिजीवीहरू माफ आफ्नो राजनैतिक वैचारिक धरातल कमजोर या नष्ट हुने भयले यसो गराइरहेको छ ? मार्क्सले *पूँजी* प्रकाशित गर्दा पनि बुर्जुवा बुद्धिजीवीहरूमा यस्तै भय व्याप्त थियो । यहाँ पनि त्यही भएको हो कि ?

अन्तमा, "......अहिलेको अन्तर्विरोध र चुनौतीहरूको सामना गरेर अगाडि बढ्दै जाँदा नयाँ विचार र दृष्टिकोणका साथ नयाँ राजनैतिक नेतृत्वको पीडीत अगाडि आउने छ" भन्ने लेखकका पंक्तिले वर्तमान राजनीतिक नेतृत्वको नालायकीपनका कारण सृजित सामाजिक विसंगति र तुहेको परिवर्तनमा दुखी भएका मनहरूमा थोरै-धेरै भविष्यप्रति विश्वास र आशा जगाउने छ भन्ने विश्वासे लिन सकिन्छ । □




## सूट-टाइ र सुँगुर

विधा : व्यंग्यनिबन्ध संङ्ग्रह
लेखक : सुधा त्रिपाठी
प्रकाशक : अनुश्का प्रकाशन, कमलादी
पृष्ठ : ७९+१८
मूल्य : रु. ७५/-
संस्थागत मूल्य : रु. २००/-

## प्रयोगशालाभित्र



विधा : कविता संङ्ग्रह
लेखक : सरुभक्त
प्रकाशक : पोखरेली युवा सांस्कृतिक परिवार, पोखरा
पृष्ठ : १०७+८
मूल्य : ......




## युद्धको भुमरीमा बालबालिकाहरु

लेखक : गौरी प्रधान
प्रकाशक : नेपाल बालमजदूर सरोकार केन्द्र (सिविन)
पृष्ठ : ६९+८
मूल्य : ..........

## आस्था ओ मेरी प्रिया




विधा : कविता संगालो
लेखक : शीतविन्दु
प्रकाशक : विवेक सिर्जनशील प्रकाशन (प्रा.) लि.
पृष्ठ : ६८+८
मूल्य : रु. ५०/-
संस्थागत मूल्य : रु. १५०/-



## अञ्जुलीभरिको घाम

विधा : कविता संग्रह
लेखक : श्यामकृष्ण खुलिमुली
प्रकाशक : ज्योति साहित्य सदन, भक्तपुर
पृष्ठ : ५१+१२
मूल्य : रु. ३०/-

## गोमाको यार्लिङ



विधा : बाल-कथासंङ्ग्रह
लेखक : नारायण ढकाल
प्रकाशक : साझा प्रकाशन पुल्चोक, ललितपुर
पृष्ठ : २२+६
मूल्य : रु. २५/-



## दुई कविताहरु

सुलोचना मानन्धर

### बच्चाहरू

जीवनका थोपाहरू
जब माटोमा टप्किन्छन्
नयाँ जीवन लहराउँदै
हावामा फहराउँछन्

हावामा फहराएको पातको टुप्पोले
फेरि धर्तिलाई चुम्छ भनी
आशा गर्न सकिन्छ र ?

ऊ त
आकाशतिरै
तन मनले बढिरहेको हुन्छ । □

### जनताको मन

सुकेका पात भएको छ- जनताको मन
आशाले भिज्नै नसक्दा,
पानी कतातिर छ कुन्नि ?
पानी बोक्ने हातहरूले पनि
आज आगै बोकेका छन् ।

सानो आगोको बीउमात्र खस्नुपर्छ,
ह्वार...रै आगो बल्नमात्र बाँकी छ,
जनताको मन भन्नु अब
तिनै सुकेका पात भएका छन्,
जो दन्किनमात्र बाँकी छ । □

*(ऋतिक रोशन काण्डपछि)*



## संवादको अनिकाल र मौनताको भाषण

गोविन्द न्यौपाने

छलफल गर्नु र लगातार छलफल गर्नु,
आफ्नै मनसँग गंभीर छलफल गर्नु
विहान, दिउँसो र बेलुका
विपनामा रहँदा र सपनामा हुँदा
कल्पनामा, तन्द्रामा र निन्द्रामा
आफैसँग बोल्नु र आफैमार्फत् अरुसँग बोल्नु
रमाएर बोल्नु र डराएर बोल्नु,
उत्साही भएर बोल्नु र हतोत्साही भएर बोल्नु
तर लगातार आफैसँग आफैमार्फत् अरुसँग बोल्नु

कल्पनाको सागर र संभनाको गहिराइमा
हराइरहनु र लगातार हराइरहनु
आनन्दको अनन्त स्वप्नलोकमा
सबै व्यवधानको निरपेक्ष अनुपस्थितिमा
शून्यमा र अनन्त शून्यमा
बेखबर शिलिङ हेरेर सुतिरहनु
सुतिरहनु र लगातार सुखद् संभनासहित सुतिरहनु

निस्सारताको प्रतिवादमा सुतिरहनु
सबै कथा र व्यथाको विरुद्धमा सुतिरहनु

लाग्छ, हिउँको चीसोले नछुने गरी
आगोको तातोले पनि नछुने गरी
असंख्य आर्तनादभन्दा टाढा होइन
मानव र दानव वस्तीहरुभन्दा टाढा पनि होइन
कोलाहलको बीचैमा
विभीषिकाहरुको बीचैमा
सुत्नु राम्रो हुन्छ
वास्तवमा, विद्रोहको मुद्रामा
अवज्ञाको दह्रो मन बनाएर
नयाँ सडकको बीचैमा सुत्नु राम्रो हुन्छ
संवादको अनिकालको वर्तमानमा
मौनताको भाषण गर्दै
नयाँ सडकको एकदमै मध्य भागमा
सुत्नु राम्रो हुन्छ । □



## तुषारो परिरह्यो

सोन्त

रातभरि तुषारो परिरह्यो
डाँडा पखेराहरु
चीसो रातमा
प्रसव वेदनाको पीडाले छटपटाई रहे ।


नियतिजस्तै भएका
यी प्रसव पीडाहरु
युग युगभरि
बेहिसाव बेखवर जन्मिएका सन्तति
नालापानीको नाकाबन्दीमा माटोको सीमा कोर्दाकोर्दै
बर्माको जंगलमा भिक्टोरिया क्रस आर्जदाआर्जदै
फकलैण्डको टापु र खाडीको मरुभूमिमा
इतिहासको उपसंहार लेख्दालेख्दै

कोख रित्तो भएर
बाँझो भएका भीर-पहराहरुले
एकपटक फेरि युगको गर्भ बोकेर
सन्तानको प्रतिक्षामा
प्रसव वेदनाको अन्तिम घडी पर्खिरहे ।

भन्छन् आजभोलि
आफ्नै पोल्टाभरि अनगिन्ती मोर्चाहरु खुलेका छन् रे
भाकल गरेर फूलपाती चढाउने भन्ज्याङका देउरालीहरु
युद्धको ट्रेन्चमा फेरिएका छन् रे
यी पाखाभरि गुन्जिने पिरतीका भाकाहरु
गोला बारुदको कर्कश विष्फोटमा पुरिएका छन् रे
समयको बिसर्जनलाई भत्काएर
पाइलाहरुको बिसौनीलाई उठाएर
फेरि, इतिहासको नयाँ संस्करण लेख्ने बेला भएछ
त्यसैले बन्दै-चुँडिदै गरेको
युगान्तकारी सन्तान जन्माउने विश्वास बोकेर
लेक, बेसी र फाँटहरुले
प्रसव पीडालाई सहिरहे !

तर खै !
पर कतै मिर्मिरेको आभास पनि हराएजस्तै छ
यो चीसो रातको निस्सारता
अझै लम्बिने पो हो कि
झन् झन् गाढा हुँदै गएको निस्पष्टतामा
मेटिदै गएको आफ्नै आकारलाई छाम्दै
क्षितिज त्रस्त भई
कतै यस पटकको गर्भ नै पो तुहिने हो कि ?


कहालीलाग्दो अन्त्यहीन चीसो रातभरि
तुषारो परिरह्यो.......। □



रेमण्ड डाभिस

# 'न्यूट्रिनो' कणको खोजले ल्याएका केही महत्वपूर्ण तथ्यहरू

■ तुल्सीदास महर्जन



मासातोशी कोशिबा

**आइन्स्टाइनको 'विशेष सापेक्षताको सिद्धान्त' र न्यूट्रिनोको खोजको परिणामस्वरूप अब पदार्थलाई नयाँ ढंगको व्याख्या जरूरी छ**

**यस वर्ष** सन् २००२ को लागि भौतिकशास्त्रमा नोबेल पुरस्कार पाउने तीनमध्ये दुई वैज्ञानिकहरू रेमण्ड डाभिस जुनियर र मासातोशी कोशिबा हुन् । वैज्ञानिक रेमण्ड डाभिस अमेरिकाको फिलाडेल्फिया राज्यस्थित पेन्सिल्भानिया विश्वविद्यालयको भौतिक तथा खगोलशास्त्र विभागमा अनुसन्धानरत वैज्ञानिक हुन् । त्यस्तै, वैज्ञानिक मासातोशि कोशिबा जापानको राजधानी टोकियोस्थित टोकियो विश्वविद्यालयको 'प्राथमिक कण भौतिकशास्त्रको अन्तर्राष्ट्रिय केन्द्र' (International Center For Elementary Particle Physics) मा अनुसन्धानरत वैज्ञानिक हुन् । उनीहरू दुवैलाई विशेषतः अन्तरिक्ष न्यूट्रिनो कणहरू (neutrinos)लाई पक्रेर खगोल भौतिशास्त्रमा अग्रणी योगदान पुऱ्याएबापत नोबेल पुरस्कार प्रदान गरिएको हो ।

नर्वेको राजधानी ओस्लोमा एक भव्य समारोहबीच प्रदान गरिएको त्यस नोबेल पुरस्कारको राशी दुबै वैज्ञानिकलाई प्रति व्यक्ति २.५ लाख अमेरिकी डलर रहेको छ । स्मरणीय छ नोबेल पुरस्कारमा भौतिकशास्त्रको लागि जम्मा १० लाख अमेरिकी डलरको राशी छुट्याइएको हुन्छ । यस वर्ष त्यो १० लाख डलरमध्ये आधा हिस्सा अर्थात् ५ लाख डलर रकम अर्का भौतिकशास्त्री रिकार्डो गियाक्कोनीले पाएका छन् । वैज्ञानिकहरू रेमण्ड डाभिस र मासातोशि कोशिबाले संयुक्त रूपमा कुल १० लाख रकमको आधा हिस्सा रकम पुरस्कारस्वरूप पाएका हुन् ।

भौतिकशास्त्रमा न्यूट्रिनो कणको कुरा नयाँ होइन । यो कणको परिकल्पना सन् १९३० मा नै अष्ट्रियाई वैज्ञानिक ओल्फग्याङ्ग पाउलीले गरिसकेका थिए । उनले परिकल्पना गरे पनि यसलाई नामाकरण भने सन् १९३४ मा अर्का भौतिकशास्त्री इटालीमा जन्मेका वैज्ञानिक एनरिको फर्मीले गरे । तर त्यतिखेरसम्म यो कणको अस्तित्वबारे कुनै पुष्ट्याइं भएको थिएन, यसबारे खालि सैद्धान्तिक तवरले परिकल्पनामात्र गरिएको थियो । यसको प्रथम पुष्ट्याइं सन् १९५६ मा वैज्ञानिकहरू फ्रेडरिक रेइन्स र क्लाइड कोवानले न्यूट्रिनोलाई पक्रेर गरेका थिए । उनीहरूले 'न्यूक्लियर रियाक्टर' (Nuclear reactor) नजिकको तरल मिश्रणभित्र हुने प्रतिक्रियामा न्यूट्रिनो कण भेट्टाएका थिए ।

वैज्ञानिकहरूले गणितीय तथ्यांक तथा हिसावको आधारमा के तर्क गर्दै आए भने न्यूट्रिनो कण पृथ्वीमा युरानियम तत्वको क्षय (decay) हुँदामात्र होइन, सूर्यमा हाइड्रोजन तत्वहरूको नाभिकीय प्रतिकृयाद्वारा हिलीयम तत्वको निर्माण हुँदा पनि ठूलो पैमानाको ऊर्जाको साथमा यस कणको जन्म हुन्छ । सूर्यमा बनेका ती न्यूट्रिनो कणहरू लगातार हाम्रो पृथ्वीमा बर्सिरहेका हुन्छन् । त्यस्तैगरी, न्यूट्रिनो कणहरू व्रम्हाण्डको टाढाका विभिन्न ठाउँहरूमा वारम्वार भइरहने तारा विस्फोट (supernova)बाट पनि उत्सर्जित भइरहेका हुन्छन् । यतिमात्र होइन, अरबौं वर्ष पहिले महाविस्फोट (big bang) भई यो व्रम्हाण्डको सृष्टि हुँदा पनि अपार मात्रामा न्यूट्रिनो कणहरू उत्सर्जित भएको मानिन्छ ।

सैद्धान्तिक रूपमा सतहमा आएका यी तमाम अनौठा कुराहरूको व्यवहारिक पुष्टि यसअघि कहिल्यै भएको थिएन । तर सैद्धान्तिक विश्लेषणबाट आएका निष्कर्षहरूलाई व्यवहारिक रूपमा नै पुष्टि गर्ने काममा भर्खरैमात्र गत सन् १९८० र ९० को दशकबीचमा वैज्ञानिकहरूले सफलता प्राप्त गरे ।

न्यूट्रिनो कणको अस्तित्वको पुष्टि गर्ने प्रयासको क्रममा वैज्ञानिक रेमण्ड डाभिस जुनियरले एउटा ठूलो ट्यांकीमा ६१५ टन टेट्राक्लोरोइथाइलिन नामको रसायनले बनेको सरसफाई गर्दा प्रयोग गरिने झोल पदार्थ भरे । र, त्यसलाई उनले सुन खानी भएको जमिनमुनि राखे । त्यस ट्यांकीमा करिब (२.१०) ३० वटा क्लोरिन परमाणुहरू रहेका थिए ।



अरबौं वर्ष पहिले महाविस्फोट (big Bang) भई ब्रम्हाण्डको सृष्टि हुँदा उत्सर्जित भएका अपार न्यूट्रिनो कणहरू अहिले पनि ब्रम्हाण्डमा रहेका अरबौं तारापुञ्जहरूबीच यत्रतत्र छरिएर रहेका छन्

अमेरिकाको डकोटामा गरिएको त्यस परीक्षणमा वैज्ञानिक डाभिसले के हिसाव गरे भने हरेक महिना करिब २० वटा न्यूट्रिनो कणहरूले क्लोरिनसँग प्रतिक्रिया गर्छन् र २० वटा अर्गन तत्वका परमाणुहरू सिर्जित हुन्छन् । उनको तरिकाअनुसार क्लोरिनबाट न्यूट्रिनो कण पाएर बनेका अर्गन परमाणुहरूको हिसाव गरी न्यूट्रिनो कणको गणना गरिन्छ ।

यही तरिकाबाट वैज्ञानिक डाभिसले ३० वर्षको समयावधिमा सूर्यबाट पृथ्वीमा छिरेका २ हजारवटा न्यूट्रिनो कणहरूलाई पक्रने सफलता प्राप्त गरे । र, यसबाट सूर्यमा हाइड्रोजन परमाणुहरू नाभिकीय संयोगबाट हिलियम परमाणुमा परिणत हुँदा नै अपार ऊर्जा उत्सर्जित हुने कुरा पुष्टी भयो ।

न्यूट्रिनो कणलाई पक्रनको निम्ति वैज्ञानिक मासातोशि कोशिबाले एउटा अर्को छुट्टै तरिका अपनाए । न्यूट्रिनो कण पक्रने उनले बनाएको उपकरणलाई 'कामियोकान्ड' नाम दिइएको छ ।

परीक्षणको क्रममा वैज्ञानिक कोशिबाले एउटा ठूलो ट्यांकलाई पानीले भरी त्यसलाई खानीभित्र राखे । र, जब न्यूट्रिनो कणहरू त्यस ट्यांकभित्र पसे, तब तिनीहरूले पानीको पारमाणविक नाभीहरू (atomic nuclei)सँग प्रतिक्रिया गरे । यो प्रतिक्रियाबाट एउटा इलेक्ट्रोन परमाणुबाट छुट्टिन थाल्यो र प्रकाशको मसिनो भिल्का निस्कियो । ट्यांकलाई मसिनोभन्दा मसिनो प्रकाशको किरण पनि पक्रन सक्ने 'फोटो मल्टिप्लायरहरू' (photomultipliers) द्वारा घेरिएको थियो । र, इलेक्ट्रोन छुट्टिंदा निस्किएको मसिनो प्रकाशको भिल्कोलाई ती उपकरणहरूले समातिहाले । यसले वैज्ञानिक रेमण्ड डाभिसको परीक्षणले दिएको नतिजालाई पुष्टी गऱ्यो ।

यही तरिकाबाट वैज्ञानिक मासातोशि कोशिबा र उनको टीमले सन् १९८७ को फेब्रुअरी २३ तारिखको दिन ब्रम्हाण्डको धेरै टाढा ठाउँमा भएको एउटा ताराको विस्फोटन (supernova explosion) बाट उत्सर्जित न्यूट्रिनो कणहरूलाई पक्रने सफलता प्राप्त गरे । उनीहरू 'कामियोकान्ड'को सहयोगबाट १० १६ वटा न्यूट्रिनो कणहरूमध्ये जम्मा १२ वटा कणहरू समात्न सफल भएका थिए ।

नोबेल पुरस्कार विजेता वैज्ञानिक द्वय रेमण्ड डाभिस र मासातोशि कोशिबाको परीक्षणले अब न्यूट्रिनो कणको भौतिक अस्तित्व स्पष्ट रूपले पुष्टी भएको छ । वैज्ञानिकहरूका अनुसार न्यूट्रिनो कण एउटा यस्तो कण हो, जसको पिण्ड नभएसरहको मात्र हुन्छ । यो यति सानो कण हो, जुन इलेक्ट्रोन कणभन्दा लाखौं गुना सानो हुन्छ जबकि इलेक्ट्रोन आफै प्रोटोन कणको दुई हजार खण्डको एक भाग बराबरमात्र हुन्छ । त्यसैले न्यूट्रिनो कण जहाँतहीं छिर्नसक्छ । अन्तरिक्षबाट आएका अरबौं न्यूट्रिनो कणहरू प्रतिसेकेण्ड समयमा हाम्रो शरीरलाई पार गरेर जमिनभित्र घुसिरहेका हुन्छन् । तर यो कुराको भान हामीलाई पटक्कै हुँदैन । मान्छेको शरीर तथा यो पूरै पृथ्वी न्यूट्रिनो कणको लागि प्रकाशलाई शिशाको भाँडो जस्तै हो ।

न्यूट्रिनो कण परमाणुको नाभिकीय प्रतिकृयाको क्रममा उत्सर्जित हुने कुरा वैज्ञानिकहरूले पुष्टी गरेका छन् । र, यो कण स्थायी कण हो अर्थात् कमसेकम यो दीर्घजीवी छ । ब्रम्हाण्डको सृष्टिकालमा उत्सर्जित न्यूट्रिनो कणहरू पनि अहिलेसम्म प्रशस्त मात्रामा ब्रम्हाण्डमा यत्रतत्र छरिएर रहेको कुरा वैज्ञानिकहरू पुष्टि गर्दछन् । तटस्थ विद्युत आवेश भएको यो कण अति सूक्ष्म छ । तर प्रोटोन र न्यूट्रोन बनाउने क्वार्क कणभन्दा यो गुणात्मक रूपमै फरक छ । वैज्ञानिकहरू क्वार्कलाई पदार्थको एक खाले प्राथमिक कण मान्दछन् भने न्यूट्रिनोलाई अर्को खाले । विभिन्न खाले क्वार्कहरूले मिलेर प्रोटोन र न्यूट्रोन बनाउँछन् भने न्यूट्रिनोहरूले मिलेर अर्को कण बनाउदैनन् । यिनीहरू उत्सर्जनपछि स्वतन्त्र रूपले रहन पुग्छन् ।

न्यूट्रिनो कणको भौतिक अस्तित्वको पुष्टिबाट केही नयाँ तथ्यहरू हाम्रो सामु आएको महशूस हुन्छ । यो कणको खोजबाट विज्ञान र दर्शनको क्षेत्रमा फेरि पनि एक पटक के पुष्टी हुन्छ भने प्रकृतिको अस्तित्व मानव चेतनाबाहिर स्वतन्त्र रूपले आफ्नै नियममा चलायमान छ । र, मानव चेतनाले प्रयत्न गरेमा त्यसलाई बुझ्न सक्दछ । प्रकृतिको नियम मानव चेतनाको उपजको रूपमा रहेको छैन ।

न्यूट्रिनोको खोजले मानव चेतनाको एउटा सुन्दर आविष्कार गणितशास्त्र भएको फेरि पनि पुष्टी भएको छ । माथि हामीले उल्लेख गरिसक्यौं कि न्यूट्रिनो कणको परिकल्पना शुरूमा सैद्धान्तिक रूपमा नै गरिएको थियो । त्यही गणितीय सिद्धान्तले बताएको बाटो पछ्याउँदा नै वास्तविक न्यूट्रिनो कणसँग मानवको साक्षात्कार भयो । यसअघि वैज्ञानिक अल्बर्ट आइन्स्टाइनले आविष्कार गरेको गणितीय सिद्धान्तलाई पछ्याउँदा मानवले नाभिकीय ऊर्जा (nuclear energy) उत्पादन गर्ने सफलता हासिल गरेको थियो ।

**न्यूट्रिनो कणहरू ब्रम्हाण्डको टाढाका विभिन्न ठाउँहरूमा वारम्वार भइरहने तारा विस्फोट (supernova) बाट पनि उत्सर्जित भइरहेका हुन्छन्**



अर्को कुरा, न्यूट्रिनो कणको खोजले पदार्थलाई नयाँ ढंगले बुझ्न हामीलाई प्रेरित गरेको छ । किनकि पदार्थको संरचनाबारे हामीले हिजो जसरी बुझ्यौं, अब त्यो त्यसरीमात्र रहेन ।

हिजोसम्म हामीले पदार्थ परमाणुहरू मिलेर बनेको हुन्छ, परमाणु इलेक्ट्रोन, न्यूट्रोन, प्रोटोन र अन्य कणहरू मिलेर बनेको हुन्छ भनेर बुझ्यौं । अब त्यति नै कुरा पर्याप्त रहेन । किनकि न्यूट्रिनो र न्यूट्रिनोजस्ता कणहरूको खोजले ब्रम्हाण्डमा परमाणुभन्दा फरक अरू नै सूक्ष्म कणहरू पनि स्वतन्त्र रूपले अस्तित्वमा रहेका छन् भन्ने कुरा पुष्टि भयो । परमाणु र त्यसभित्रका सूक्ष्म कणहरूलाई मात्र पदार्थको वास्तविक अंश मान्ने हो भने न्यूट्रिनो र न्यूट्रिनोजस्ता कणहरूलाई के भन्ने ? के यिनीहरू पदार्थ होइनन् ?

अर्को कुरो, न्यूट्रिनो कणहरू नाभिकीय प्रतिक्रियामा ऊर्जाको साथसाथै उत्सर्जित हुन्छन् । यसको अर्थ यो हो- यो ऊर्जाकै एउटा रूप हो । कुनैबेला यो कण ऊर्जामा रूपान्तरित हुन्छ । नगण्य मात्राकै भएपनि न्यूट्रिनो कणमा पिण्ड रहेको छ । त्यसैले यसलाई पदार्थ मान्ने हो भने के ऊर्जाबाट पदार्थको सिर्जना सम्भव छ ? यदि सम्भव छ भने ऊर्जा के हो ?

हुन त वैज्ञानिक अल्बर्ट आइन्स्टाइनले आफ्नो 'विशेष सापेक्षताको सिद्धान्त'मा पदार्थ (पिण्ड) र ऊर्जा एकआपसमा रूपान्तरित हुनसक्छन् भन्ने पुष्टि गरेदेखि यी प्रश्नहरू उठेका हुन् । अहिले न्यूट्रिनोको खोजले पनि पुनः यी प्रश्नहरूलाई अगाडि ल्याएको छ ।

तथ्यहरूले हामीलाई कहाँ ल्याइपुऱ्याएका छन् भने आइन्स्टाइनको 'विशेष सापेक्षताको सिद्धान्त' र न्यूट्रिनोको खोजजस्ता कुराहरूले अब पदार्थलाई नयाँ ढंगको व्याख्या जरूरी छ । अब पदार्थका प्राथमिक कणहरू इलेक्ट्रोन, प्रोटोन र न्यूट्रोनजस्ता कणहरू रहेनन् । यतिमात्र होइनन् क्वार्क कणमात्रै पनि पदार्थका प्राथमिक कण रहेन, किनकि न्यूट्रिनो र त्यस्तै अन्य कणहरू पनि अस्तित्वमा रहेका छन् । यतिमात्र कहाँ हो र, ऊर्जाबाट पिण्ड (पदार्थ) निर्माण हुने र पिण्ड ऊर्जामा परिणत हुने भएपछि के ऊर्जालाई समेत पदार्थ भन्न सकिन्न र ? न्यूट्रिनो कणको खोजले हाम्रा सामु यी प्रश्नहरू खडा गरेको छ ।

□□



# बुद्ध दर्शनमा द्वन्दवाद र भौतिकवाद

■ प्रज्ञानरत्न

*बुद्धको जोड छ- ज-जसले बुद्धको उपदेश सुनेका छन्, उनीहरू उनको अन्धअनुशरण नगरून् बरू आफ्नो अनुभव अनुभूतिबाट आफ्नो स्वतन्त्र मत बनाउन् । उनीहरू त्यतिमात्र कुरा स्वीकार गरून् जति उनीहरू आफैं सही सम्झन्छन् ।*

**बुद्ध**ले विकास गर्नुभएको १२ वटा कारण-कार्यको सिक्रीलाई धर्म-चक्र, संसार-चक्र, जन्म-मरण-चक्र, भव-चक्र, द्वादश निदान वा प्रतीत्यसमुत्पादको नाम दिइने गरिएको छ । नाम जेसुकै दिइए पनि बुद्धको सम्पूर्ण शिक्षाको महल यही जगतमा खडा भएको छ ।

दुखको जरो कारण पहिल्याएपछि गर्नु पर्ने अर्को कुरा भनेको यसलाई समूल नष्ट गर्नु हो । यही कुराले बुद्धको तेस्रो आर्यसत्य पैदा हुन्छ : दुखको कारणलाई नै नष्ट गरेर दुखलाई विनाश गर्न संभव छ । दुःख जुन कुराहरूमा, स्थितिहरूमा आधारित छ ती कुराहरू र स्थितिहरूको अन्त्य गरियो भने दुःखको विनाश हुनसक्छ । दुःखको कारण नहुँदो हो त यसको विनाश संभव हुने थिएन ।

व्यक्ति स्वयंले प्रयत्न गरेर यहीं र अहिल्यै दुःखको विनाश गर्न संभव छ, सिर्फ उसले यसको कारण थाहा पाउनुपर्छ ता कि त्यो कारणलाई हटाउन सकियोस्- बुद्धको यो शिक्षाले तात्कालीन पण्डा-पुरोहितवाद र भाग्यवादको घाँटीमै बंचरो हान्ने कार्य गरेको छ । किनभने, बुद्धको यो शिक्षाअनुसार कुनै पनि व्यक्तिले दुःखबाट पार पाउन पण्डा-पुरोहितको धर्मको पसलमा दान दक्षिणा गरेर पुण्य किन्न जानु जरूरी छैन । आफ्नो भाग्य वा पूर्पुरोको भर पर्न पनि जरूरी छैन । हरेक व्यक्तिले दुःखको उत्पत्तिको कारण थाहा पाए पुग्छ, दुःखको जरो कारण अज्ञानताबाट मुक्त भए पुग्छ, अहिले र यहीं दुःखबाट मुक्ति पाउन संभव छ । बुद्ध स्वयंले यही उपाय अपनाएर दुःखबाट मुक्ति पाएका हुन् भन्ने बुद्धको दावी छ । प्रतीत्यसमुत्पादको नियम र दुःखको कारणको ज्ञान सिद्धार्थमा भएपछि नै सिद्धार्थ गौतम बुद्धमा रूपान्तरित भएका हुन् ।

यहींबाट जन्मन्छ- बुद्धको चौथो आर्यसत्य : दुःख विनाशको उपाय छ । त्यो उपाय भनेको बुद्ध स्वयंले हिंडेको आठवटा अंग भएको अष्टाङ्ग मार्ग हो ।

बुद्धको अष्टाङ्ग मार्ग यसप्रकार छ :

१. सम्यक् वाक अर्थात् सही वचन
२. सम्यक् कर्म अर्थात् सही काम
३. सम्यक् आजीविका अर्थात् सही जीविका
४. सम्यक् व्यायाम अर्थात् सही प्रयत्न
५. सम्यक् स्मृति अर्थात् सही जागरूकता
६. सम्यक् समाधि अर्थात् सही समाधि
७. सम्यक् दृष्टि अर्थात् सही दृष्टिकोण
८. सम्यक् संकल्प अर्थात् सही संकल्प

बुद्धको आठवटा मार्गवाला शिक्षाको विशेषता के देखिन्छ भने बुद्ध समस्त दुःखको कारण बाहिर होइन, व्यक्ति आफैंभित्र छ भन्ने धारणा राख्नुहुन्छ । बुद्धको भनाइ छ- दुःखको कारण मान्छेको मनभित्रै छ । त्यसैले, दुःखबाट मुक्त हुने बाटो पनि मान्छेभित्रै छ । कुनै पनि मान्छे दोषयुक्त मनले बोल्छ, काम गर्छ, व्यवहार गर्छ भने दुःख उसको यसरी पछि लाग्छ जसरी पांग्रा बयलगाडीको पछि लाग्छ । त्यसैले, बुद्धको अष्टाङ्गमार्ग हरेक व्यक्तिले आफैंले आफैंभित्रबाट दुःखलाई अन्त्य गर्ने, विरोध गर्ने मार्ग हो ।

बुद्धले दुःखको उन्मूलन गर्ने आठवटा मार्गलाई तीन भागमा बाँड्नु भएको देखिन्छ : शील, समाधि र प्रज्ञा । शीलको मतलब हो- आचरण । शीलअन्तर्गत सही बोलीवचन, सही काम र सही जीविका पर्दछन् । कुनै पनि व्यक्तिको बोलीवचन, काम र जीविका सही छ भने उसको आचरण सही हुन्छ, आचरण सही भयो भने मान्छेभित्र दुःख पैदा हुने पहिलो मुहान बन्द हुन्छ । समाधिअन्तर्गत सही प्रयत्न, सही जागरूकता र सही समाधि पर्दछन् । समाधिको तात्पर्य हो- चित्तको समताको अवस्था । अर्थात् ढलपलविनाको, कम्पनविनाको विचार र पूर्वाग्रहविनाको शान्त एकाग्र चित्तको अवस्था । बतास नहुँदाको दियो बत्ती बलेजस्तो चित्तको अवस्था । कुनै पनि व्यक्तिको प्रयत्न सही हुनसक्यो भने, आफ्नो काम, बोलीवचन र मानसिक काममा लगातार होश अथवा जागरूकता ठीक हुनसक्यो भने र चित्त समताको अवस्थामा रहने ढंगले सही समाधिको अभ्यास गर्नसक्यो भने उसले यहीं र अहिल्यै समाधि हासिल गर्नसक्छ र समाधिको मार्गबाट आफूभित्र दुःख पैदा हुने दोस्रो मुहान पनि बन्द गर्नसक्छ ।

प्रज्ञाअन्तर्गत चाहिं सही दृष्टि र सही संकल्प पर्दछन् । अनि प्रज्ञाको अर्थ हो- ज्ञान, अर्थात् थाहा । बुद्धका अनुसार शील र समाधिबाहेक प्रत्येक व्यक्तिले आफ्नो दृष्टिकोण ठीक पार्न सक्यो भने र ठीक संकल्प गर्नसक्यो भने- उसले प्रज्ञाको स्थिति हासिल गर्नसक्छ, जहाँ हरेक व्यक्ति थाहा पाएर हरेक कुरा गर्छ र जब थाहा पाएर हरेक कुरा गरिन्छ, दुःख पैदा हुने तेस्रो मुहान पनि उसले बन्द गर्नसक्छ ।

यसप्रकार बुद्धको अष्टाङ्गमार्गलाई यसरी चित्रित गर्न सकिन्छ :

- **शील** → सही बोलीवचन, सही काम, सही जीविका
- **समाधि** → सही प्रयत्न, सही जागरुकता, सही समाधि
- **प्रज्ञा** → सही दृष्टिकोण, सही संकल्प

बुद्धको अष्टाङ्गमार्गमा शील, समाधि र प्रज्ञा अलग अलग टापुका रूपमा छैनन्, ती एक अर्कासित अभिन्न रूपले जोडिएका छन् । ती अन्तर्सम्बन्धित छन् । एउटाको अनुपस्थितिमा अर्को अवस्था प्राप्त हुनसक्दैन । शीलको अनुपस्थितिमा समाधिको अवस्था हासिल गर्न सकिंदैन, र समाधिविना प्रज्ञाको अवस्थामा पुग्न सकिंदैन । समाधि र प्रज्ञा भएन भने शील पनि निरन्तर रूपमा अभ्यास भइरहन सक्दैन ।

बुद्धको अष्टाङ्गमार्गको ठूलो विशिष्टता के देखिन्छ भने शील, समाधि र प्रज्ञा जतिसुकै प्रगाढ भए पनि दुःखबाट मुक्ति तबमात्र मिल्नसक्छ, जब व्यक्ति कुनै गुरूप्रतिको वा धर्मग्रन्थप्रतिको बौद्धिक आस्थाभन्दा अगाडि बढ्छ र आफ्नै स्वकीय अनुभवका आधारमा प्राप्त ज्ञानको जाँच-परख गर्छ । ज्ञान तबमात्रै वास्तविक ज्ञान हुनसक्छ, जब त्यो आफ्नै प्रयोग, अनुभव र अनुभूतिमा आधारित हुन्छ । बुद्धको शब्दमा शील, समाधि र प्रज्ञा भनेको हरेक व्यक्तिको आफ्नै प्रयोग, अनुभव र अनुभूतिमा आधारित हुनुपर्छ । बुद्धले बारंबार दोहऱ्याई-दोहऱ्याइकन के कुरामा जोड दिएको भेटिन्छ भने ज-जसले बुद्धको उपदेश सुनेका छन्, उनीहरू उनको अन्धअनुशरण नगरून् बरू आफ्नो अनुभव अनुभूतिबाट आफ्नो स्वतन्त्र मत बनाउन् । उनीहरू त्यतिमात्र कुरा स्वीकार गरून् जति उनीहरू आफैं सही सम्झन्छन् । *(हेर्नुहोस्, 'प्रारम्भिक बौद्ध धर्म' भारतीय दर्शन की रुपरेखा, एम हिरियन्ना, राजकमल प्रकाशन, भारत १९९७, पृष्ठ- १५१)*

बुद्धका यी भनाइहरू अत्यन्त मननीय छन् :

"त्यसो भए, भिक्षुहरू, जो तिमीहरूले भर्खरै भन्यौ, त्यो त्यही हो जुन तिमीहरू स्वयं मान्दछौ, जो तिमीहरू स्वयंले सोचविचार गरेर

ग्रहण गरिसकेका छौ, जो तिमीहरू स्वयंले बुझेका छौ, कुरा यही हो, होइन ?' 'यही कुरा हो, स्वामी ।' *(हेर्नुहोस् मज्झिमनिकाय, ३८ सौं प्रवचन)"*

"भिक्षुहरू ! म डुंगाजस्तै पारि जानका लागि तिमीहरूलाई धर्मको उपदेश गर्छु, पक्री राख्नका लागि होइन ।" *(हेर्नुहोस्- मज्झिमनिकाय- १/२/३)*

बुद्धका विचारहरू यस अर्थमा प्राचीन विगतका अरू सबै धर्मगुरूहरूभन्दा भिन्न देखिन्छन् । बुद्ध उनका विचार र उपदेशलाई मान्न कहिल्यै आग्रह गर्दैनन् । उनी आफ्नै प्रयोग, अनुभव र अनुभूतिबाट तिनलाई जान्न आग्रह गर्छन् । अष्टाङ्गमार्ग सम्बन्धमा पनि बुद्धको आग्रह त्यही देखिन्छ ।

बुद्धको अष्टाङ्गमार्गमध्ये पनि स्पष्टताको लागि प्रत्येकको थोरै व्याख्या गर्नु आवश्यक छ ।

अष्टाङ्गमार्गमध्ये पहिलो मार्ग हो- सही बोलीवचन । हाम्रो बोलीवचन भूठो नहोस्, कपटपूर्ण नहोस्, कटु र कठोर नहोस्, कसैको चुक्ली लाउने वा निन्दा गर्ने खालको नहोस् र वकवास् नहोस्, तबमात्रै बुद्धको अनुसार यो सही बोलीवचन हुन्छ । सही बोलीवचन हुनु- दुःखबाट् मुक्त हुने पहिलो बाटो हो । गलत बोलीवचनले अरूलाई त दुःखित पार्छ नै, मुख्य रूपमा आफैंभित्र दुःख सृजना गर्छ ।

दुःखबाट मुक्तिको लागि बुद्धको दोस्रो बाटो हो- सही काम (सम्यक् कर्म) । बुद्धको ठम्याइमा त्यस्तो काम नै सही काम हो जो कुनै पनि प्रकारको हिंसाबाट मुक्त हुन्छ, कुनै पनि किसिमको चोरी, व्यभिचार र मद-उन्मत्तताबाट मुक्त हुन्छ । चोरी, हिंसा, व्यभिचार र मद-उन्मत्तताबाट समाजका अरू मान्छेमा मात्र दुःख पैदा हुँदैन, यसबाट आफू स्वयंभित्र पनि दुःख सृजना हुन्छ । त्यसैले दुःखलाई मुहानमै बन्द गर्न यस्ता दुष्कर्महरूबाट मुक्त हुनुपर्छ, सही कर्म गरिनुपर्छ ।

बुद्धका विचारमा दुःख निवारणका निम्ति केवल सही वचन र सही काम हुनुमात्र पर्याप्त हुँदैन, व्यक्तिको जीवनयापनको साधन अर्थात् जीविका पनि सही हुनु जरूरी हुन्छ । धन संचयको आशयले अरू धेरैको नोक्सानी पुऱ्याउने प्रवृत्तिबाट मुक्त जीविका नै सही जीविका हो । हतियारको, प्राणीको, मासुको र मादक पदार्थको व्यापार बुद्धको ठम्याइमा जीविका त हुन्, तर ती बेठीक जीविकाहरू हुन् ।

अष्टाङ्गमार्गमध्ये चौथो मार्ग सही प्रयत्न हो । बुद्धले यसलाई ठीक व्यायामको नाम दिनुभएको छ । सही प्रयत्नअन्तर्गत इन्द्रियहरूलाई संयममा राख्ने, प्रयत्न गर्नु, मनमा उठ्ने खराब भावनाहरूलाई रोक्ने प्रयत्न गर्नु र राम्रा भावनाहरूलाई कायम राख्ने प्रयत्न गर्नु आउँछन् । प्रत्येक व्यक्तिले हरदम मनको त्यस्तो व्यायाम अर्थात् प्रयत्न गरिरहनुपर्छ, जसबाट मन दुर्गणरहित होस् र सद्गुण सम्पन्न होस् ।

सही जागरूकता अष्टाङ्गमार्गमध्ये पाँचौ मार्ग हो । बुद्धका अनुसार जागरूकता तब सही हुन्छ जब व्यक्ति आफ्नो शारीरिक, वाचिक र मानसिक स्थिति र कार्यप्रति लगातार जागरूक हुन्छ । यो भनेको आफ्नो शरीरले कुन कार्य गरिरहेछ, आफ्नो बोली कस्तो भइरहेछ र चित्तले के गरिरहेछ भन्ने सवालप्रति हमेशा सजग हुने कुरा हो । त्यसरी सजग हुने हो भने हामी त्यस्तो शारीरिक, वाचिक र मानसिक क्रियाकलाप कम गर्दै त्यो नगर्ने दिशातिर जान सक्छौं, जसबाट मनमा दुःख सृजना हुन्छ ।


छैठौं मार्ग सही समाधि हो । सही समाधि भनेको तब हुन्छ जब निरन्तर अभ्यासद्वारा चित्त समताको अवस्थामा रहन्छ; दुःख-सुख, जय-पराजय, गाली-प्रशंसा, उकाली-ओरालीमा चित्त ढलपल गर्दैन, यो एकाग्र, शान्त र सजग अवस्थामा रहन्छ ।

सातौं मार्ग सही दृष्टि हो । दृष्टि सही तब हुन्छ जब हामी सत्यलाई जस्तो छ त्यस्तै हेर्न सक्छौं र विनाप्रतिक्रिया स्वीकार्न सक्छौं, सत्य र आफूबीचमा कुनै पनि कुरालाई पर्न नदिन सक्छौं । आफूभित्र पैदा भइरहेको स्थूल र सूक्ष्म शारीरिक मानसिक घटनाहरूलाई, क्रिया-प्रतिक्रियाहरूलाई जस्तो छ त्यस्तै हेर्नसक्नु, थाहा पाउनसक्नु र यसरी परमसत्यको स्व-अनुभूति गर्नसक्नु- सही दृष्टि हो । सही दृष्टिबाटै सही ज्ञान हुन्छ ।

अष्टाङ्गमार्गमध्ये आठौं र अन्तिम मार्ग सही संकल्प हो । राग, द्वेष, हिंसा, क्रोधबाट मुक्त अठोट अर्थात् संकल्प नै सही सकंल्प हो । सही संकल्पबाट सही ज्ञान हुन्छ ।

❑❑


# DUCKHAMS




अन्तरराष्ट्रिय
**ISO-9002 को**
उच्च गुणस्तरको
लुब्रिकेटिङ्ग आयल








**PRODUCTS OF ALEXANDER DUCKHAMS & CO. ENGLAND**

# अमेरिकाको पाखण्ड पुराण



## इराकमाथि आक्रमण गर्ने अमेरिकाको चालबाजी



इराकी शासक सद्दाम हुसेनविरूद्ध सकेसम्म छिटै हुने अमेरिकी युद्धका लागि आकर्षक र लोकप्रिय हुने खालको नाराको खोज जारी छ । हिंसा र नरसंहारका लागि न्यायोचित र जायजजस्तो देखिने ढंगको निहुँको खोजी धुमधामका साथ चलिरहेको छ, भीषण युद्धको अन्तिम तम्तयारीसँगसँगै ।

विश्वमाथि एकल प्रभुत्व जमाउने आफ्नो साम्राज्यवादी अभीष्टअनुरूप अमेरिकी शासकहरू युद्धका लागि पहिले सम्पूर्ण तम्तयारी गर्न थाल्छन् अनि त्यसका लागि आवश्यक निहुँ र नारा खोज्न थाल्छन् भन्ने नवीन सत्यले भरिपूर्ण रहस्य इराकको सन्दर्भमा पनि खुल्दै खुल्दै गइरहेको छ । सर्वविदितै छ, सन् १९९१ को खाडी युद्धका लागि उनीहरूले इराकी शासक सद्दाम हुसेनविरूद्ध कुवेत निलेको निहुँ पाएका थिए ।

त्यसको १२ वर्षपछि उनीहरूले कहिले ओसामा बिन लादेनसँग इराकको साँठगाँठ भएको त कहिले अल-कायदा नेटवर्कका आतंकवादीहरूलाई प्रश्रय दिइएको निहुँ आविष्कार गरेका थिए । तर धर्मनिरपेक्ष इराकद्वारा कुवेतमाथि गरिएको आक्रमणविरूद्ध साउदी अरबको भूमिबाट जेहाद छेड्न खोज्दा देशनिकालामा परेका कट्टर मुसलमान लादेनसँग सद्दाम हुसेनको के कस्तो गोप्य सम्बन्ध थियो ? र, उनको नेटवर्कसँग इराकको रहस्यमय साँठगाँठ कहाँ कसरी भइरहेको छ ? यी सवालहरूको जवाफ विश्वसामु दिन नसकेपछि यो निहुँ पनि निरीह र झूठो साबित भइरहेको छ ।

### 'निःशस्त्र इराकबाट खतरा छैन !'

त्यसउप्रान्त उनीहरूले इराकद्वारा नरसंहारकारी शस्त्र अस्त्रहरू (WMD) उत्पादन गरिरहेको, त्यसबाट अरब जगतलगायत अमेरिका र सिंगो विश्वलाई खतरा भइरहेको आरोपको खोज गरे । यो आरोप पनि संयुक्त राष्ट्र संघीय हतियार निरीक्षक टोली र अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी र अमेरिकाकै गुप्तचर विभाग-सीआईए-को गहन खोज र आधिकारिक रिपोर्टको अगाडि टिक्न सकिरहेको छैन । ७-८ वर्ष लामो खोज र अनुसन्धानपछि प्रकाशित तिनका रिपोर्टहरूमा अमेरिकाद्वारा आविष्कृत आरोपहरूलाई लोप्पा खवाइएको छ ।

संरासंघीय हतियार निरीक्षक टोली र अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीले आफ्नो संयुक्त प्रयासमा सन् १९९१ देखि १९९८ सम्मको ८ वर्षको अवधिभित्र लगभग ९५ प्रतिशत इराकी शस्त्रास्त्रहरू नष्ट गरिसकिएको दाबी गरिरहेका छन् । ती दुवैको आधिकारिक भनाइअनुसार अब इराकजस्तो पराजित र निःशस्त्रीकृत राष्ट्रसँग कडा नाकाबन्दी, व्यापक असहयोग र निरन्तरको निगरानीको स्थितिमा नरसंहारकारी हतियारको व्यापक उत्पादन गर्ने, छरछिमेकका मुलुकलाई धम्क्याउने र अमेरिकालगायत विश्वलाई खतरामा पार्ने क्षमता र हैसियत केही पनि छैन ।

सद्दामको इराकसँग आणविक हतियारलगायत कुनै पनि नरसंहारकारी शस्त्रास्त्र नभएको विषयमा सीआईएदेखि अमेरिकी शस्त्र निरीक्षकहरू समेतले बोलिसकेका छन् । र, एकजना अमेरिकी शस्त्र निरीक्षक स्कट रित्तरले त ८ वर्षसम्म इराकमा गरिएको शस्त्र निरीक्षणको आफ्नो अनुभव र अमेरिकी सरकारको प्रभुत्ववादी विचार र व्यवहारलाई संगेटेर 'वार अन इराक' नामक पुस्तक नै लेखिसकेका छन् । त्यस पुस्तकमा अमेरिकी सरकारको इराकसम्बन्धी नीति र एक एक दुष्कर्महरूलाई तथ्य र अनुभवको कसीमा तौलँदै व्यापक आलोचना गरिएको छ ।

### राष्ट्रपति र सीआईएका डाइरेक्टरको टक्कर

जतिखेर अमेरिकी राष्ट्रपति जर्ज बुशको युद्धखोर प्रशासनले लादेनको सट्टा सद्दामलाई शत्रु नम्बर १ घोषणा गर्ने क्रममा लादेनको नेटवर्कसँग इराकको गोप्य सम्बन्ध रहेको नयाँ आरोप वर्षाइरहेको थियो र इराक नरसंहारकारी शस्त्रास्त्रको उत्पादनमा संलग्न रहेको आरोप पुनःआविष्कार गर्दै त्यस्ता शस्त्रास्त्रबाट विश्वव्यापी खतराको घण्ट बजाइरहेको थियो, ठीक त्यतिखेरै सीआईएका डाइरेक्टर जर्ज जे. टेनेट चाहिँ आफ्ना राष्ट्रपतिले उठाएका झूठका पोकाहरू क्रमशः उदिङ्याउँदै थिए ।

एकातिर अमेरिकी साम्राज्यको केन्द्रमा अवस्थित ओभल अफिसबाट राष्ट्रपति जर्ज बुश दाबी गरिरहेका थिए- सद्दाम हुसेनको निरंकुश शासन रहेको इराकद्वारा नियोजित रूपमा विकास गरिएका आणविक हतियारको परिणामस्वरूप अमेरिकामाथि तत्कालै खतरा आइपरेको छ । अर्कोतिर सीआईएका प्रमुख जर्ज टेनेट चाहिँ आफ्नै राष्ट्रपति जर्ज बुशका दाबीहरूको स्पष्ट शब्दमा खण्डन गर्दै भनिरहेका थिए- इराकलाई एउटामात्रै आणविक हतियार बनाउनका लागि अतिआवश्यक मात्रामा अणुको विभाजन र अरू सामग्रीहरूको जोगाड गर्न पनि वर्षौंवर्ष लाग्छ, आणविक हतियार बनाउने त कहिले हो कहिले !

यी सबै खोज, अनुसन्धान र रिपोर्टहरूलाई आधार मानेर जोकोहीले पनि सजिलै निकाल्ने निष्कर्ष हो : अमेरिकी शासकहरू केवल निहुँ




इराकी राष्ट्रपति सद्दाम हुसेनको पोष्टरको पृष्ठभूमिमा संरासंघको शस्त्र निरीक्षण टोली नरसंहारकारी हतियारको खोजीमा


खोजिरहेका छन्, एउटा अर्को भयंकर युद्धका लागि पासो थापिरहेका छन् ।

## ढाडे विरालोको कुतर्कविरूद्ध

आफूचाहिँ सिंगो पृथ्वी नष्ट गर्ने हतियारको थुप्रो लगाउँदै जाने अनि आफ्ना टाँगमुनि नछिर्ने राष्ट्रहरूले भने नरसंहारकारी हतियार बनाएको आशंकाकै भरमा युद्धको विभीषिका सहिरहनु पर्ने- यो कस्तो जंगली नियम हो भन्दै अचेल विश्वव्यापी रूपमा आक्रोशपूर्ण आवाज बुलन्द हुन थालेको छ ।

एकातिर, आधा दशकदेखि प्यालेस्टिनी राष्ट्रको भूमि निलिरहेको र पटक पटक लेबनान, सिरिया र जोर्डनको जल, जमिन र आकाशमाथि सैनिक हस्तक्षेप गरिरहेको पश्चिम एशियाकै एक मुलुक इजरायललाई पुरस्कृत गरिरहने, अझ आफ्नो हवल्दारी गर्नका लागि अत्याधुनिक हतियार र आणविक शस्त्रास्त्रले समेत लैश पार्दै उसलाई शिकारी कुकुरलाईझैं झन्‌झन् आक्रमक पारिरहने । तर, अर्कोतिर पश्चिम एशियाकै अर्को पराजित राष्ट्र इराकलाई भने आणविक हतियार विकास नै गर्नै नसक्ने रूग्ण अवस्थामा पनि चौतर्फी युद्धको मार व्यहोर्न पटक पटक बाध्य पारीराख्ने ।- यो कस्तो अन्तर्राष्ट्रिय कानून हो भन्दै विश्वव्यापी रूपमा अमेरिकाको पाखण्डविरोधी आवाज घन्किन थालेको छ ।

अमेरिकी शासकहरूले इजरायल र इराकको मामिलामा अपनाइरहेको दोहोरो मापदण्डको बारेमा जब्बर प्रश्नहरू उठाउने नोम चोम्स्कीलगायतका अमेरिकीहरूले यस्तै सवालहरूको वर्षा गर्ने क्रममा सप्रमाण भन्न थालेका छन्- हाम्रा शासकहरूले इराककै मामिलामा पनि सद्दाम हुसेनले आफ्नो आज्ञा शीरोपर गरिरहेसम्म हजार खत पनि माफ गर्ने खालको व्यवहार गरेको छ । र, उनले हुकुम तामेली गर्न छाडेपछि शत्रुमध्येका पनि महाशत्रुलाई झैं दुर्व्यवहार गरी आफ्नो पाखण्ड प्रदर्शन भइरहेको छ ।



*शिकारमाथि झम्टिन तम्तयार अन्तर्राष्ट्रिय शिकारीहरु : टोनी ब्लेयर र जर्ज बुश*

## सद्दामलाई पाल्ने-पोस्नेहरूको दोहोरो मापदण्ड

अमेरिकी शासकहरूको पाखण्ड प्रदर्शनको नग्नताका तब तब ऐतिहासिक प्रमाणहरू छ्यापछ्याप्ती देखिएका छन्, जब जब उनीहरूकै सैनिक र जासूसी सहयोगको भरमा पटक पटकको सैनिक विद्रोहद्वारा सत्तारोहण गरेका गरीब गोठाले सद्दाम हुसेनले तीसौं वर्षको शासनकालमा उनको निरंकुशतन्त्रको विरोधमा रहेका विपक्षीहरू, विशेषतः कम्युनिष्टहरू, अल्पसंख्यक कुर्द जाति र सुन्नी सम्प्रदायका मानिसहरूको नरसंहार गरेको तथा अमेरिकी उक्साहटमा छिमेकी इरानमाथि आक्रमण गरी ८-८ वर्ष लामो युद्ध संचालन गरेको बहीखाताका पानाहरू पल्टाउने हुति र बुद्धि देखाइएको छ ।

सन् १९८० मा इरानमाथि आक्रमण गर्दा इराकी शासक सद्दाम हुसेनलाई ठूलो मात्रामा सैनिक सहयोग र गोप्य जासूसी सूचनाहरूको भरपूर मद्दत दिने र खुलेआम रूपमा आर्थिक र कूटनैतिक भरथेग गर्ने अमेरिकी शासकहरूकै उल्क्याहटमा १९९० मा कुवेत निल्दा चाहिं सद्दामलाई 'अरब जगतका फासीवादी हिटलर'को रूपमा चित्रण गरियो अनि सद्दाम सफाया अभियान चलाइयो । यहाँ प्रश्न उठ्न सक्छ-किन ?


किनकि त्यतिखेर सम्ममा अरब जगतको क्षेत्रीय महाशक्तिका नायक बन्न खोजिरहेका सद्दाम हुसेनका अरबवादी नीति र इजरायलविरोधी नियत चाहिं विश्वमाथि एकल प्रभुत्व जमाउने अमेरिकाको साम्राज्यवादी अभीष्टअनुरूप निर्माण गरिएको मार्गमा तगारो हुन थालिसकेका थिए । यथार्थमा १९९१ देखियताका सबै आक्रमणहरू, बमवर्षाहरू र उडान निषेधित क्षेत्रहरूबाट लादिएका नरसंहारहरू तथा, आर्थिक नाकाबन्दीद्वारा थोपरिएका मौन संहारहरू अनि इराकको निःशस्त्रीकरणका हौवाहरू मूलतः यही तगारो हटाउने बृहत् रणनीतिका अवयवहरूमात्रै हुन् ।

यो विश्लेषण अमेरिकाविरोधी फोबियाले ग्रस्त अवस्तुवादी आरोपभन्दा माथि छैनजस्तो लागेमा जोकोहीले पनि अहिले तातो तातो बहस र विवादको विषय भइरहेको निःशस्त्रीकरणको सवालमा अमेरिकी शासकहरूको पाखण्डपूर्ण दोहोरो मापदण्डको एउटा सानो ऐतिहासिक विवेचना गरे पनि पुग्छ । यसो गर्ने क्रममा शुरू शुरूमा धेरैजसोलाई आश्चर्य हुनसक्छ, इराकलाई नरसंहारकारी शस्त्रास्त्रले लैश पार्ने र नरसंहारकारी दुष्कर्ममा भरपूर सहयोग गर्नेहरू अरू कोही ऐरगैरे नभएर आज इराकलाई निःशस्त्रीकरण गर्ने नाममा निहुँ खोजिरहेका अमेरिकी शासकहरू स्वयं नै हुन् भन्ने कटु यथार्थ थाहा पाउँदा ।

## यी नरसंहारकारी शस्त्र कसले दिएको थियो ?

हिजो सद्दाम हुसेनको इराकलाई आणविक, जैविक र रासायनिक शस्त्रास्त्र दिने र त्यस्ता हतियार बनाउन मद्दत गर्ने अमेरिका र बेलायतजस्ता शक्तिशाली राष्ट्रहरू नै आज सद्दाम हुसेनको इराकलाई निःशस्त्र पार्ने नाममा युद्धको नगरा बजाइरहेका छन् । यो पाखण्डपूर्ण व्यवहारको नालीबेली पल्टाउने हो भने अमेरिका र बेलायतलगायतका पूँजीवादी राष्ट्रहरूले अत्यन्त मुनाफायुक्त व्यापार गर्ने क्रममा इराकलाई पठाएका शस्त्र र शस्त्र उत्पादनका लागि आवश्यक सामग्रीहरूको सूचिमात्रै हेरियोभने पनि पाखण्डीहरूको पोल खुलिहाल्छ ।

धेरै टाढा जानु पर्दैन, सद्दाम हुसेनले अमेरिका र बेलायतलगायतका शक्तिशाली राष्ट्रहरूको हुकुम मानिरहेको अवधिमै इराकी सरकारले आणविक, जैविक र रासायनिक शस्त्रास्त्र विकास गर्ने अवसर, सामग्री, प्रविधि र सल्लाह पाएको थियो । सन् १९९० मा इराकद्वारा कुवेतमाथि आक्रमण हुनुभन्दा अगाडिसम्म पनि दिइएका सहयोगहरूको सूचि



*नयाँ शस्त्र निरीक्षक दलका प्रमुख : हान्स ब्लिक्स*

नोम चोम्स्कीलगायतका अमेरिकीहरूले सप्रमाण भन्न थालेका छन्- हाम्रा शासकहरूले इराककै मामिलामा पनि सद्दाम हुसेनले आफ्नो आज्ञा शीरोपर गरिरहेसम्म हजार खत पनि माफ गर्ने खालको व्यवहार गरेको छ ।



*अमेरिकी सरकारविरोधी बनेका अमेरिकी शस्त्र निरीक्षक : रित्तर*

निकै लामो छ । *(हेर्नुस् नवयुवाको अंक- ६९ को आवरण कथा)*

आफ्नो आदेश मान्ने शासकहरूलाई भरपूर सहयोग गर्ने नीतिअन्तर्गत सद्दाम हुसेनको इराकलाई रोनाल्ड रेगन र पिता जर्ज बुशको अमेरिकी प्रशासनको स्वीकृतिमा अमेरिकी बहुराष्ट्रिय कम्पनीहरूले विशाल मात्रामा प्राणघातक जैविक शस्त्रास्त्रहरू बेचेका थिए, जसमा एन्थ्राक्ससमेत समावेश थियो । अमेरिकी सरकारको बाणिज्य विभागको अनुमतिसहित आठवटा जहाजहरूमा भरेर इराक पठाइएका त्यस्ता प्राणघातक जैविक शस्त्रास्त्रहरू कति नरसंहारकारी थिए भन्ने वास्तविकता 'सेन्टर्स फर डिजीज कन्ट्रोल'को अनुसन्धानबाट थाहा भएको छ । त्यसको रिपोर्टअनुसार ती शस्त्रास्त्रहरू जैविक युद्धका लागि प्रयोग भएमा अत्यन्त प्राणघातक हुनेछन् ।

'मन्थली रिभ्यू'का अनुसार सन् १९८५ देखि १९८९ को अवधिमा अमेरिकाबाटमात्रै जीवाणुहरू, क्लोनहरू र रासायनिक पदार्थले भरिभराऊ ७२ वटा जहाजहरू इराकतिर निर्यात गरिएका थिए । आज नरसंहारकारी हतियारको मुद्दा जोड्दार रूपमा उठाइरहेकाहरूले नै आफ्नो भक्त सद्दामको इराकलाई त्यतिखेर त्यतिधेरै परिमाणमा रासायनिक र जैविक शस्त्रास्त्रहरू बेचेर अरबौं डलर नाफा कुम्ल्याएका थिए । यस काममा ती पूँजीवादी कम्पनी र राष्ट्रहरूको नाफाको स्वार्थसँगै आफ्नो हुकुम तामेली गर्ने शासकको दीर्घ शासनको हित पनि जोडिएको थियो ।

नाफा कुम्ल्याउने र आफ्ना शासकलाई बचाउने स्वार्थसहित गरिएको इराकको सशस्त्रीकरणको यो पाटोसँगै गाँसिएको नरसंहारकारी दुष्कर्महरूको फेहरिस्त पल्टाइयो भने अमेरिका र बेलायतलगायतका शक्तिशाली राष्ट्रहरूका शासकहरूको पाखण्ड साँच्चै नै नाङ्गेभार हुनेछ ।


**इराकमाथि सैनिक हस्तक्षेपको पछाडि न नरसंहारकारी शस्त्रास्त्र, न आतंकवाद, न सद्दाम, न राष्ट्रसंघीय प्रस्तावहरूले काम गरिरहेका छन्**

आज कहिले कुर्द र सुन्नी सम्प्रदायका जनताको जीवन रक्षाको पक्षमा, कहिले कुवेती र अरब जनतादेखि मानवजातिकै सुरक्षाका लागि निरंकुश र तानाशाह सद्दामलाई मार्ने वा सत्ताच्यूत गर्न युद्धरत यस्ता शासकहरूद्वारा नै उनले हिजो हत्या, हिंसा र नरसंहारको सिलसिला चलाइरहँदाकै बेला इराकलाई शस्त्रास्त्र, सैनिक प्रशिक्षण र गोप्य जासूसी सूचनाहरूको भरपूर मद्दत दिइएका तथा आर्थिक र कूटनैतिक भरथेग गरिएका प्रमाणहरू बग्रेल्ती छन् ।

सन् १९८०-८८ मा इरानमाथि गरिएको आक्रमणको क्रममै इराकद्वारा १९८४ मा अमेरिकाबाट प्राप्त रासायनिक हतियारहरू इरानविरूद्ध प्रहार गरिएको थियो । त्यस्तै १९८८ मा इराकी कुर्द जातिविरूद्ध रासायनिक हतियारहरू प्रयोग गरी ५ हजार मानिसहरूको निर्मम संहार गरिएको थियो । यी सबै भयावह वास्तविकता थाहा हुँदाहुँदै पनि नरसंहारकारी हतियारको थुप्रो लगाउन र अन्य सहयोग दिन नछोडिएको इतिहास हेर्दा जोकोहीले पनि अमेरिका र बेलायतलगायतका शक्तिशाली पूँजीवादी राष्ट्रहरूका शासकहरूको अहिलेको व्यवहार पाखण्डपूर्ण छ भन्न सक्छन् ।

यो पाखण्डको पृष्ठभूमिमा गएर गहन अध्ययन अनुसन्धान गरियो भने ती शासकहरू केवल भयावह युद्धका लागि निहुँ र नाराको खोजीमा उद्यत छन् भन्ने कुरा स्पष्टै देखिनेछ । अमेरिकाबाटै प्रकाशित हुने 'एटलान्टा जर्नल कन्स्टिच्यूशन'का एक सम्पादक जय बूकम्यानले आफ्ना विस्तृत खोजपछि लेखेका छन्- 'इराकसम्बन्धी अमेरिकी सरकारको आधिकारिक धारणाको भेउ पाउन धेरै गाह्रो छ ....इराकमाथि सैनिक हस्तक्षेपको पछाडि न नरसंहारकारी शस्त्रास्त्र, न आतंकवाद, न सद्दाम, न राष्ट्र संघीय प्रस्तावहरूले काम गरिरहेका छन् । यी सबै त जनतालाई देखाउने हात्तीका दाँतहरूमात्रै हुन् । यो सैनिक आक्रमण मूलतः अमेरिकालाई एउटा त्यस्तो पूर्ण विकसित विश्वव्यापी साम्राज्यको रूपमा स्थापित गर्ने सरकारी अपरिहार्यताको परिणति हो, जोसँग नक्षत्रव्यापी रूपमा जिम्मेवारी र प्राधिकार भएको एकल प्रहरी हवल्दारको जस्तो हैसियत र क्षमता हुनेछ ।'

■ राजेन्द्र महर्जन



*श्रीलंकाका प्रधानमन्त्री विक्रम रणासिंघे (बायाँ) र लिट्टेका प्रमुख वार्ताकार बालासिंघम नर्वेको राजधानी ओस्लोमा*

# श्रीलंकाको शान्तिवार्तामा उथलपुथलकारी प्रगति

■ श्याम श्रेष्ठ

**श्रीलंका**को विद्रोही लिवरेशन टाइगर्स अफ तमीलईलम् (लिट्टे) र श्रीलंका सरकारबीच नर्वेको राजधानी ओस्लोमा डिसेम्बर महिनाको पहिलो सातामा नर्वेली सरकारको मध्यस्थतामा भएको तेस्रो चरणको शान्तिवार्ता ऐतिहासिक उपलब्धिका साथ टुंगिएको छ । दुई दशक लामो भीषण गृहयुद्धपछि पहिलो पटक दुवैथरि के कुरामा सहमत भएका छन् भने, अव उप्रान्त त्यहाँ एकीकृत श्रीलंकाअन्तर्गत संघीय ढाँचाको राज्य-व्यवस्था हुनेछ र त्यसमा ऐतिहासिक तवरले बसोबास गर्दै आएका तमील भाषाभाषी जनसमुदायलाई आन्तरिक आत्मनिर्णयको अधिकार हुनेछ ।

स्मरणीय छ, यसअघि सन् १९७० को दशकदेखि नै लिट्टेले पृथक राज्यको माग राखेर सशस्त्र संघर्ष गर्दै आएको थियो र सन् १९८३ देखि त्यो पृथकतावादी संघर्ष जन-संहारकारी गृहयुद्धमा बदलिएको थियो । यसअघिसम्म बहुसंख्यक सिंहाली जातिको प्रभुत्व भएको श्रीलंकाली सरकार पनि अल्पसंख्यक तमीलहरूको हकसहितको संघीय राज्य स्थापना गर्न दिन पटक्कै तयार भएको थिएन । संघीय राज्यले पृथक राज्यतिर राष्ट्रलाई डोऱ्याउँछ र त्यो कुनै पनि हालतमा स्वीकार्न सकिँदैन भन्ने बहुसंख्यक सिंहाली राष्ट्रवादीहरूको दृढ मत रहिआएको थियो । त्यसैले, 'संघीय राज्य-व्यवस्था' सिंहाली राष्ट्रवादीहरूका बीचमा ज्यादै घिनाएको अछूत शब्दजस्तै भएको थियो ।

तर यस्तो भान हुन्छ, ६५ हजार श्रीलंकालीहरूको ज्यान लिएको दक्षिण एशियाको सबैभन्दा भीषण १९ वर्ष लामो गृहयुद्धपछि अब सिंहाली राष्ट्रवादीहरूको चेत फिरेको छ । जुन 'संघीय राज्य' हिजोसम्म उनीहरूलाई राष्ट्रलाई टुक्र्याउने नारा लागिरहेको थियो, अब त्यही नारा झण्डैझण्डै टुक्रिसकेको राष्ट्रलाई जोड्ने नारामा बदलिएको छ । किनकि, १९८० को दशकदेखि श्रीलंकाको उत्तरी र पूर्वी क्षेत्र, दक्षिणका बहुसंख्यक सिंहालीहरूको निम्ति लिट्टेको पासपोर्ट र भिसाविना प्रवेश नै गर्न नसकिने दुर्भेद्य अलग राज्यझैं भइसकेको थियो । हिजोसम्म 'संघीय राज्य'को मागले सिंहाली राष्ट्रवादीहरूको शान्ति र निद्रा भंग गर्थ्यो । अब यस्तो प्रतीत हुन्छ, हज्जारौं तमील र सिंहालीहरूको हत्या, वर्षौंसम्म लगातार बम विष्फोट,

# लिट्टे संघीय ढाँचामा सहमत

अशान्ति र जीवनको असुरक्षा र तहसनहस भएको अर्थतन्त्र व्यहोरेपछि अब त्यही 'संघीय राज्य'को माग देशमा चिरशान्ति ल्याउने साधन बन्न पुगेको छ ।

हालैको इतिहास पुनः फर्केर हेर्ने हो भने ५० वर्षअघि तमील प्रभुत्व भएको फेडेरल पार्टीले श्रीलंकाको उत्तर र पूर्वी क्षेत्रको निम्ति ठीक यही माग उठाएको थियो, जसमा अहिले ओस्लोमा सहमति भएको छ– अर्थात् एकीकृत श्रीलंकाअन्तर्गत आन्तरिक आत्मनिर्णयको अधिकारसहितको संघीय राज्यको माग । दुई दशकभन्दा लामो समयसम्म फेडेरल पार्टीले यही मागका निम्ति संसदीय बाटोबाट शान्तिपूर्ण जनआन्दोलन गर्दैरह्यो । अत्यन्त प्रभावकारी र सशक्त जनआन्दोलन उठेपछि सिंहाली बाहुल्य भएको राज्यले त्यस दलसित सम्झौता गर्ने, चुनावी गठबन्धन गर्ने, तर बारम्बार सम्झौतालाई रद्दीको टोकरीमा फालेर धोखा दिने उसको प्रवृत्ति रह्यो । सिंहाली राष्ट्रवादीहरूले फेडेरल पार्टीको संघीय राज्यको मागलाई हमेशा पृथकतावादउन्मुख माग ठानेर त्यसको चरम उपेक्षा गर्दै रहे, त्यस्तो माग राख्नेहरूलाई राज्य र नागरिक स्तरमा समेत हत्या गर्ने, लुटपाट मच्चाउने, घरबास जलाइदिने र वस्ती छोडेर अन्यत्र भाग्न बाध्य पार्ने कार्य गर्दैरहे । संघीय राज्यको मागमा लगातार इन्कारी र यही अन्ध सिंहाली राष्ट्रवादको चरम ज्यादतीको प्रतिक्रिया थियो– तमीलहरूको सशस्त्र विद्रोह र गृहयुद्ध । संघीय राज्यको निम्ति दुई दशकसम्म शान्तिपूर्ण संसदीय संघर्षलाई सिंहाली अन्ध राष्ट्रवादीहरूले हमेशा उपेक्षा, धोखाधडी र दमन गरेपछि नै तमीलहरूले १९७० को दशकदेखि नै छुट्टै राज्यको माग अघिसार्दै सशस्त्र हिंसात्मक संघर्ष थालेका थिए ।

ठूलो सामाजिक नोक्सानीको मूल्य चुकाएपछि अहिले आएर तत्कालीन फेडेरल पार्टीको त्यही 'संघीय राज्य'को माग सिंहाली शासकहरूको लागि स्वीकार्य भएको छ ।

यसले के देखाएको छ भने– संसदीय घेराभित्रको शान्तिपूर्ण संघर्षको एउटा सीमा छ । राज्यपक्ष शान्तिपूर्ण संसदीय संघर्षप्रति अत्यन्त संवेदनशील हुनसक्यो भनेमात्र त्यस रूपको संघर्षको उपादेयता र सार्थकता हुनसक्छ । शान्तिपूर्ण र संसदीय संघर्षलाई राज्यपक्षले हमेशा उपेक्षा र प्रतिक्रियात्मक दमन गर्‍यो भने शासकहरूको चेत फिराउनको लागि सशस्त्र हिंसात्मक संघर्ष अनिवार्य हुनजान्छ । विद्रोहीहरूले रहरले सशस्त्र हिंसात्मक सघर्ष उठाएका हुँदैनन् । त्यो अहिंसात्मक संघर्षप्रतिको राज्यपक्षको चरम उपेक्षा र दमनात्मक रवैयाको ध्रुवीय प्रतिक्रियामात्र हुन्छ ।

शान्तिपूर्ण संघर्षप्रति आतंकको व्यवहार पहिले राज्यले अख्तियार गरेको हुन्छ । त्यसैको प्रतिक्रियामा विद्रोहीहरूको आतंक शुरू भएको हुन्छ ।

शान्तिपूर्ण संघर्षप्रति संवेदनशील राज्यको निम्ति हिंसात्मक संघर्षको कुनै आवश्यकता नै हुँदैन र प्राथमिकता शान्तिपूर्ण संघर्षलाई नै दिइनुपर्छ । परन्तु राज्य जब शान्तिपूर्ण संघर्षको आवाजप्रति बहिरो हुन्छ, विद्रोहीहरूको सशस्त्र र हिंसात्मक संघर्षले नै बहिरो राज्यको कान खोल्ने र चेत फिराउने गर्छ । श्रीलंकामा ठीक त्यस्तै भयो ।

श्रीलंकामा सन् २००१ को अन्त्यसम्म पुग्दा कस्तो वस्तुगत स्थिति पैदाभयो भने राज्यले सैनिक दमनबाट विद्रोहीहरूलाई परास्त गर्न असंभव देखियो । सैन्य हिसावले सिंहाली प्रभुत्व भएको राज्य तमील विद्रोहीहरूमाथि विजय प्राप्त गर्न असमर्थ सावित भयो । उता बाह्य हस्तक्षेपको टड्कारो संभावनाको कारणले, विशेषतः भारतीय र अमेरिकी हस्तक्षेपको संभावनाको कारणले तमील विद्रोहीहरूले अलग राज्य हासिल गरिछाड्नु पनि असंभवप्रायः देखियो । न राज्यले तमील विद्रोहीहरूलाई परास्त गरेर निमिट्यान्न पार्न सक्ने, न विद्रोहीहरूले राज्यलाई पूर्णतः परास्त गरेर अलग राज्य हासिल गर्नसक्ने । यस्तो रणनीतिक शक्तिसन्तुलनको स्थिति श्रीलंकामा पैदाभयो । यही स्थितिका कारणले श्रीलंकाली राज्य तमीलहरूको आधा शताब्दी अघिदेखिको संघीय राज्यको र समान व्यवहारको माग स्वीकार्न विवश भयो । र, यही कारणले विद्रोहीहरू पनि छुट्टै राज्यको माग परित्याग गरेर प्रारम्भिक कालको संघीय राज्यको मागमा झर्न विवश भए ।



*लिट्टे र श्रीलंका सरकारबीच गत डिसेम्बर २ मा ओस्लोमा भएको तेस्रो चरणको वार्ताको एक दृश्य* (फोटो : फ्रन्टलाइन)

ओस्लोमा भएको सहमतिमुताविक संघीय राज्यअन्तर्गत आन्तरिक आत्मनिर्णयको अधिकारको अवधारणाले क्षेत्र वा प्रदेश विशेषमा बहुसंख्यामा रहेका राष्ट्रिय अल्पसंख्यक जाति-जनजातिलाई आफ्नो क्षेत्र वा प्रदेशभित्र आफ्नो स्वशासन चलाउने र थुप्रै सवालमा आत्मनिर्णय गर्ने र यसरी प्रादेशिक वा क्षेत्रीय रूपमा राजनीतिक सत्ता हासिल र संचालन गर्ने स्वतन्त्रता दिनेछ । आफ्नो बाहुल्य भएको प्रदेश वा क्षेत्रमा उनीहरूले आफ्नै भाषा, संस्कृति, अर्थतन्त्रको अभ्यास गर्ने हक प्राप्त गर्नेछन् । तर संघबाट अलग हुनचाहिँ उनीहरूले पाउने छैनन् र परराष्ट्र नीति, रक्षा नीति र वित्तीय नीतिचाहिँ केन्द्रीय हुनेछ । बाँकीमा आफ्नो बाहुल्य भएको प्रदेश वा क्षेत्रमा राष्ट्रिय अल्पसंख्यकहरूलाई आत्मनिर्णय गर्ने हक हुनेछ ।

श्रीलंकामा प्रादेशिक वा क्षेत्रीय रूपमा बहुसंख्यकका रूपमा रहेका राष्ट्रिय अल्पसंख्यक भन्नाले तमील र मुश्लिमहरू हुन् । तमीलहरू कुल जनसंख्यामा १९ प्रतिशत छन् र मुश्लिमहरू ७ प्रतिशत, तर प्रादेशिक रूपमा उत्तरपूर्वी प्रदेशमा तमीलहरू ६५ प्रतिशत छन् र मुश्लिमहरू १८ प्रतिशत । अझ उत्तरी क्षेत्रमा त ९९ प्रतिशत जनसंख्या नै तमील छन् ।

## समस्या र चुनौतिहरू

ओस्लोमा सम्पन्न २-५ डिसेम्बरको ४ दिने वार्तापछि मध्यस्थकर्ता नर्वेजियन सरकारले प्रकाशित गरेको वक्तव्यमा भनिएको छ– "लिट्टेको नेतृत्वले राखेको प्रस्तावको प्रत्युत्तरमा तमील भाषाभाषी जनताले ऐतिहासिक रूपले बसोबास गरेका क्षेत्रमा एकीकृत श्रीलंकाअन्तर्गत संघीय ढाँचामा आधारित आन्तरिक आत्मनिर्णयको सिद्धान्तमा खडा भएर समाधान खोज्न दुवै पक्षले सहमति जनाएका छन् । दुवै पक्षले स्वीकारेका छन् कि त्यस्तो समाधान सबै समुदायहरूलाई स्वीकार्य हुनुपर्दछ ।"

यो घोषणाले शान्तिवार्ता प्रक्रियामा उथलपुथलकारी परिवर्तन ल्याएको छ । विद्रोहीहरू यति चाँडै, यति सजिलै र यति स्पष्टताका साथ एकीकृत श्रीलंकाअन्तर्गतको संघीय राज्यको अवधारणामा सहमत होलान् भन्ने थोरैलाई आशा थिएन । कमसेकम पनि उनीहरू महासंघ (Confederation)को मागमा अड्डी



लिट्टेका महिला लडाकूहरू मार्च गर्दै

**श्रीलंकाको संसदको वाम प्रतिपक्ष- जनता विमुक्ति पेरामुना (जेभिपी) नर्वेली मध्यस्थतामा भएको शान्तिवार्ताको तीव्र विरोधमा देखिन्छ**

लेलान् भन्ने धेरैको अनुमान थियो, जसअन्तर्गत हरेक राज्यको आफ्नो छुट्टै संसद हुन्छ, प्रधानमन्त्री हुन्छ र सेना हुन्छ र केही निश्चित उद्देश्यका लागिमात्रै खुकुलो प्रकारले राज्यहरू एक ठाउँमा बाँधिएका हुन्छन्। तर यस्तो अड्डी उनीहरूले लिएनन्।

नयाँ घोषणाले युद्धले वाक्कदिक्क भइसकेका श्रीलंकाबासीहरूमा ठूलो आशा जगाएको छ। तर अझै शान्तिवार्ताका सामु ठूला र गम्भीर चुनौतीहरू देखिन्छन्। पहिलो ठूलो चुनौती त राष्ट्रपति चन्द्रिका कुमारातुंगाले नेतृत्व गरेको पिपुल्स एलायन्सबाटै छ। राष्ट्रपतिका हातमा श्रीलंकाको कार्यकारिणी अधिकार निहित छ र जनताको गठबन्धन त्यहाँको प्रमुख प्रतिपक्ष हो, परन्तु प्रमुख प्रतिपक्ष तथा राष्ट्रपतिको तीतो अनुभूति के रहेको देखिन्छ भने श्रीलंका मुक्ति पार्टीका प्रधानमन्त्री रणील विक्रमसिंघेले शान्तिवार्ताको पहलकदमी राष्ट्रपतिको हातबाट बलजफ्ती अपहरण गरेका छन्। सरकार-लिट्टेबीचको वार्ताको सफलताबाट राष्ट्रपति र उनको पार्टी शान्ति प्रक्रियामा आफूलाई प्र.मं.द्वारा किनारा लगाइएको अनुभूति गर्दैछ। त्यसैले, सरकार र प्रमुख प्रतिपक्षबीच असमझदारी र विश्वासको संकट विकसित भएको छ। लिट्टेसितको सरकारको संघीय ढाँचाको राज्यसम्बन्धी सम्झौता कार्यान्वयन गर्न श्रीलंकाको संविधानमा आधारभूत चरित्रको हेरफेर जरूरी हुनजान्छ। यसको लागि संसदमा दुई तिहाई बहुमत चाहिन्छ। तर राष्ट्रपति तथा प्रमुख प्रतिपक्षबीचको असमझदारी र विश्वासको संकटले संसदमा त्यस्तो बहुमत जुट्नमा सिधै तगारो खडा गर्छ।

यस हिसाबले वार्ता र शान्ति प्रक्रिया साँघुरो घेरामा सीमित हुनु र यो सामेलीपूर्ण नहुनु नै यसको सफलता र दिगोपनका लागि ठूलो समस्या भएको छ। सरकार-प्रतिपक्षबीचको असमझदारी, असहयोग र अविश्वासले नै सरकार-लिट्टेबीच टुंगिएको राजनीतिक समाधान व्यवहारमा कार्यान्वियन गर्नमा सबैभन्दा ठूलो चुनौती खडा गर्लाजस्तो छ। श्रीलंकाको शान्ति प्रक्रिया सफल र दिगो हुनका निम्ति यो जतिसक्यो ठूलो घेरोमा यो सामेलीपूर्ण हुनु अपरिहार्य छ। द्वन्दको राजनीतिक समाधान निकाल्दा ज-जसका स्वार्थहरू जोखिममा पर्दछन्, ती सबै सरोकारवालाहरूलाई शान्ति प्रक्रिया र वार्तामा सामेल गर्नु जरूरी छ। तर श्रीलंकामा त्यस्तो गरिँदै छैन। समस्या यसैबाट सृजना हुँदैछ।

श्रीलंकाको अल्पसंख्यक भनेको तमीलहरूमात्र होइनन्, मुश्लिमहरू पनि त्यहाँका जातीय अल्पसंख्यकहरू हुन्। तमीलहरूले त वार्ता र सम्झौताबाट समस्याको समाधान प्राप्त गर्लान्, तर मुश्लिमहरूको भविष्य के हुनेछ नि ? के तिनीहरूले पनि संघीय राज्यअन्तर्गत तमीलहरूसरह आन्तरिक आत्मनिर्णयको अधिकार र समानताको व्यवहार प्राप्त गर्छन् ? यी सवालहरू श्रीलंकामा अहिले जोडतोडले उठिरहेछन्। श्रीलंका मुश्लिम कांग्रेस नामक पार्टीले यो आवाज जोडतोडले उठाउँदैछ। उनीहरूको यो आवाजलाई शान्ति प्रक्रियाले सम्बोधन गरेन भने वार्ताबाट तमीलहरूको निम्ति ठूलो उपलब्धि प्राप्त भए पनि श्रीलंकामा दिगो शान्ति फेरि पनि संभव हुने छैन। मुश्लिमहरू आफ्नो हकको लागि पुनः हतियारबन्द भएर उठ्ने टड्कारो सम्भावना छ। उनीहरू हतियारबन्द भइसकेको पनि देखिएको छ। तमील बाहुल्य भएको पूर्वी प्रान्तमा सन् १९८० र ९० को दशकमा सशस्त्र तमीलहरूबाट थुप्रै मुश्लिमहरू मारिने र धपाइने प्रक्रिया तीव्र भएपछि मुश्लिमहरू पनि सशस्त्र हुनथालेका हुन्। त्यसैले, श्रीलंकामा द्वन्दको दिगो समाधान गर्ने हो भने शान्ति प्रक्रियामा उत्पीडित मुश्लिमहरूको सामेली अनिवार्य कुरो हुन गएको छ। तर त्यहाँ अहिले चलिरहेको वार्ता र शान्ति प्रक्रियाले यस मामलामा पर्याप्त ध्यान दिन सकेको देखिंदैन। वार्तामा मुश्लिमहरूका प्रतिनिधिलाई लान त थालिएको छ, तर वार्तामा मुख्यतः हावी लिट्टेमात्र देखिएको छ। यसले त्यहाँ गम्भीर समस्या खडा गर्नसक्ने देखिन्छ।

त्यसमाथि थप, श्रीलंकाको संसदको वाम प्रतिपक्ष- जनता विमुक्ति पेरामुना (जेभिपी) नर्वेली मध्यस्थतामा भएको शान्तिवार्ताको तीव्र विरोधमा देखिन्छ। नर्वे पश्चिमेली साम्राज्यवादको तावेदार 'स्काउट' सिवाय केही नभएको विश्लेषण गर्दै उसले शान्तिवार्ताको पर्दाभित्र साम्राज्यवादीहरूको स्वार्थको खेल चलिरहेको धारणा अघि सारिरहेको छ। संघीय राज्यको राजनीतिक समाधानमा ऊ सहमत हुने देखिंदैन।

श्रीलंकामा बुद्ध धर्मको ठूलो प्रभाव छ। बुद्ध धर्ममा धर्म गुरूहरूको निश्चित हिस्सा शान्तिवार्ता प्रक्रियाकै विरोधमा देखिएको छ।

यो परिप्रेक्ष्यमा श्रीलंकाको शान्ति प्रक्रियामा अझै गम्भीर चुनौतीहरू र समस्याहरू विद्यमान देखिन्छन्। लिट्टेहरू संघीय राज्यको अवधारणामा सहमत हुनु आफ्नो अलग राज्यको रणनीति चरणबद्ध ढंगले सफल पार्ने र राष्ट्रिय अन्तर्राष्ट्रिय मान्यता जुटाउने उनीहरूको कार्यनीतिक दाउपेचमात्रै हो, अन्ततः उनीहरूले धोका दिने छन् भन्ने सिंहाली राष्ट्रवादीहरू श्रीलंकामा थोरै छैनन्। यस परिस्थितिमा वार्ता प्रक्रिया यथासंभव ज्यादा सामेलीपूर्ण हुनु अपरिहार्य देखिन्छ। केवल श्रीलंकाली सरकार र लिट्टेबीचको शान्तिवार्ताले त्यहाँ दिगो शान्ति ल्याउन सक्ने देखिंदैन। अर्को कुरा, अब सिंहाली ठूलो जाति आधारित पुरानो यथास्थितिवादी राजनीतिले श्रीलंकामा शान्ति संभव नै देखिन्न। व्यापक सामाजिक-आर्थिक, राजनीतिक सुधार र रूपान्तरणकारी शान्तिको त्यहाँ आवश्यकता देखिएको छ। सबै जाति र भाषाभाषीलाई चलखेल र विकासको निम्ति समान हक, अवसर र स्थान उपलब्ध गराउने समतामुखी र सहभागितामुखी प्रजातन्त्रले नै श्रीलंकालाई दिगो शान्ति दिनसक्छ।

## अन्य सहमति र संभावनाहरू

श्रीलंकाका प्रमुख वार्ताकार जी.आई. पेहरिसका साथै प्रधानमन्त्री रणिल विक्रमसिंघे आफैं र लिट्टेका तर्फबाट प्रमुख वार्ताकार एन्तोन बालसिंघम सामेल भएको ओस्लो वार्ताले 'सारभूत राजनीतिक सवालहरूमा' सहमति हासिल गरेको दावी गरिएको छ। मध्यस्थकर्ता नर्वेली सरकारका अनुसार, अब सत्ताको बाँडफाँड, भौगोलिक प्रदेशहरू, मानवअधिकार राजनीतिक र प्रशासनिक संयन्त्रहरू, सार्वजनिक वित्त तथा शान्ति र सुव्यवस्था सम्बन्धमा छलफल थाल्ने सहमति दुवै पक्षबीच भएको छ। राजनीतिक सवालहरूमा हुने कुराकानीको प्रगतिलाई युद्धविराम सम्झौताको निरन्तर सुदृढीकरणद्वारा साथ दिइनुपर्ने कुरामा पनि दुवै पक्ष सहमत भएका छन्। सरकारी फौजले यसअघि कब्जा गरेको आफ्नो एउटा होटेललाई अब सेनाले खाली गरिदिने प्रतिवद्धता सरकारका तर्फबाट जनाइएको छ। उता लिट्टेले पनि अब उप्रान्त सबै इलाका कमाण्डरहरूको आवतजावत श्रीलंकामा अनुगमन मिसनको देखरेखमा हुने प्रतिवद्धता जनाएको छ।

सबै धार्मिक समुदायहरूसँग सम्बन्धित उत्तरपूर्वका पूजाआजाका थलोहरूको पुनर्स्थापना र पुनर्वास गराउने सहमति पनि दुवै पक्षबीच भएको छ। लिट्टेले वार्तामा के बचन दिएको छ भने अबदेखि जाफ्ना प्रायद्वीपलगायत उनीहरूको कब्जामा रहेका सबै क्षेत्रमा अन्य राजनीतिक समूहका मानिसलाई पनि राजनीतिक गतिविधि संचालन गर्ने स्वतन्त्रता हुनेछ, यो शर्तमा कि उनीहरू सशस्त्र हुने छैनन्। महिला र केटाकेटीका स्वार्थहरूसम्बन्धी सवालमा ध्यान दिन एउटा स्थायी चरित्रको सल्लाहकार समिति स्थापना गर्ने सहमति पनि दुवै पक्षबीच भएको छ।

अर्को चरणको शान्तिवार्ता जापानमा गरिने टुंगो लागेको छ। सत्ताको बाँडफाँड कसरी हुनेछ र लिट्टेलाई सरकार र सत्तामा कसरी सहभागी गराइनेछ, त्यसको टुंगो चौथो चरणको वार्तामा लगाइनेछ। लिट्टेका प्रमुख वार्ताकार बालसिंघमका अनुसार, अर्को चरणको वार्तामा मुश्लिम समुदायका प्रतिनिधिलाई पनि सामेल गराइनेछ। ❑❑




# विचार अन्तर्क्रियाको संयोजनमा गुणात्मक फड्को चाहियो

- विमल फुयाँल

**प्रकाशन**को बजारमा एउटा विशिष्ट पहिचान बनाउन सफल 'मूल्यांकन' मासिकको घोषित उद्देश्य विचारअन्तर्क्रियाको संयोजन एवं प्रवर्धन रहेको छ । समाजवादी विचार, राजनीति तथा संस्कृतिको पक्षमा सक्रिय वकालत गर्दै आएको यो प्रकाशन खास गरेर नेपालको वामपन्थी आन्दोलनमा संलग्न वा त्यसप्रति चासो र सरोकार राख्ने सजग व्यक्तिहरूले पढ्ने गरेको पाइएको छ । गैरवामपन्थी खेमाका वैचारिक अन्तर्क्रियाको महत्वलाई बुझ्ने सक्रिय पाठकहरूले यो पत्रिका पढेर सार्वजनिक टिप्पणी गरेको पनि बेलाबखत देख्न सकिन्छ । यो 'मूल्यांकन'ले आफ्नो घोषित उद्देश्यतर्फको यात्रामा प्राप्त गरेको सफलताको पाटो हो ।

समकालीन बजारप्रधान राजनैतिक परिवेशमा विचारप्रधान प्रकाशनको निम्ति प्रतिवद्ध रहनु निक्कै चुनौतिपूर्ण कार्य हो । यसको निम्ति 'मूल्यांकन' टोलीको एक दशकको अथक प्रयासलाई साँच्चै सराहना गर्नुपर्छ । उद्योग, व्यापार तथा आर्थिक उत्पादनको क्षेत्र बजारमुखी हुनु त स्वाभाविकै हो, तर हामी दर्शन, विचार र राजनीतिसमेत नाफामुखी कारोवार बन्दै गएको समयमा बाँचिरहेका छौं । अहिले मुलुकमा 'वादशाहको नयाँ पोशाक'भन्दा पनि दामी ऋतुअनुसारको 'विचार' आपूर्ति गर्ने, नागरिक वा मतदाताको क्रयशक्तिअनुरूपको 'दर्शन' आपूर्ति गर्ने राजनैतिक दल तथा बुद्धिजीवीहरू पाइन्छन् । तर बजारमा पनि आपूर्ति भएका सबै ब्राण्डका वस्तुहरू बिक्दैनन् । ती मिल्किन्छन्, सड्छन्, गल्छन्, प्रदुषण फैलाउँछन्, महामारीको संकट ल्याउँछन् वा कन्टेनरको यात्रा गर्दै डम्पिङ्ग साइटमा पुग्छन् । दरवारिया राष्ट्रवाद, कांग्रेसी प्रजातन्त्र र समाजवाद, बहुदलीय जनवादले आपूर्ति गरेका 'विचारका पुरियाहरू' पनि सडकभरि छरिएका छन् । मिल्किएका छन् । यो अहिलेको संकट हो । 'मूल्यांकन'ले पहल गर्ने विचार अन्तर्क्रियाले यो संकटको निकास खोल्न सहयोग पुऱ्याउनुपर्छ ।

विगत एक दशकको 'मूल्यांकन' पल्टाएर हेर्दा स्वास्थ्य, भूमिसुधार, जलविद्युत, नेपाल-भारत सम्बन्ध, संस्कृतिजस्ता महत्वपूर्ण सवालमा अन्तर्क्रियाको आयोजना गरी विभिन्न विचारहरू प्रवाह गरिएको भेटिन्छ । यस्ता अन्तर्क्रियाहरूमा सहभागी हुँदाका क्षणहरू सम्झँदा वा पत्रिकामा छापिएका अभिलेखन पढ्दा कस्तो महशूस हुन्छ भने 'मूल्यांकन'ले जति उत्साहपूर्वक, जति उच्च सम्मान देखाएर 'नेता', 'कामरेडहरूलाई' प्रमुख वक्ता बनाउँछ, 'कामरेड' नेपाल, 'कामरेड' खनाल, 'कामरेड' मैनाली, 'कामरेड' विजुक्छे वा 'कामरेड' अन्य भने कि त विषयवस्तुलाई नछोइकन धाराप्रवाह बोलिरहने, कि त अमूर्त शास्त्रीय शब्दावलीले सबै कुरा ढाक्ने वा सम्बन्धित सवालमा आफू वा आफ्नो दल निक्कै चोखो भएको बखान गर्नुमै समय बिताइदिने गर्दारहेछन् । अर्को उदेकलाग्दो कुरा, दश मिनेट समय दियो भने वक्ता 'नेता कामरेड' ले झण्डै आधा घण्टा बोलिदिने, त्यसपछि 'वरिष्ठ बुद्धिजीवी'लाई पाँच मिनेट टिप्पणी गर्न लगाउँदा कम्तिमा बीस मिनेट लिइदिने, अनि अन्य सहभागीहरूलाई आफ्नो जिज्ञासा राख्न दुई मिनेट समय बाँकी नरहने वा तीन घण्टाको कार्यक्रम पाँच घण्टासम्म लम्बिने । 'मूल्यांकन'ले आगामी दिनमा 'नेतामुखी' अन्तर्क्रियाको ठाउँमा सहभागीमूलक अन्तर्क्रिया कसरी गर्ने भनेर नै एउटा 'अन्तर्क्रिया' गर्ने हो कि ?




चर्चा गरिएको 'कामरेडी' ढाँचाको नेतामुखी अन्तर्क्रियाले नेपालका कम्युनिष्ट पार्टीहरूमा के-कसरी अन्तर्क्रिया वा 'प्रशिक्षण' हुनेगर्छ भन्ने अनुमान लगाउन सघाऊ पुऱ्याउँछ । तर 'मूल्यांकन'जस्तो नौलो संस्कृति वा प्रगतिशील संस्कृतिको वकालत गर्ने सचेत वौद्धिक टोलीले यसबारे आलोचनात्मक समीक्षा गर्दै सुधार थाल्नुपऱ्यो ।

अन्तर्क्रियाको प्रक्रिया मात्र हैन, 'मूल्यांकन'का अधिकांश पाताहरू नै 'कामरेड नेतामय' हुने गर्छ । बग्रेल्ती कम्युनिष्ट पार्टीका प्रत्येक केन्द्रीय सदस्यको नाम अगाडि झुण्डिइने का. अर्थात् कामरेडको पदवी देख्दा खबर वा टिप्पणी पढिसिध्याउनै टीठ लाग्ने अवस्था पनि पाठकलाई आइपर्छ । ठूला पार्टीका ठूला नेताका ठूला तस्वीर, प्रत्येक अंकमा बारम्बार देखिने उही नेताको उही तस्वीर र एउटै अंकमा एउटै नेताको उही तस्वीर पटक पटक देख्नुपर्दा कुन पाठकको धैर्य थामिएला ? सबभन्दा पछिल्लो उदाहरणको लागि पूर्णाङ्क १०३ मा प्रचण्डको एउटै तस्वीर पेज ७, १२ र २७ मा छापिएको हेरे हुन्छ । यस्तो हुनाको कारण कति परम्परागत संस्कारले गर्दा, कति असावधानीले र कति राम्रै ठानेर गरिएको हो, छुट्याउने जिम्मा सम्पादन टोलीलाई दिनुपर्छ ।

'मूल्यांकन'ले सच्याउनै पर्ने अर्को पक्ष भनेको अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनसम्बन्धी खबरको रिपोर्टिङ्ग गर्दा हो । विचारअन्तर्क्रियामुखी मासिकमा कुनै एउटा मुलुकको, कुनै एउटा कम्युनिष्ट पार्टीको पनि कुनै एउटा मिटिङ्गबारे अति लम्बेतान विवरणात्मक खबर, त्यहाँको कुनै केन्द्रीय सदस्य वा 'महासचिव'बारे अतिरंजित बखान पाठकलाई पत्याउन र पचाउन कठिन हुने गरेको छ । चाहे नेपालको होस् वा अन्तर्राष्ट्रिय, कम्युनिष्ट आन्दोलनको होस् वा अन्य राजनैतिक घटनाक्रमको, 'मूल्यांकन'ले खबर रिपोर्टिङ्ग गर्ने हैन, यसको निम्ति त दैनिक पत्रिका वा पार्टी मुखपत्रहरू छँदैछन् नि । पाठकले चाहने भनेको विचार विश्लेषण हो, घटना समीक्षा वा संश्लेषण हो, अन्तरक्रियामुखी वैचारिक व्याख्या हो । 'मूल्यांकन' मूल्यांकन नै बन्नुपर्छ, नेपाल समाचारपत्र, साप्ताहिक 'हाँक' वा 'बुधवार' हैन ।

> *'मूल्यांकन'को बारेमा यो प्रतिक्रिया लेख्दै जाँदा मेरो मनमा अर्को एउटा भन्नै पर्ने कुरा आइरहेछ*

'मूल्यांकन' समाजवाद तथा लोकतन्त्रप्रति प्रतिवद्ध मासिक पत्रिका हो । 'मूल्यांकन' राजनैतिक पार्टी नभएर विचार अन्तर्क्रियामुखी मंच भएकोले यसले वा यसको सम्पादक टोलीले समाजवादको 'अन्तिम' मोडल दिन खोज्ने हैन । विभिन्न मोडलहरूबीच छलफल चलाउन उत्प्रेरित गर्ने चाहिँ हो । अर्को कुरा, समाजवादको 'शास्वत' मोडल बनिसकेको, तर प्रत्येक मुलुकमा त्यो कार्यान्वयन हुनमात्र बाँकी जस्तो रूढीवादी सोच अहिलेको समयमा पटक्कै काम लाग्दैन । सायद कहिल्यै काम लाग्दैन । अक्टोबर क्रान्ति, चिनियाँ क्रान्ति, जयप्रकाश नारायणको 'अन्त्योमुखी' आन्दोलन वा हालैको ब्राजिलको श्रमिक पार्टीका कामहरूलाई समाजवादमुखी प्रयासहरूको रूपमा अध्ययन, विश्लेषण गर्नु जरूरी छ । लेनिन ठीक, स्तालिन वेठीक वा स्तालिन ठीक, ख्रुश्चोभ संशोधनवादीजस्ता तर्कहरू पनि अब असान्दर्भिक भइसके । लेनिन र रोजा लक्जम्वर्ग, लेनिन र ट्रट्स्कीबीच भएको समाजवादबारेको विवाद भने अझै टुङ्गिन बाँकी देखिन्छ । इटालीका समाजवादी चिन्तक एन्तोनियो ग्राम्सीको विचार हामीकहाँ छलफल गर्नु अझै सान्दर्भिक छ । नेपालमा 'राज्यवादी' समाजवादवारे बढी हल्ला भएको छ, समाजवादी प्रक्रियामा नागरिक समाजको भूमिका, स्वरूपबारे अन्तर्क्रिया चलाउन ग्राम्सीका विचारहरू अझै सान्दर्भिक छन् । छलफलमा ल्याउनुपर्ने समाजवादसम्बन्धी अन्य विचारहरू भनेको राम मनोहर लोहिया, जयप्रकाश नारायण र अन्य समकालीन नारीवादी, वातावरणवादी, समाजवादसंम्बन्धी विचारहरू पनि हुन् । हामीले कुनै पनि विचार वा प्रयासलाई 'पूर्ण' वा शास्वत छ कि छैन भनेर हैन, उक्त विचार वा प्रयासबाट सिक्नुपर्ने कुरा के छ भनेर अन्तर्क्रियामा ल्याउने हो ।

'मूल्यांकन'को बारेमा यो प्रतिक्रिया लेख्दै जाँदा मेरो मनमा अर्को एउटा भन्नै पर्ने कुरा आइरहेछ । त्यो के हो भने, 'मूल्यांकन'ले विचार अन्तर्क्रियाको संयोजनमा गुणात्मक फड्को मार्नु पऱ्यो भनेर त मैले भनें, यो प्रक्रियामा मजस्तै थुप्रै टिप्पणीकारको भूमिका चाहिँ कस्तो हुने होला ? प्रतिक्रिया वा सुझाव फ्याँक्नु नै पर्याप्त हो कि, अरू जिम्मेवारी पनि लिनुपर्छ ? यसबारे म, मजस्ता अन्य, 'मूल्यांकन'का सम्पादक टोली र सल्लाहकार मण्डलले आगामी दिनमा विचार गर्नुपर्ने लाग्यो । ❑



शपथग्रहणका क्रममा राष्ट्रपति लुला

# सहभागितामूलक प्रजातन्त्र

## समाजवाद नढल्ने प्रक्रिया

○ राजेन्द्र महर्जन

सन् १९८९ तिर विश्वमा समाजवादी नामका शासनहरू ढलिरहेको बेला ब्राजिलमा समाजवादी मजदुर नेता लुला राष्ट्रपति पदको चुनावमा प्रमुख प्रतिस्पर्धीका रूपमा उभिरहेका थिए । समाजवादको मृत्युउत्सवका आवाजहरू गुञ्जायमान भइरहेको यो एक्काइसौं शताब्दीमा उनै नेता लुला करोडौं जनताको लोकप्रिय मत प्राप्त गरी ब्राजिलका राष्ट्रपतिमा निर्वाचित भएका छन्, गरीखाने जनताका दैनन्दिन संघर्षमार्फत् समाजवादी समाज निर्माण गर्ने अभिलासाका साथ शासन गर्दैछन् ।

### गरीखाने जनताको सशक्तीकरण

लुलाको अभूतपूर्व विजयको एउटा मुख्य कारक तत्व हो: पार्टीभित्र र बाहिर सहभागितामूलक प्रजातन्त्रको सही अभ्यास । समाजवादी प्रजातन्त्रप्रतिको प्रतिबद्धतासहित हुर्केको 'वर्कर्स पार्टी अफ ब्राजिल' (पीटीबी)को आन्तरिक प्रजातन्त्र जति गहन, विस्तृत र घनीभूत देखिन्छ, ठीक त्यस्तै छ- यसको बाह्य प्रजातन्त्र पनि । दुबैतिरको प्रजातन्त्रको गुदी हो : काम गरीखाने जनताको सशक्तीकरण । परिवार, समाज, कलकारखाना, पार्टी र राज्यका हरेक तहको नीति निर्णयमा सक्रिय र प्रत्यक्ष सहभागिताद्वारा गरीखाने वर्गको सशक्तीकरण ।

जनताको प्रत्यक्ष सहभागिताका लागि प्रजातान्त्रिक संरचना, प्रक्रिया र शैलीहरूलाई संस्थागत गर्ने यसको ध्येय रहेको छ । यो ध्येय यसको प्रभुत्वमा रहेका गाउँ, नगर, जिल्ला र केन्द्र सरकारका सहभागितामूलक प्रजातन्त्रका अभ्यासहरूमा प्रकट भइरहेका छन् । यस पक्षलाई आफ्नो प्राथमिक सरोकार बनाइरहेको यस पार्टीले वर्षौं वर्षदेखि 'काउन्सिल्होस पपुलारेस्' (popular councils) संगठित गर्दै वास्तवमा जनसत्ताका अभ्यास गर्दै आइरहेको छ ।

### निर्णयमा जनसहभागिता

सहभागितामूलक प्रजातन्त्रको एउटा महत्वपूर्ण पक्ष हो- जनसरोकारका सबै नीतिहरूको निर्णय प्रक्रियामा जनताको सहभागिता । अर्थात् जनतालाई सह-नीतिनिर्माता र आलोचकका रूपमा अर्थात् एकसाथ 'डबल रोल' खेल्न सक्षम तुल्याउने ।

यस पार्टीले गाउँ वा शहरमा समस्याको प्रकृतिअनुसार फरक फरक नागरिक समितिहरू संगठित गर्छ, जुन समितिका सदस्यहरू जनताको प्रत्यक्ष मतदानद्वारा छानिन्छन् । जस्तो, स्वास्थ्य, शिक्षा, यातायात वा रोजगारीजस्ता सवालहरूमा निर्वाचित अलग अलग 'काउन्सिल्होस पपुलारेस्' (पपुलर काउन्सिल) हरूले स्थानीय सरकारहरूसँग प्रत्यक्ष सम्पर्कमा रही जनकार्य गर्दछन् । आफ्नो क्षेत्रका समस्याहरूबारे नीति निर्माण गर्ने र बजेट छुट्याउने काममा महत्वपूर्ण योगदान दिन्छन् ।

गाउँघरमा छरछिमेकमा रहेका छिमेकी समितिमार्फत् विभिन्न मुद्दामा निर्वाचित गरिने ती पपुलर काउन्सिलहरूले यस पार्टीको नियन्त्रणमा रहेका क्षेत्रहरूमा जनसरोकारका सबैजसो सवालमा नीति निर्णय गर्दा जनसहभागिताको ग्यारेन्टी गर्छन् । शहरहरूमा भने प्रत्येक इलाकामा एउटा एउटा सडकको नाममा त्यहाँ वरिपरि रहने बासिन्दाहरूलाई छिमेकी समितिहरूमा संगठित गरिन्छ र ती समितिका प्रतिनिधिहरू जनताको प्रतिनिधित्व गरी त्यहाँका पपुलर काउन्सिलमा जान्छन् । अनि तिनीहरूका प्रतिनिधिहरूद्वारा निर्माण हुने जिल्लास्तरीय समितिहरू अर्थात् bairros committees मार्फत् जिल्ला, नगर वा शहरस्तरीय पपुलर काउन्सिलको जनसत्ताको अभ्यास गरिन्छ । यथार्थमा गाउँ वा शहरमा छिमेकी समितिमार्फत् निर्माण गरिने पपुलर काउन्सिलहरू गाउँ वा शहरको जनसत्ताका आधारभूत इकाईहरू हुन् ।

**ब्राजिलले दिइरहेको आजको व्यवहारिक शिक्षा**

### सहभागिताका लागि संरचना

यस्तै इकाईहरूमध्ये अर्को एउटा महत्वपूर्ण पक्ष हो -काउन्सिल्होस दा फाभेला (shantytown councils) । मानवशास्त्री स्टेफन माइकसेलले यसलाई 'सुकुम्बासी सभा'को रूपमा नेपालीकरण गरेका छन् । यी सभाहरू पनि यस पार्टीले र यस पार्टीका मेयरहरू विजय भएका नगरपालिकाहरूले आफ्नो प्रशासनलाई जनमुखी र पारदर्शी बनाउन तयार गरेका संरचनाहरू हुन् । पार्टी र प्रशासनको प्रोत्साहनमा निर्मित यी सभाहरूमा शहर वरिपरि बस्ने गरीखाने गरीव सुकुम्बासीहरूद्वारा छानिएका प्रतिनिधिहरूले काम गर्छन् । आफ्नै पद र हैसियत हुने ती प्रतिनिधिहरूमा आफ्नो इलाकाका समस्याहरू सुल्झाउने, योजनाहरू बनाउने र जनताको सहभागितामा ती योजनाहरू क्रियान्वयन गर्ने जिम्मेवारी हुन्छ ।

स्थानीय सुकम्बासी सभाहरू सीमित इलाकाका

# वर्कर्स पार्टीको लोकप्रिय जनमुखी प्रशासन चलाउने तौरतरिका

निश्चित कामहरू र आफूलाई निर्वाचित गर्ने सुकुम्बासीहरूप्रति उत्तरदायी हुन्छन्, पार्टी र प्रशासनप्रति जिम्मेवार हुनु कुनै जरूरी छैन । पार्टीका नेताहरू र नगरपालिकाका अधिकारीहरूचाहिँ बोलाइएको बेलामात्रै सुकुम्बासी सभाहरूमा उपस्थित हुन्छन् र तिनीहरूबाट दवाब दिने संभावनालाई सकेसम्म न्यून पारिएको हुन्छ ।

### निर्णयको तरिका :

यी र यस्तै इकाईहरूमा जनताले आफ्ना तत्कालीन र दीर्घकालीन समस्याहरूबारे छलफल गर्ने, पीर र अनुभव साटासाट गर्ने तथा नीतिनिर्माण गर्ने कार्य गर्छन् । सडकको बत्ती, पेटी, ढलनिकास, खानेपानी, यातायात र सरसफाइदेखि लिएर स्कूल, शिशु स्याहार केन्द्र, क्लिनिक, अस्पताल, खेल्ने चौर र रोजगारीजस्ता जल्दाबल्दा सवालहरूमा समेत तिनीहरूले प्रस्ताव तयार गर्ने, गहन सरसल्लाह गर्ने र स्थानीय सरकारसँग मिलेर क्रियान्वयन गर्ने गर्छन् ।

काउन्सिलहरूले गाउँ, नगर वा राज्य सरकारका प्रतिनिधिहरूसँग भेटघाट गरी बजेटका सवालहरूमा सरसल्लाह गर्छन्, जल्दाबल्दा समस्याहरूको प्राथमिकताक्रम निर्धारण गर्छन् अनि सँगसँगै हातमालो गरी क्रियान्वयन गर्ने क्रममा होस्टेमा हैंसे गर्छन्, सफलता वा असफलताहरू बाँडेर लिन्छन् ।

यस पार्टीको नियन्त्रणमा रहेका स्थानीय सरकारहरूले आफ्नोमात्रै बल, बुद्धि र भिजनले शासन चलाउँदैनन् । उनीहरूले इन्जिनियरहरू, आर्किटेक्टहरू, शहरी योजनाका विज्ञहरू, भूगर्भविद्हरू, समाजशास्त्रीहरू र अरू विषयका विशेषज्ञहरूको सरसल्लाह र सहयोगमा प्रशासन चलाउँछन् । ती विशेषज्ञहरूले सुकुम्बासी सभाका प्रतिनिधिहरू र प्रशासनबीच पूलको काम गर्छन् । अनि प्रतिनिधिहरूसँग मिसिएर आआफ्ना विशेषज्ञताहरूसहित योजना बनाउने र योजनाहरूको सफल क्रियान्वयनका लागि उनीहरूसँगसँगै जनकार्य गर्छन् ।

### जनप्रशासनसम्बन्धी नौलो मान्यता :

वास्तवमा यी फाभेला काउन्सिल र पपुलर काउन्सिलहरूको संरचना निकै लचिलो हुन्छ र आकार झनै लचिलो हुन्छ । वस्ती र वस्तीका बासिन्दाहरूको घनत्वअनुसार यस्ता नागरिक समितिहरूको आकार पनि सानो-ठूलो हुन्छ । यिनीहरूमा यस पार्टीको मात्रै प्रभुत्व हुनुपर्छ भन्ने कुनै जरूरी छैन । किनकि चुनावमा जुनसुकै लोकप्रिय पार्टीका व्यक्तिहरू पनि विजयी हुन सक्छन् । तथापि यस पार्टीकै सैद्धान्तिक ढाँचा, पहलकदमी र प्रोत्साहनमा निर्मित यस्ता सभा र समितिहरूमा यस पार्टीकै वर्चश्व हुनु अस्वाभाविक चाहिँ होइन ।

त्यसैले केही नेता-कार्यकर्ताहरूले यिनीहरूलाई पार्टी-कमिटीहरूका रूपमा रूपान्तरण गर्नु पर्ने र प्रतिनिधिहरू पनि पार्टीबाटै छानेर पठाउनु पर्ने विचार व्यक्त नगरेका होइनन् । तर यस पार्टीको तर्फबाट मेयरमा निर्वाचित सबैजसोले यस्तो विचारलाई लोकप्रिय जनप्रशासनसम्बन्धी नौलो मान्यताको विपरीत ठहर गरेका छन् । उनीहरूको मतअनुसार जनताबाट निर्वाचित भइसकेपछि कुनै पनि पार्टीका नेता-कार्यकर्ताहरूले आफ्नो क्षेत्रका सबै जनताको प्रतिनिधित्व गर्नु पर्छ, केवल आफ्नो पार्टी विशेषको मात्र प्रतिनिधित्व कदापि गर्नु हुँदैन । र, यी फाभेला काउन्सिल र पपुलर काउन्सिलजस्ता नागरिक समितिहरूलाई आफ्नो पार्टीविशेषको प्रभूत्वमा कैद गर्नु कुनै पनि हालतमा जायज र प्रजातान्त्रिक हुनसक्दैन । वास्तवमा कुनै पनि जनसंगठन, संघ-संस्था, संघर्ष-आन्दोलन र जननिर्वाचित अंगहरूमाथि हस्तक्षेप गर्ने र तिनीहरूलाई क्वाप्लाक्कै निल्ने (cooptation) काम गरिनु हुँदैन भन्ने आफ्नो नौलो प्रजातान्त्रिक मान्यता यस पार्टीले व्यवहारमै सिद्ध गर्न खोजिरहेको छ । त्यसैले अपेक्षाकृत रूपमा यी समितिहरू पार्टीगत खिँचातानी, भैँझगडा र विभाजनको शिकार हुनबाट बच्न सफल भइरहेका छन् ।

### जनमुखी प्रशासनको ठोस अभ्यास

यस पार्टीको विशाल अनुभवको भण्डार हेर्दा जनमुखी र प्रजातान्त्रिक संरचना र प्रक्रियासँगसँगै जनतालाई चेतनशील बनाउने सांस्कृतिक अभियान पनि निरन्तर रूपमा चलाइराखेको देखिन्छ, जसको ठोस उदाहरण हो- साओ पाउलो शहरको जनप्रशासन ।

सन् १९८८ तिरै एक करोड तीस लाख जनसंख्या भएको साओ पाउलोलगायत अन्य ३० ठूला साना शहरहरूमा लोकप्रिय जनप्रशासन चलाउँदा यसले भद्दा खालको परम्परागत कर्मचारीतन्त्र र गैर रचनात्मक प्रवृत्तिका विपक्षीहरूको विरोधलाई मत्थर पार्न शुरूमा हम्मेहम्मे नै भएको थियो । पछि गएर विरोध या समर्थन गर्ने, संझौता वा संघर्ष गर्ने- ती सबैलाई प्रशासनको नीति निर्णय र क्रियान्वयनको प्रक्रियामा सहभागी बनाउने कामलाई जनचेतना अभिवृद्धि गर्ने सांस्कृतिक अभियानसँग जोड्दैजोड्दै लान थालिएपछि सफलता हात पर्दै गएको देखिन्छ ।

यसको एउटा ठोस उदाहरण हो- नोभेम्बर, १९८८ देखि साओ पाउलोको सरकार चलाइरहँदा यसका मेयर लुइजा इरून्दिनाले



*राष्ट्रपति लुला आफ्ना समर्थकहरूका साथ*

**जनतालाई सह-नीतिनिर्माता र आलोचक बनाउने अभियानको नाम हो : वर्कर्स पार्टी !**

थालेको प्रजातान्त्रीकरण र विकेन्द्रीकरणमार्फत् प्रत्यक्ष र सहभागितामूलक प्रजातन्त्रको अभ्यास ।

त्यतिखेर साओ पाउलोका शिक्षामन्त्री भइरहेका चिन्तक पाउलो फ्रेरेद्वारा लागू गरिएको रचनात्मक क्रान्तिकारी शैक्षिक योजनाविरूद्ध उत्रने क्रममा लामो समयसम्म हड्ताल गरिरहेका शिक्षकहरूप्रति गरिएको प्रजातान्त्रिक व्यवहार धेरै हिसावले उदाहरणीय देखिन्छ । यस पार्टीको सरकारले हड्ताली शिक्षकहरूलाई अप्रजातान्त्रिक ढंगले दमन गर्नुको सट्टा बेसी प्रजातन्त्र दिएर अर्थात् प्रत्यक्ष र सहभागितामूलक प्रजातन्त्रको अभ्यास गरेर समस्या समाधानको प्रक्रिया अगाडि बढायो ।

फ्रेरेले शिक्षक प्रतिनिधिहरूलाई अभिभावकहरूका प्रतिनिधि र आफ्नो प्रशासनसँग मिलेर एक एक समस्याहरू खुट्याउने, समाधानका उपायहरू पहिल्याउने, प्रशासनसँग रहेका सम्पूर्ण फाइलहरू सार्वजनिक गर्ने, बजेटले भ्याएसम्मका समाधानहरू क्रमशः गर्दै जाने उपाय अप्नाए । उक्त त्रिपक्षीय टोलीको गहन र गंभीर अध्ययनपछि अन्ततः शिक्षकहरूले हड्ताल अन्त्य गर्ने पक्षमा अत्याधिक रूपमा मतदान गरे । अनि विद्यार्थी, शिक्षक, स्कूलका कर्मचारी र अभिभावकहरूलाई 'मुक्तिदायी शिक्षा'अनुसार दीक्षित गर्न योजनाबद्ध ढंगले संस्थागत अभियान चलाउने फैसला गरे ।

## सह-नीतिनिर्माता र आलोचक

यस पार्टी, यसका स्थानीय सरकारहरू, फाभेला र पपुलर काउन्सिलहरूद्वारा चलाइएको राजनीतिक शिक्षा अभियानले जनचेतनाको स्तर बढाउनुका साथै जनतालाई स्थानीय सरकारका सह-नीतिनिर्माता, सह-क्रियान्वयनकर्ता र आलोचनात्मक विवेकसहितका स्वतन्त्र नागरिक बनाउन योगदान दिएको देखिन्छ ।

ती सबै कार्य र अभियानहरूको संश्लेषण गर्दै यस पार्टीकी नेतृ मारिया हेलेना एम. अल्भेजले 'दि फ्यूचर अफ सोशलिज्म' पत्रिकामा लेखेकी छिन्- जनतालाई स्थानीय सरकारका सह-नीतिनिर्माता, सह-क्रियान्वयनकर्ता र आलोचनात्मक विवेकसहितका स्वतन्त्र नागरिक बनाउने सहभागितामूलक प्रजातन्त्रको अभ्यासले जनसहभागितामा विकास गर्ने र नीति निर्माण एवं सफल क्रियान्वयनको ग्यारेन्टी त गर्छ गर्छ, यी कामहरूभन्दा पनि महत्वपूर्ण काम यसले जनताको सशक्तीकरण गर्छ ।

ब्राजिलको इतिहासमा पहिलो पटक यस पार्टीले नागरिकहरूलाई शासक बनाएको छ, वास्तविक अर्थमा 'शासक कम शासित नागरिक !' नागरिक पनि कस्तो भने- as critics as well as co-decisionmakers अर्थात् सह-नीतिनिर्माता सँगसँगै आलोचक पनि !

बजेटलगायत सबैजसो विषयको नीतिनिर्माणमा निरन्तर रूपमा प्रत्यक्ष जनसहभागिताद्वारा नागरिकहरूलाई, त्यसमा पनि गरीखाने गरीव वर्गका नागरिकहरूलाई शासक बनाउने प्रक्रियाले राजनीतिक, आर्थिक र सामाजिक समस्याहरू समाधान गर्न जनता आफै सक्षम छन् भन्ने सन्देश पनि स्पष्ट रूपमा दिन थालेको छ ।

यस पार्टीको लोकप्रिय जनप्रशासन, सहभागितामूलक प्रजातन्त्रको अभ्यास र जनचेतना वृद्धिका लागि सांस्कृतिक अभियानको समग्र विश्लेषण गर्दा एउटा विश्वव्यापी महत्वको दिशा र प्रक्रियाको स्पष्ट संकेत प्राप्त हुन्छ । त्यो संकेत हो- पार्टी र सरकारको नीति निर्णय र क्रियान्वयनको प्रक्रियामा जनताको भूमिका सह-नीतिनिर्माता, सह-क्रियान्वयनकर्ता र आलोचनात्मक विवेकसहितका स्वतन्त्र नागरिक बनाउने सहभागितामूलक प्रजातन्त्रको अभ्यासबाट जनताको सशक्तीकरण गर्दै जाने होभने समाजवादी शासन पनि त्यति सजिलै नढल्न सक्छ ।

## समाजवादका लागि मन्त्र

पूर्वी यूरोपमा समाजवाद ढल्नुका कारणहरूबाट पाठ सिक्ने क्रममा धेरैजसो देशहरूका कम्युनिष्ट र वामपन्थी पार्टीहरूमा नीति निर्णयमा कार्यकर्ताहरूको आलोचनात्मक र सक्रिय सहभागिता, पार्टीभित्र र बाहिर अभिव्यक्तिको निर्बाध स्वतन्त्रता तथा काम कारबाहीमा एकरूपता भएको पार्टीगत संरचना र प्रक्रियाको माग बढ्दो छ । खुशीको कुरा के हो भने यस पार्टीले जनमुखी र लोकप्रिय शासन-प्रशासन चलाउने क्रममा वर्षौवर्ष अगाडिदेखि यस्तै संरचना र प्रक्रिया व्यवहारमै लागू गर्दै आइरहेको छ ।

ब्राजिलमा यस पार्टीको नियन्त्रणमा रहेका लोकप्रिय प्रशासनहरूको अनुभव हेर्दा पूर्वी यूरोप वा जहाँकहीँको कम्युनिष्ट पार्टी र समाजवादी शासनहरूले आफूभित्र र बाहिर यस्तै संरचना र प्रक्रिया अप्नाएको भए समाजवाद यति सजिलै कदापि ढल्ने थिएन । अतः नीति निर्णय र क्रियान्वयनको प्रक्रियामा जनता र कार्यकर्ताहरूको सहभागिता सहकर्मीको हैसियतमा हुने अनि उनीहरूले पार्टी र सरकारका कमी कमजोरीहरूको आलोचना गर्न पनि पाइने एवं जरूरी पऱ्योभने विद्रोहसमेत गर्न पाइने वा सक्ने स्थिति सिर्जना गर्नु भनेको यस पार्टीको साहसिक काममात्रै होइन, यो विश्वव्यापी महत्वको पक्ष पनि हो ।

'जनता र कार्यकर्ताहरूलाई आलोचक र विद्रोही एवं सह-नीतिनिर्माता बनाउँदै दिनानुदिनका संघर्षहरूमार्फत् समाजवादी प्रजातन्त्र सिर्जना गर्ने प्रक्रिया अगाडि बढाउनु' यस पार्टीको विशिष्ट गुण हो । यस पार्टीको सिद्धान्त र व्यवहारअनुसार, आलोचनात्मक हुनु र वैधानिक रूपमा विद्रोह गर्नु भनेको प्रजातन्त्रमा अन्तर्निहित सहज र स्वाभाविक, अझ आदिकालिक विशेषता हो । त्यसैले यसले सरकारका नीति निर्माण र क्रियान्वयनमा व्यापक जनसहभागिता जुटाउने प्रक्रिया र संरचनालाई संस्थागत बनाउन आफ्ना जनमुखी र लोकप्रिय सरकारहरूमार्फत् प्रत्यक्ष र सहभागितामूलक प्रजातन्त्र (direct and participatory democracy) को अभ्यासलाई अझ बेसी विस्तृत र गहन पारिरहेको छ ।

प्रत्यक्ष र सहभागितामूलक प्रजातन्त्रको अभ्यासका लागि यस पार्टीले आफ्नो नियन्त्रणमा रहेका राज्य र नागरिक समाजका जागरूक संगठनहरूबीच, सरकार र सामाजिक आन्दोलनहरूबीच पूलहरू निर्माणको काम पनि गर्दैआइरहेको छ । प्रजातान्त्रिक संस्थाहरूको घनीभूत विस्तार र गहनता तथा प्रभावशालिताबारे निरन्तर रूपमा गरिने मूल्यांकनको परिणामअनुसार ती पूलहरूको पुनर्डिजाइन, पुनर्योजना र पुनर्निर्माण गरिरहनु गर्ने यसको अनुभवजन्य ज्ञान स्मरणीय छ ।



**चिन्तक पाउलो फ्रेरेद्वारा लागू गरिएको रचनात्मक क्रान्तिकारी शैक्षिक योजनाविरूद्ध उत्रने क्रममा लामो समयसम्म हड्ताल गरिरहेका शिक्षकहरूप्रति गरिएको प्रजातान्त्रिक व्यवहार धेरै हिसावले उदाहरणीय देखिन्छ**

आफ्नै सरकारविरूद्ध आलोचनात्मक मत राख्ने र विद्रोह गर्ने हदसम्मका संगठनहरू र सामाजिक आन्दोलनहरू तथा आफ्नो सरकारबीच पनि पूल बनाउने यस पार्टीको यो अवधारणा पनि समाजवादी शासनका असफलताहरूलाई चिर्नका लागि पक्कै पनि उपयोगी हुन सक्छ ।

## ब्राजिलको समाजवादको झलक

पहिले विश्वका विभिन्न देशहरूमा गरिएका समाजवादी शासनका प्रयोगहरूबाट पाठ सिकेर यस पार्टीले ब्राजिलमा लागू गर्न खोजिरहेको समाजवादको प्रकृति मूलतः ब्राजिलीयन चरित्रकै बनाइएको छ । यस पार्टीको दस्तावेजअनुसार, त्यहाँको ऐतिहासिक र वस्तुगत परिस्थिति-अनुरूपको समाजवादको मूल चरित्र अहिले विद्यमान आर्थिक र सामाजिक अन्याय र उत्पीडनलाई जरैदेखि उल्ट्याउनु हुनेछ । विभिन्न सामाजिक आन्दोलन र वर्ग-संघर्षका अनुभवहरूलाई संगेटेर, तिनै आन्दोलनहरूका उतार-चढाव सँगसँगै निर्माण गरिएको समाजवादको खाकाको एक झलक यस्तो छ :

■ क्रान्तिकारी भूमिसुधार गर्नु, ■ आम्दानी र

सम्पत्तिको पुनर्वितरण गर्नु, ■ शहरी क्षेत्रमा भूमि र घरबारको प्रत्याभूति दिनु, ■ महिला कामदारहरूलाई रोजगारीको व्यवस्था गर्नु, ■ जात, जाति र नश्लको असमानता अन्त्य गर्न संघर्ष गर्नु, ■ सार्वजनिक शिक्षा र स्वास्थ्यमा न्याय र समता स्थापित गर्नु, ■ बालश्रमिकहरूलाई संरक्षण प्रदान गर्नु, ■ परित्यक्त बालबालिकाहरूलाई संरक्षण प्रदान गर्नु, ■ राष्ट्रको सार्वभौमसत्ताको रक्षाका लागि बहुराष्ट्रिय कम्पनीहरूलाई नियन्त्रित र नियमित गर्नु, ■ कलकारखानाहरूमाथि श्रमिकहरूको नियन्त्रण कायम गर्न फ्याक्टरी कमिटीहरूमार्फत् त्यहाँको अवस्था र श्रमिकहरूको जीवनस्तरमा सुधार गर्नु नाफाको समुचित बाँडफाँड गर्नु र सहव्यवस्थापन (comanagement) लागू गर्नु, ■ राष्ट्रिय सार्वभौमसत्ताको रक्षाका लागि देशलाई जर्जर पारिहेको वैदेशिक ऋण भुक्तानी रोक्का गरी तत्कालै लेखा परीक्षण गर्नु, ■ र, तेस्रो विश्वका राष्ट्रहरूबीच सक्रिय परराष्ट्र नीति अँगाल्नु ।

## सत्तासीनहरूको विचलन रोक्ने अभियान

ब्राजिलमा दिनानुदिनको संघर्षमार्फत् दीर्घकालमा गरीखाने तमाम जनताको समाजवादको निर्माण गर्ने ध्येयका साथ सत्ताभित्र र बाहिर आन्दोलनरत छ यो पार्टी । त्यहाँका जनताको ऐतिहासिक संघर्षभित्र जरा जरासम्म जोडिएको र सामाजिक आन्दोलनका लक्ष्य र मागहरूसँग द्वन्द्वात्मक सम्बन्ध भएको प्रजातान्त्रिक ढंगको समाजवाद सिर्जना गर्नु भनेको त्यति सुगम र सहज कदापि हुनसक्दैन । तर प्रत्यक्ष सहभागितामूलक प्रजातन्त्रको अभ्यासमार्फत् जनसशक्तीकरण, विशेषतः गरीखाने वर्गको सशक्तीकरणको मजबूत प्रक्रिया र अटूट प्रयासले यस पार्टी र नेताहरूलाई पथविचलनबाट बचाउन धेरै मद्दत हुनेछ । स्मरणीय छ, पथविचलनको जटिल र भयावह समस्याबाट जोगाउन अरू दुईवटा महत्वपूर्ण पक्षहरू पनि यस प्रत्यक्ष सहभागितामूलक प्रजातन्त्रको अभ्याससँगै समाहित गर्ने प्रयास भइरहेको छ ।


त्यसको पहिलो पक्ष हो- राजनीतिक र आर्थिक जीवनको प्रजातान्त्रीकरणको निरन्तर अभियान । यस अभियानअन्तर्गत राज्यसत्ता कब्जा भएपछि केवल उत्पादनको वितरणमात्रै गरिने छैन, बरू सम्पूर्ण राजनीतिक, सामाजिक र आर्थिक शक्तिको पुनर्वितरण गरिनेछ । र घरपरिवार, कलकारखाना, कार्यालय, समाज र सिंगो राष्ट्रमा नीति निर्णय र क्रियान्वयनको क्षेत्रमा सशक्तीकृत जनताको शासन चल्नेछ ।

दोस्रो पक्ष हो- सत्ताशक्ति हात लागेपछि उत्पीडित वर्गका नेताहरूमा शासक वा सहशासक बन्ने प्रवृत्ति बनमारा झारझैं झ्याँगिने संभावनामाथि अंकुश लगाउने खालको संरचना र संस्कृतिको सिर्जना गर्ने अभियान ।

यस पार्टीका प्रख्यात चिन्तक पाउलो फ्रेरेले यस सवालमा आफ्नो चर्चित पुस्तक (Pedagogy of Oppressed) 'उत्पीडितहरूको शिक्षा'मा विस्तृत व्याख्या गर्ने क्रममा जबर्जस्त ढंगले चेतावनी दिएका छन्- मनमस्तिष्कमा शासक र शासितको द्वैध मानसिकता बोकेर आन्दोलित भइरहने उत्पीडित वर्गका नेता-कार्यकर्ताहरूमा क्रान्ति या परिवर्तनको क्रममा सत्ताशक्ति हात लागेपछि शासक वा सहशासक बन्ने संभावना प्रबल छ । उनीहरूले उत्पीडित र उत्पीडकको प्रभुत्वपूर्ण सम्बन्धलाई पुनःउत्पादन गर्ने र त्यस सम्बन्धलाई नयाँ ढंगले विस्तार गर्ने संभावना पनि प्रचुर मात्रामा छ, उनीहरू नयाँ खालका तानाशाह हुने संभावना पनि त्यत्तिकै छ । अतः त्यस्तो मानसिकता र प्रवृत्तिमाथि अंकुश लगाउने खालको संरचना र संस्कृतिको सिर्जना गर्ने अभियान चलाउनु पर्छ ।

स्थानीय सरकारहरूमा गएका नेता-कार्यकर्ताहरूमा विभिन्न मार्गबाट अनेकौं रूपधारण गरी शासक वा उत्पीडक वर्गीय मानसिकता र प्रवृत्ति देखिएको सन्दर्भमा यस पार्टीले नयाँ संरचना र संस्कृति सिर्जना गर्न थालेको देखिन्छ । उत्पीडित वर्गका नेता-कार्यकर्ताहरूलाई पनि सत्ताशक्तिको प्रभाववश शासक वा उत्पीडक बन्न नदिन सत्ता र सत्तासीनहरूलाई जनताको पाउमुनि राखिछाड्न सक्ने नागरिक समाज र सशक्त जनसंगठनहरू निर्माण गरिराख्नु पर्छ । चुनावमा मतदान गरेपछि आफ्नो दायित्व समाप्त भएको ठान्ने नागरिक र नागरिक संगठनहरूको सट्टा सत्ता र सत्तासीनहरूमाथि निरन्तर निगरानी गरिरहने, सन्देह र आलोचनात्मक दृष्टिकोणका साथ विश्लेषण र संश्लेषण गरिरहने तथा ऐनमौकामा सशक्त हस्तक्षेप गर्नसक्ने नागरिकहरू र सामाजिक आन्दोलनहरूको निर्माणमा यो पार्टी क्रियाशील देखिन्छ ।





*वैकल्पिक समाजको सपना बुन्नका लागि तयार गरिएको विश्वव्यापी अभियान- साओ पाउलो फोरममा लुला, भाकपा (मा)का नेता सीताराम येचुरीसँग*

## जनवर्गीय संगठनविनाको पार्टी र चुनौती

यो पार्टीको कुनै जनवर्गीय संगठन छैन, महिला, मजदूर वा विद्यार्थी विभागहरू पनि छैनन् । न त यसले कुनै वर्गीय संगठनहरू, नागरिक समाजहरू र सामाजिक आन्दोलनहरूलाई आफूमा समाहित गर्ने वा निल्ने नै गर्छ । सबै जनसंगठनहरूलाई स्वायत्त र स्वतन्त्र ढंगले विकसित गर्न दिने, उनीहरूमा सिर्जनशीलता र आलोचनात्मकता फलाउने-फूलाउने र उनीहरूमा सकेसम्म बेसी निगरानी र सजगताको क्षमता अभिवृद्धि गर्ने यस पार्टीको नीति सबैजसो कम्युनिष्ट र वामपन्थी पार्टीहरूका लागि शिक्षाप्रद हुन सक्छ ।

यो हदसम्मको शिक्षाप्रद अनुभव हासिल गरिरहेको यस पार्टीका आफ्ना अध्यक्ष लुला सरकारको सर्वोच्च पद अर्थात् राष्ट्रपति पदमा निर्वाचित भएपछि यसको नयाँ आन्दोलनले नयाँ रूप र आयाम पाउने आशा लिइएको छ । यतिखेर हेक्का राख्नुपर्ने कुरा के हो भने, यो विजय राज्यसत्तामाथिको जित होइन, राज्यसत्ताको एउटा अंग- सरकारमाथिको विजय हो । यो अभूतपूर्व विजयले समाजवादको दशा र दिशामा सुधार ल्याउन के कति मद्दत गर्ने हो- सबैको प्रतिक्षाको विषय भइरहेको छ । ❑ ***समाप्त***

*सन्दर्भ ग्रन्थहरु :*

■Class, State and Struggle in Nepal by Stephen Lawrence Mikesell, Monohar, New Delhi, India, 1999. ■Building Democratic Socialism: The Partido do Trabalhadores in Brazil by Maria Helena Moreira Alves, Monthly Review, New York, USA, Vol-42, No-4, Sept. 1990. ■The Workers Party of Brazil: Building Struggle from the Grassroots, by Maria Helena M. Alves, The Future of Socialism, Monthly Review Press, New York, USA, 1990. ■The Workers Party and Democratization in Brazil, by Morgaret Keck, New Haven and London, Yale University Press, 1992. ■The left and Local Government: The Porto Alegre Experience in Brazil, Interview with Raul Pount, Links, Australia. ■Workers Party of Brazil: Participator Democracy; Problems and Prospects, Interview with Roberto Mader, Iran Bulletin, No 5, (II) Spring, London, UK 1994. ■Pedagogy of the Oppressed by Paulo Freire, Penguin Books, UK, 1990 ■Che Guevara, Paulo Freire and the Pedagogy of Revolution by Peter Mclaren, Rowman and Little field Publishers, inc., New York, USA 2000. ■Brazil's New Era by Walden Bello, Frontline, Nov. 22, 2002. ■What Lula's Election Portends for Brazil by Gloria La Riva, Workers World, Vol. 44, NO.44, New York, USA, 2002. ■New Internationalist, ■Third world Resurgence ■Peoples' Democracy ■The Economist ■New Left Review का विभिन्न अंकहरु ■ PTB, MST, ZNET का वेभसाइटहरु ।

■ *धन्यवाद : The Future of Socialism / Links का सामग्रीहरु उपलब्ध गराई सहयोग गर्नु हुने मित्र उमेश उपाध्याय लाई ।*

# पचास वर्ष पुगेको प्रगतिशील लेखक संघ

**प्रगतिशील** लेखक संघले स्थापनाको ५० वर्ष पूरा गरेको वर्ष २०५९ सालमा यसको छैठौं सम्मेलन हुँदैछ । आगामी फागुन २४ र २५ गते काठमाण्डौमा हुन लागेको यो सम्मेलनको तयारीमा प्रलेसको केन्द्रीय नेतृत्व जुटेको छ । सोअन्तर्गत गठित्त भएर व्यवस्थापन उप-समिति, आर्थिक उप-समिति, विधान संशोधन प्रस्ताव तयारी उप-समिति, सदस्यता वितरण र नवीकरण उप-समिति र प्रचार-प्रसार उपसमिति क्रियाशील छन् । यी विभिन्न उप-समितिअन्तर्गत करिव पौने दुई सय व्यक्तित्वहरू समावेश छन् ।

प्रलेसको यो राष्ट्रिय सम्मेलनका सन्दर्भमा यसको इतिहासको मूल्यांकन र भावी यात्राको सम्भाव्यताबारे सामान्य जिज्ञाशा हुनु स्वाभाविक नै छ । यसले आजसम्म गरेको के हो र अब गर्ने के हो भन्ने प्रष्टतासहित नेतृत्व चयन गरेर जान सकेमा मात्र अग्रगामिताको सम्भावना रहन्छ । प्रलेस वैचारिक हिसावले कम्युनिष्ट आन्दोलनसित नजिक रहेको कुरामा कसैलाई द्विविधा छैन । स्थापनाकालदेखि नेपालमा एउटामात्र कम्युनिष्ट पार्टी रहँदासम्म यसको नेतृत्व र लक्ष्य यात्रामा धेरै अलमल नरहनु



प्रलेसका वर्तमान अध्यक्ष निनु चापागाईं



वर्तमान महासचिव जीवेन्द्रदेव गिरी

स्वाभाविक थियो । बीचको एउटा कालखण्ड मृतप्रायः रहेर पुनर्जागृत भएपछिको अवस्थाबाट हालसम्म नै धेरै भङ्गालामा विभाजित कम्युनिष्ट पार्टीहरूको सन्तुलन बिन्दुमा उभिएर हिंड्नु पर्ने बाध्यता पनि छ यसलाई । यतिमात्रै होइन, कम्युनिष्ट पार्टी विभाजन र फेरि विभाजनको घटनाले आजित भएर यो वा त्यो नामको पार्टीमा नबसेका तर प्रगतिशील चिन्तन र चरित्रमा आस्थावान रहेर सिर्जनारत प्रतिभासम्पन्न स्रष्टाहरू पनि प्रशस्तै छन् । उनीहरूलाई पनि समेट्न सक्नु पर्ने दायित्व छ यसका काँधमा ।

गणितमा एउटा विधि छ 'महत्तम' भन्ने । हो, यही महत्तमको विधिबाट हुनुपर्छ नेतृत्व चयन । प्रगतिशील साहित्य यात्रामा कुनै पनि प्रवृत्ति प्रलेसबाट बाहिर नपरून् ।

प्रगतिशीलता मोटामोटी दिशा हो । त्यसभित्र असंख्य प्रवृत्तिहरू हुनु स्वाभाविक छ । साँच्चै युग हाँक्ने हो भने, साँच्चै नेतृत्व गर्ने हो भने समग्र प्रगतिशील चरित्रलाई एक ठाउँमा बस्ने वातावरण बनाउनै पर्छ । राजनीतिमा हुर्किएको एउटा नकारात्मक पाटोबाट प्रलेसलाई मुक्त पार्ने संकल्प हुन सकेन भने प्रलेसले आफ्नो गरिमा आफैंले बोक्दैन । अलिकति विमति हुने बित्तिकै साधुलाई चोर भन्ने र मन मिल्ने बित्तिकै साधु भन्ने प्रवृत्ति घोर घातक छ ।

विश्वास भन्ने चीज मन लाग्दा जन्माउने, मन नलाग्दा मार्ने र फेरि जन्माउने गर्न दुसाध्य हुन्छ । समग्र अध्ययन नगरिकन, कुनै पूर्वाग्रहको आधारमा मूल्यांकन गर्ने र स्वार्थअनुकूल छिनछिनमा अस्वाभाविक ढंगले भाखा बदल्दै जाने हो भने विश्वासको कसीमा खरो उत्रन गाह्रो पर्छ । साँच्चै गम्भीर, साँच्चै जिम्मेवार अनि आवश्यक मात्रामा सहिष्णुता र विवेक राख्न सक्ने व्यक्तिहरूको टिमलाई नेतृत्वमा चयन गर्ने हो भने प्रलेसले आफू चल्नेमात्र होइन, विभाजित प्रगतिवादी खेमाहरूलाई कतिपय मामलामा धेरै नजिक पुऱ्याउन पनि सक्छ । संकीर्णताले युग हाँकिदैन भन्ने कुरामा हामी प्रष्ट हुन जरूरी छ ।

संकीर्ण नहुने नाममा जो पनि प्रगतिशील र जे पनि प्रगतिशील हुने परिपाटी पनि एकदम विचारणीय छ । प्रगतिशीलताका भेदकहरू राम्ररी पहिचान गर्ने, प्रशस्त मात्रामा अर्ध-औपचारिक शैलीमा बहस गराई निष्कर्षलाई व्यवहारमा उतार्दै नजाने हो भने कुनै दिन सामन्तीतन्त्रका स्तुति गायक नै प्रलेसको सबभन्दा ठूलो नेता भएर निस्कन पनि बेर छैन ।

प्रलेसको आजसम्मको इतिहास विशिष्ट सिर्जनाको हिसावले भन्दा पनि प्रगतिशील साहित्यिकहरूको एकताको प्रतीकको हिसावले महत्वपूर्ण हो । यसलाई स्थापना गर्दै, आवश्यक नेतृत्व दिँदै यहाँसम्म ल्याइपुऱ्याएका सबै व्यक्तित्वहरू अवश्य धन्यवादका पात्र छन् । प्रलेस फराकिलो संयुक्त मोर्चा भएकोले यसबाट धेरै आशाहरू गर्न नसकिए पनि आम-वैचारिक क्षेत्रमा विचार र सिर्जनाको पहरेदारी गर्ने काममा यो निरन्तर अगाडि बढ्ला भन्ने अपेक्षा राख्न सकिन्छ । यतिखेर विचार र सिर्जनाको क्षेत्रमा पहरेदारी गर्ने सबभन्दा बलवान हतियार हुनसक्छ- प्रगतिशील साहित्यको वृहद् समालोचनात्मक इतिहास लेखन । यो लेखनले स्थापित भैसकेको र स्थापित हुने क्रममा रहेका विभिन्न व्यक्ति र कृतिको व्यापक अध्ययन र मूल्यांकन गर्न सक्छ । यसतर्फ प्रलेसंघको पहल हुनु जरूरी छ । हामीसित प्रतिभासम्पन्न असंख्य व्यक्तित्वहरू छन् । उनीहरू धेरैभन्दा धेरै सहज रूपमा परिचालित हुने वातावरण तयार पार्न सक्ने हो भने यो काम सहजै हुनसक्छ ।

प्रलेसंघले यो सम्मेलनलाई एकदमै लोकतान्त्रिक ढंगले संचालन गरोस्, यसको ध्यान नेतृत्वको जोगाडमा मात्र सीमित नभई यसले सिर्जनालाई प्रत्यक्ष रूपले प्रोत्साहित र पैरित गर्ने कार्यक्रम तय गरोस् भन्ने कामना गर्नु यतिखेर सान्दर्भिक नै होला ।

❑ मित्रलाल पंगेनी



*पुरस्कार वितरण गर्दै सभामुख तारानाथ रानाभाट*

# पुरस्कृत टिस्टा सेटलभाड

तेस्रो प्रकाश काफ्ले अन्तर्राष्ट्रिय ऐक्यवद्धता पुरस्कार २००२ पाउने भारतीय पत्रकार एवं मानवअधिकारकर्मी टिष्टा सेटलभाड नेपालको वर्तमान समस्या वार्ता र सहमतिको आधारमा हल गर्न तुरुन्तै सम्बद्ध पक्षहरु सक्रिय बनून् भन्ने चाहन्छिन् । सो पुरस्कार ग्रहण गर्न काठमाण्डौ आएका बेला 'मूल्यांकन' सँगको एक भेटमा उनले भनिन्- "श्रीलंकामा पन्ध वर्ष समय खेर गयो, हजारौं मानिसहरु मरे, बल्ल अहिले आएर त्यहाँ समाधानको खोजी हुँदैछ । नेपालले त्यसबाट पाठ सिकेर समय र मानिसहरुको थप बर्वादी नबेहोर्दै समाधान खोजोस् भन्ने म चाहन्छु । माओवादी, दरवार र संसदीय पार्टीहरु सबै बसेर यो काम हुनु जरुरी छ ।"

नेपालको एक सक्रिय मानव अधिकारवादी संस्था 'अन्तर्राष्ट्रिय ऐक्यवद्धता समूह' (ग्रिन्सो) र स्व. प्रकाश काफ्लेको सम्झनामा खडा भएको प्रकाश काफ्ले स्मृति प्रतिष्ठानले स्थापना गरेको दुई हजार अमेरिकी डलर बराबरको सो पुरस्कार यसअघि भुटानका मानव अधिकारवादी नेता टेकनाथ रिजाल र श्रीलंकाका मानव अधिकारकर्मी डा. निलम निरुचेलभम्ले पाउनुभएको थियो ।

मूलतः विधिको शासन कृयान्वयन विषयमा महत्वपूर्ण लेखन योगदान गर्नु भएकी टिष्टा सेटलभाडले भारतमा पनि उत्कृष्ट पत्रकारिता पुरस्कार र दलित मुक्ति शिक्षा कोषको मानव अधिकार पुरस्कार प्राप्त गरेकी छिन् । नेपाल बसाइको क्रममा पोखरा क्षेत्रको भ्रमण सकेर काठमाण्डौ फर्केपछि उनले बताइन् - "नेपालमा मानव अधिकारको स्थिति एकदमै नाजुक भएको छ । यस्तै स्थिति भारतलगायत दक्षिण एशियाका प्रायः सबै मुलुकहरुको छ । ५०-६० वर्षअगाडि स्वतन्त्र भएपछिका वा प्रजातन्त्र आएपछिका यी देशहरुका कुलीन शासकहरुले जनतालाई बाँच्ने स्वतन्त्रता दिएनन् ।"

माओवादीहरुको अतिवादी बाटो उपयुक्त बाटो हैन भन्ने कुरा विश्वका विभिन्न देशहरुमा विगतमा पुष्टि भैसकेको छ, तर पनि नेपाली जनताका आधारभूत आवश्यकता पूरा गर्न विगत शासकहरुले नसकेको प्रतिक्रियामा नेपालमा माओवादी विद्रोह जन्मेकोमा शंका छैन । तर यस्तो विद्रोहको निहुँमा राज्यले सैनिकीकरणलाई ज्यादा जोड दिनु अर्को खराब कुरा हो । सैनिकीकरणले यस्तो समस्याको हल दिँदैन भन्ने कुरा भारतका धेरै घटनाहरुले पाठ सिकाएका छन् ।

समग्र एशिया क्षेत्रमै अमेरिकाले विशेष चासो राखी खुला दवाव र हस्तक्षेपहरु गर्दै आएको आजको स्थितिप्रति गम्भीर हुँदै सेटलभाड भन्छिन्- "पैसा, बल र राजनीति तिनैवटा माध्यमबाट अमेरिकाले यस क्षेत्रका दक्षिणपन्थी तत्वहरुलाई बढावा दिइरहेको छ । यसले अन्ततः मानव अधिकारको स्थितिलाई अरु नाजुक बनाउने निश्चित छ ।" ❑



- नारायण ढकाल

# एमालेको सातौं महाधिवेशन र चुनौतीहरू

नेपालको संसदीयधाराको ठूलो राजनीतिक समूह नेकपा एमालेको सातौं महाधिवेशन आगामी माघ १८ गतेदेखि जनकपुरमा सम्पन्न हुँदैछ । अहिले त्यसैका निम्ति प्राविधिक र संगठनात्मक तयारी पनि जोडतोडका साथ अगाडि बढिरहेको छ । पार्टी महाधिवेशनमा 'अफिसियल' रूपमा प्रस्तुत हुने महासचिवको राजनीतिक प्रतिवेदन पनि तयार भइसकेको छ र त्यसमा असहमत हुने पक्षले आफ्नो फरक दृष्टिकोण पनि प्रकाशित गरिसकेको छ । यी सबै ढाँचाकाँचा हेर्दा आगामी महाधिवेशनको स्वरूप कस्तो होला भन्ने विषयमा अहिलेबाटै केही पूर्वानुमानहरू गर्न सकिन्छ ।

गत असोज १८ को शाही घोषणापछि आन्दोलनको दिशामा अग्रसर भएको एमाले हठात यो दिशातिर जानुलाई राजनीतिक विश्लेषकहरूले भिन्न भिन्न कोणबाट विश्लेषण गर्ने प्रयत्न गरेका छन् । कतिपयले महाधिवेशनतिर जाने निर्णयलाई आन्दोलनबाट तर्किएको रूपमा पनि हेरेका छन् । तर एमालेभित्र यस विषयलाई लिएर कुनै मतभेद देखिएको छैन । त्यहाँभित्र मतभेदका बूँदाहरू चाहिँ अरू नै छन् । तर पनि २०४६ मा प्रजातन्त्रको स्थापनापछिका दुईवटा महाधिवेशनभन्दा केही अलग्ग तरिकाले आएको छ, यो महाधिवेशन । पहिलेका दुई महाधिवेशनमा कार्यक्रम, विचार र छलफलको अवधि अहिलेको भन्दा अपेक्षाकृत लामो रहेको थियो । टुँडिखेलको आमसभाबाट आन्दोलनको घोषणा गर्ने विचार सार्वजनिक भएको तर त्यो सभाबाट आन्दोलनको कुनै कार्यक्रम नआएकोले साँच्चै एमाले आन्दोलनबाट तर्केर मेलमिलापकै नीतिमा अड्किएको पो हो कि भन्ने शंकाहरू उत्पन्न हुनु स्वाभाविक भएको छ ।

एमालेले आफू महाधिवेशनमा जानु पर्ने तर्कलाई वैधानिक प्रावधानको कुरा अघि सारेर तुष्टि लिएको देखिन्छ । किनकि माघको सोही मितिमा महाधिवेशन नगरे पार्टीको वैधानिकताको प्रश्न मुखर हुन सक्छ भन्ने दलिल देखिन्छ नेतृत्व तहको । जेहोस् अब यो वामपन्थी समूह सबै कुरा छोडेर महाधिवेशनमा होम्मिइसकेको हुँदा यसमा गरिने अतिरिक्त टिप्पणीको कुनै अर्थ निक्लन सक्दैन ।


**नेकपा एमाले अहिलेसम्म पनि मुलुकको सर्वाधिक प्रभावशाली वामपन्थी राजनीतिक समूह हो । तर यसभित्र हुर्किंदै गएका गैरवामपन्थी, समन्वयवादी र अवसरवादी रूझानहरूले यसको सबल भविष्यका अगाडि धेरै यक्ष प्रश्नहरू उभ्याएका छन् ।**

पार्टीभित्र अहिले देखिएको बहस र विमर्शका अवस्था हेर्दा सातौं महाधिवेशन विद्यमान राजनीतिक चुनौती र मुद्दाहरूको निम्ति गम्भीर थलो बन्न सक्ला भन्ने अनुमान गर्न कठिन पर्दछ । किनकि विश्वकम्युनिष्ट आन्दोलनमा उत्पन्न भएको सैद्धान्तिक, संगठनात्मक र संघर्षको क्षेत्रमा प्रकट भएको विखराब, शिथिलता र विखण्डनमाथि हस्तक्षेप गर्ने खासै उत्सुकता देखिएको छैन त्यहाँ अहिलेसम्म । पाँचौं महाधिवेशनले कोरेको बहुदलीय जनवादको वस्तुनिष्ठ परिष्कार र कार्यान्वयनको सवालमा पनि अहिलेसम्म तटस्थ नै देखिनु तथा पार्टीभित्र संगठनात्मक संरचनाको सवालमा मात्र दुई कोणबाट 'हुन्छ' र 'हुन्न' भन्ने जस्ता जुहारीले गर्दा जनकपुर भेटघाटलाई असैद्धान्तिक द्वन्द र मेलमिलापको थलोमात्र बनाउने हो कि भन्ने संभावनाहरू घना हुन थालेका छन् ।


नेकपा एमाले अहिलेसम्म पनि मुलुकको सर्वाधिक प्रभावशाली वामपन्थी राजनीतिक समूह हो । तर यसभित्र हुर्किंदै गएका गैरवामपन्थी, समन्वयवादी र अवसरवादी रूझानहरूले यसको सबल भविष्यका अगाडि धेरै यक्ष प्रश्नहरू उभ्याएका छन् । नेपालको उग्रवामपन्थी राजनीतिक समूह माओवादीको विकास र विस्तारमा यो समूहका कतिपय सैद्धान्तिक-राजनीतिक पलायनले ठूलो भरथेग पुऱ्याएका छन् । राजनीतिसहित सत्तामा पुग्ने आकांक्षा स्वाभाविक हो, तर राजनीतिबेगर सत्तामा पुग्ने अन्धो दौड सच्चा वामपन्थी शब्दकोषमा नअटाउने र नसुहाउने विषय हो । त्यो कुरा विगतमा राप्रपासित गठबन्धन गरेको समयमा स्पष्ट रूपले मुखरित भएको दृष्टान्त हो । नेपाली समाजका आर्थिक, राजनीतिक र सांस्कृतिक अवरोधहरूलाई पन्छाउने सही वामपन्थी दृष्टिकोणको अभावले गर्दा त्यो सरकार आफ्ना नेताहरूलाई मन्त्रिपदको जागिर दिने अवसरभन्दा बढी हुन सकेन ।

नेकपा एमालेका निम्ति अहिले सामना गर्नुपर्ने थुप्रै चुनौतीहरू छन् । पहिलो, त्यसले संसदीय धारामा आफ्नो उपस्थितिलाई नेपाली कांग्रेसको यथास्थितिवादी दृष्टिकोणभन्दा सर्वथा फरक र मौलिक रूपमा चिनाउनुपर्ने स्थिति उत्पन्न भएको छ । कांग्रेस र एमालेमा के फरक छ त भन्ने बौद्धिक प्रश्नले टाउको उठाउन थालेको पनि निक्कै समय भइसकेको छ । दोस्रो, त्यसले उग्रवामपन्थी अराजकतावादी रूझानतिर आकर्षित युवा पुस्तालाई आफ्ना अग्रगामी र जनमुखी कार्यसूचीद्वारा हस्तक्षेप गर्न अत्यन्त हतार गर्नुपर्ने भइसकेको छ । किनकि एमालेको व्यवहारसित विकर्षित भएर विस्तार भएको त्यो आन्दोलनको पनि कुनै राजनीतिक भविष्य छैन । त्यो जे छ, एकदमै अमूर्त र अस्पष्ट छ । तेस्रो, असोज १८ गतेपछि मुलुकमा प्रतिगमनको नयाँ अध्याय आरम्भ भइसकेको छ र त्यो अध्यायलाई समाप्त गर्न राष्ट्रिय मेलमिलापको कार्यक्रमबाट असंभव छ । चौथो, आफूभित्रको व्यावहारिक एवं सैद्धान्तिक अशुद्धिविरूद्ध पार्टीभित्र सर्वाङ्गीण पुनरसंरचना गर्नुपर्ने कार्यभारहरू छन् । तर यी कुनै पक्षमा पनि त्यहाँ प्रस्तुत दुई मतहरू गम्भीर हुनसकेका छैनन् । तसर्थ मुलभूत रूपमा यिनै कार्यसूचीहरूमा गम्भीर हुन सकेको खण्डमा मात्र सातौं महाधिवेशनको राजनीतिक र ऐतिहासिक महत्व रहनेछ । अन्यथा, त्यो आसन्न अवसर बिरालो बाँधेर श्राद्ध गर्ने सनातन चाडपर्वभन्दा बढी ठहर्ने छैन । □


## नेतृत्वको प्रतिस्पर्धामा एमाले नेताहरू



खड्गप्रसाद ओली



माधवकुमार नेपाल



बामदेव गौतम

## वार्ता र हतियार

अहिले अग्रगामी निकास र तीव्रगामी परिवर्तनका लागि वार्ता आवश्यकमात्र होइन, अति आवश्यक छ । तर सरकार वार्ताको ढोका खुलै छ भन्दै हिंसा त्याग्न सक्दैन । ढोकाका दुवैतिर बन्दूकेहरू राखेर र विद्रोहीलाई चाहिँ हतियार बिसाएर 'वार्ताका लागि आह्वान' गरेर हुन्छ ? वार्ता भनेको दुवै पक्षबाट हतियार बिसाएर सकारात्मक निकासका लागि गरिन्छ ।

*मूल्यांकन* मासिकको संस्कृति विशेषले यसमा गहनता थपेको जस्तो लाग्छ र साहित्यिक सामग्रीले झनै सुनमा सुगन्ध थपेको छ । श्याम श्रेष्ठको विचार वास्तवमा एकदमै सही छ, जसमा म सहमत छु ।

**- बन्धु विक्रम 'विजात'**

*शहरे- ५, दोलखा, हाल : विराटनगर ।*

## सान्दर्भिक बहस

'विगत १२ वर्षमा कहाँ भयो गल्ती ?' भन्ने अत्यन्तै समसामयिक र महत्वपूर्ण विषयमा *मूल्यांकन*को १०० औं अंकमा चारजना बौद्धिक व्यक्तित्वहरू प्रा. कृष्ण खनाल, कृष्ण हाछेंथु, डा. पिताम्बर शर्मा र डा. महेश मास्केका बीच सम्पन्न भएको प्रत्यक्ष विचार अन्तरक्रियाको रिपोर्ट पढ्न पाउदा यो मुलुक आज जर्जर र धराशायी अवस्थामा पुग्नुको वस्तुगत अवस्थाबारे जानकारी प्राप्त भयो । यस १०१ अंकमा उक्त विचार र अन्तर्क्रियामाथि थप तीनजना बौद्धिक व्यक्तित्वहरू दीपक ग्यवाली, साहित्यकार खगेन्द्र संग्रौला र नरहरि आचार्यको गहन टिप्पणीसमेत पढ्न पाउँदा यो विषयमा व्यक्त विचारबारे अझ प्रष्ट ज्ञान प्राप्त भयो । यो बहस अत्यन्तै सान्दर्भिक र उपयोगी छ ।

**- लोकराज निरौला**

*धरान-१४, विजयपुर ।*

## जनता उत्तर मागिरहेका छन्

मूल्यांकन पूर्णाङ्क १०३ मा 'शैक्षिक सन्त्रास', 'बुद्ध दर्शनमा द्वन्दवाद र भौतिकवाद', श्रीलंकामा गृहयुद्ध प्रारम्भसम्बन्धी लेख, कविताहरू र नरहरि आचार्यको बहस र माधवकुमार नेपालको अन्तर्क्रिया अति नै पठनीय सामग्रीहरू पाइए ।

शान्ति स्थापना गर्ने मुख्य लक्ष्य लिएको चन्द सरकारले देशमा विद्यमान विकृति-विसंगति निर्मूल पार्न दत्तचित्त भएर नलागिकन किन कानमा तेल हालेर बसेको हो ? 'मूल्यांकन'सहित नेपाली जनता उत्तर मागिरहेका छन् ।

**- ललादन्न आचार्य**

*तपेश्वरी-१, गल्फडिया, उदयपुर ।*

## एमाले र मूल्यांकन

एमालेको अवसरवाद र सत्तामोहको भण्डाफोर गरेकोमा एमाले महासचिव माधवकुमार नेपालद्वारा 'मूल्यांकन'को जोडदार विरोध भएको रहेछ । कस्तो विडम्बना ! जुन 'मूल्यांकन'ले एमाले समेतले लगाएको संकटकालमा पनि प्रतिगमनका विरूद्ध आवाज उठाई त्यो खतराविरूद्ध सचेत गराइरह्यो, त्यही 'मूल्यांकन'लाई संकटकाल दोस्रोपटक लगाउने एमालेले प्रतिगमनकारीलाई मद्दत गरेको आरोप लगाउँछ । दक्षिणपन्थतिर एमालेको हिंडाइको पक्षमा लेखेको भए 'मूल्यांकन' एमालेद्वारा अभिनन्दित हुन्थ्यो कि ! माओवादीहरूलाई हरदम असहिष्णु भएको आरोप लगाउने एमाले स्वयं कति असहिष्णु रहेछ भन्ने कुरा एमालेले 'मूल्यांकन'लाई गरेको आलोचनाबाट प्रष्ट हुन्छ ।

**- छविलाल छविन्द्र**

*दाङ, हाल : काठमाण्डौ ।*

## संग्रौलाको प्रतिक्रिया

'मूल्यांकन' पूर्णाङ्क-१०३ ले 'ध्वस्त जुम्ला'बारेको खुल्दुली मेटाइदियो । श्याम श्रेष्ठको 'यसरी प्रारम्भ भयो श्रीलंकामा गृहयुद्ध' शीर्षकको लेख अपूरोजस्तो लाग्यो । 'मूल्यांकन'ले खगेन्द्र संग्रौलाले दिएको प्रतिक्रियात्मक सुझाव मनन गर्नुपर्ने कुरामा म पनि जोड दिन्छु ।

**- संगीत श्रोता**

*सङ्गीतपुर, बाजुङ- २, पर्वत ।*

संचार ■




# फाइन आर्टसम्बन्धी वेबसाइटको शुरुवात


चित्रकला, मूर्तिकला, हस्तकला, वास्तुकलालगायत ललितकलाका समग्र विधालाई समेट्ने गरी नेपालमै पहिलेपटक www.fineartnepal.com नामक वेभसाइटको स्थापना भएको छ ।

इन्टरनेटको माध्यमबाट नेपाली ललितकलालाई विश्वव्यापी बनाउने प्रमुख सोचका साथ यस वेभसाइटको स्थापना गरिएको कुरा यसका संयोजक युवा कलाकार सुन्दर बस्नेत बताउनुहुन्छ । उहाँका अनुसार, नासिँदै मासिँदै गइरहेको कला धरोहरहरूको संरक्षण गर्न नेपाली ललितकलाका बारेमा जनचेतना जागृत गर्ने, उचित मञ्चको अभाव तथा प्रचारप्रसार माध्यममा पहुँच नभएकै कारण ओझेलमा परेका प्रतिभावान कलाकारहरूलाई प्रकाशमा ल्याउने, प्रचारप्रसारकै अभावमा विस्मृतिको गर्भमा धकेलिन थालिएका दिवंगत कलाकारहरू तथा सांस्कृतिक धरोहरहरूका बारेमा खोजबीन गर्ने र प्रकाशमा ल्याउनेजस्ता उद्देश्यहरू यस वेभसाइटले राखेको छ । यस वेभसाइटमा सदस्य कलाकारहरूका बारेमा जानकारीमूलक लगत राखिएको छ भने यसका सदस्य कलाकारहरूले आफ्नो कृतिको बिक्रीवितरण समेत गर्न सकिने गरी अनलाइन ग्यालरीको पनि स्थापना गरिएको छ । भविष्यमा यस वेभसाइटलाई नेपाली ललितकलाका सम्बन्धमा जानकारी राख्न चाहने तथा अध्ययन अनुसन्धान गर्न खोज्ने जोसुकैका लागि समेत उपयोगी हुने गरी स्रोत केन्द्रकै रूपमा विकसित गर्दै लैजाने योजना समेत रहेको कुरा संयोजक बस्नेत बताउनुहुन्छ । वेभसाइटमा ललितकला-सम्बन्धी आधिकारिक तथा तथ्यपूर्ण सामग्रीहरू मात्र राखिने तथा यसका लागि अझै अध्ययन अनुसन्धानहरूको जरूरत पर्ने भएकोले हाल यसमा राखिएका सामग्रीहरू अपूरो रहेको र यस वेभसाइटले पूर्णता प्राप्त गर्न अझै २-३ वर्ष लाग्ने कुरा पनि उहाँले जनाउनुभएको छ ।

इतिहासकार तथा संस्कृतिविद् सत्यमोहन जोशी र वरिष्ठ कलाकार मनुजबाबु मिश्र सल्लाहाकार रहनु भएको यस वेभसाइटका अन्य सदस्यहरूमा युवा कलाकारहरू राकेशचन्द्र श्रेष्ठ, देवलाल मोक्तान, राजन पन्त, जुपिटर प्रधान, मचाराजा महर्जन, राजेन्द्र पाण्डे, डिवेश ानसिंह प्रधान र नवेन्द्र लिम्बु .हनुभएको छ । एलिसन लाइ डिजाइन-सल्लाहकार रहेको य , वेभसाइटको डिजाइन अन्तर्क्रिया प्रकाशनसँग सम्बद्ध पत्रकार चन्द्र खाकी तथा सो वेभसाइटका संयोजक सुन्दर बस्नेतले संयुक्त रूपमा गरेका हुन् ।

विगत केही महिनादेखि परीक्षणको रूपमा सार्वजनिक गरिसकिएको यस वेभसाइटको औपचारिक उद्घाटन पुस १९ गतेका दिन एक समारोहबीच गरिएको थियो । उक्त समारोहमा वरिष्ठ कलाकार शशि शाहले पानसमा बत्ती बालेर तथा नेपाल पर्यटन बोर्डका का. मु. प्रमुख टेकबहादुर डाँगीले इन्टरनेटमा www.fineartnepal.com टाइप गरेर सो साइटको उद्घाटन गर्नुभएको थियो ।

□□



FEEL THE RHYTHM
Wherever you are
TUBORG
BEER

ल.पु.जि.प्र.का द.नं. ९९/०४९/५०
म.क्षे.हु.द.नं. १२/०५०/५१

